# साहित्यकार वेदनाथ अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र
सङ्काय अन्तरगत स्नातकोत्तर तह, नेपाली विषय
द्वितीय वर्षको दशौं पत्र (५१०-१) को
प्रयोजनको लागि प्रस्तुत

## शोध पत्र

**शोधार्थी**
तारादेवी पराजुली
(अनुक्रमाङ्क : ७०/०६३)
नेपाली विभाग
दर्ता नं.: ९-२-४८-२४४५-२०००
पृथ्वीनारायण क्याम्पस, पोखरा
२०६९

# मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय पृथ्वीनारायण क्याम्पस, नेपाली विभाग स्नातकोत्तर तह द्वितीय वर्ष अनुक्रमाङ्क ७०/०६३ का छात्रा श्रीमती तारादेवी पराजुलीले दसौं पत्रको परिपूर्तिको लागि यो **“साहित्यकार वेदनाथ अधिकारीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन”** शीर्षकको शोधकार्य मेरो निर्देशनमा गर्नुभएको हो । निजले परिश्रम र लगनशीलतापूर्वक गरेको यस शोधकार्यबाट म पूर्णरुपमा सन्तुष्ट रहँदै यस शोधपत्रको मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

मिति : २०६९/१२/१३

..................................
यादवराज उपाध्याय
शोधनिर्देशक
नेपाली विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

**नेपाली विभाग**
**स्वीकृती पत्र**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा श्रीमती तारादेवी पराजुलीले दसौं पत्रको प्रयोजनको लागि यस विभागमा प्रस्तुत गर्नुभएको कवि **"साहित्यकार वेदनाथ अधिकारीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन"** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ।

मूल्याङ्कन समिति :

| | | | |
|---|---|---|---|
| १. | विभागीय प्रमुख | - | प्राध्यापक डा. रविलाल अधिकारी |
| २. | विशेषज्ञ | - | सह-प्राध्यापक रघुनाथ अधिकारी |
| ३. | शोधनिर्देशक | - | शिक्षण सहायक यादवराज उपाध्याय |

मिति : २०६९/१२/१३

# कृतज्ञताज्ञापन

प्रस्तुत "साहित्यकार वेदनाथ अधिकारीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन" शोधपत्रमा साहित्यकार अधिकारीको जीवनी व्यक्तित्व कृतिको शुक्ष्म विश्लेषण गरिएको छ । यसरी विश्लेषण गरी यस शोधपत्रको रुपरेखा तयार पार्न आदरणीय गुरु यादवराज उपाध्यायज्यूको कुशल निर्देशन प्राप्त गरेकी छु । आफ्नो विभिन्न कार्य व्यस्तताका बाबजुद पनि हरतरहले सल्लाह र सुझाव दिई अतुलनीय योगदान पुऱ्याउनुहुने शोध निर्देशक गुरुप्रति हृदयदेखि नै कृतज्ञताज्ञापन गर्न चाहन्छु ।

यस शोधपत्र तयार पार्ने क्रममा सामग्री सङ्कलन गर्न महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने शोधनायक स्वयम् र हरकदममा सहयात्री भएर साथ दिने मेरा श्रीमान् श्रीकान्त अधिकारीज्यूलाई सहृदय धन्यवाद दिन चाहन्छु । त्यस्तै यस शोधपत्रको शीर्षक छनोट गरी अत्यान्त महत्त्वपूर्ण भूमिका खेलिदिनुहुने आदरणीय गुरु विभागीय प्रमुख प्रा.डा. रविलाल अधिकारी ज्यूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्न चाहन्छु । शोधकार्यका लागि आवश्यक पर्ने पुस्तक उपलब्ध गराई सहयोग गर्ने पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालयका हरेक कर्मचारीहरुप्रति आभारी छु ।

प्रस्तुत शोधपत्र तयार पार्न हौसला प्रेरणा दिदै यहाँसम्मको मेरो अध्ययन कार्यलाई हरतरहले ल्याइपुऱ्याउन उत्साहित पार्ने मेरा आदरणीय बाबा डण्डपाणी पराजुली र आमा मुरलीदेवी पराजुलीलाई हृदयदेखि नै कृतज्ञताज्ञापन गर्न चाहन्छु । यसै क्रममा विविध सहयोग पुऱ्याउने भाइ तीर्थ पराजुली, भान्जी रजनी र छोरी इच्छा अधिकारी प्रति पनि आभारी छु । शोधपत्र तयार पार्ने क्रममा अनेक तरहले सल्लाह सुझाव दिनुहुने शिक्षक, गुरु मित्र विश्वराज अधिकारीलाई कृतज्ञताज्ञापन गर्न चाहन्छु ।

यस शोधपत्रलाई तयार पार्न कम्प्यूटर अपरेटरको भूमिका निभाउनु हुने जि.एस. कम्प्यूटर एण्ड फोटोकपी सर्भिसकी सुश्री अमृता गौतमलाई धन्यवाद दिन चाहन्छु ।

अन्तमा म यस शोपत्रको मूल्याङ्कनका लागि विनम्र अनुरोध सहित नेपाली विभाग पृथ्वीनारायण क्याम्पस समक्ष पेश गर्दछु ।

मिति : २०६९/१२/१३



**शोधार्थी**
तारादेवी पराजुली
स्नातकोत्तर तह द्वितीय वर्ष
क्रमाङ्क ७०/०६३ नेपाली विभाग
दर्ता नं. ९-२-४८-२४४५-२०००
पृथ्वीनारायण क्याम्पस पोखरा

# विषयसूची


| | पेज |
|---|---|
| मन्तव्य | |
| कृतज्ञताज्ञापन | |
| विषयसूची | |
| **परिच्छेद एक : शोध परिचय** | **१-६** |
| १.१ शोध शीर्षक | १ |
| १.२ शोध प्रयोजन | १ |
| १.३ शोध समस्या | १ |
| १.४ शोध कार्यको उद्देश्य | १ |
| १.५ पूर्वकार्यको समीक्षा | २ |
| १.६ शोधकार्यको औचित्य र महत्त्व | ५ |
| १.७ शोध-क्षेत्र र सीमा | ५ |
| १.८ सामग्री सङ्कलन विधि | ६ |
| १.९ शोधपत्रको रूपरेखा | ६ |
| **परिच्छेद दुई : साहित्यकार वेदनाथ अधिकारीको जीवनी व्यक्तित्व** | **७-३०** |
| २.१ साहित्यकार वेदनाथ अधिकारीको जीवनी व्यक्तित्व | ७ |
| २.१.१ वेदनाथ अधिकारीको जन्म र जन्मस्थान | ७ |
| २.१.२ बाल्यकाल | ७ |
| २.१.३ पुर्ख्यौली | ८ |
| २.१.४ शिक्षा-दिक्षा | ९ |
| २.१.५ व्रतबन्ध/उपनयन संकार | ११ |
| २.१.६ वेदनाथ अधिकारीको वैवाहिक जीवन | १२ |
| २.१.७ साहित्यिक अवधारणा र जीवनदर्शन | १३ |
| २.१.८ लेखनका लागि प्रेरणा र प्रभाव | १४ |
| २.१.९ लेखनको प्रारम्भ र प्रकाशनको थालनी | १६ |

२.१.१० लेखनकार्य र प्रकाशित पुस्तकाकार कृतिको विवरण १७
२.१.११ रूचि र स्वभाव १७
२.१.१२ भ्रमण १८
२.१.१३ पद, सम्मान/विभूषण १९
२.२ वेदनाथ अधिकारीको व्यक्तित्व १९
२.२.१ शारीरिक सामान्य व्यक्तित्व १९
२.२.२ साहित्यकार व्यक्तित्व २१
२.२.२.१ कवि व्यक्तित्व २३
२.२.२.२ कथाकार व्यक्तित्व २४
२.२.२.३ गजल तथा गीतकार व्यक्तित्व २४
२.२.२.४ निबन्धकार व्यक्तित्व २५
२.२.३ सामाजिक व्यक्तित्व २५
२.२.४ राजनीतिक व्यक्तित्व २६
२.२.५ कर्मकाण्डीय व्यक्तित्व २८
२.२.६ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्त सम्बन्ध २८

**परिच्छेद तीन : साहित्यकार वेदनाथ अधिकारीको साहित्यिक यात्रा ३१-४६**
३.१ साहित्यकार वेदनाथ अधिकारीको साहित्यिक यात्राको चरण विभाजन ३१
३.१.१ प्रथम चरण (२०२५-२०४२ सम्म) ३२
३.१.२ द्वितीय चरण (२०४३ -हालसम्म ) ३६

**परिच्छेद चार : वेदनाथ अधिकारीको कृतित्वको अध्ययन ४७-१०४**
४.१ पृष्ठभूमि ४७
४.२ कविताको विधागत परिचय ४७
४.३ आधुनिक युगका कविता कृतिको अध्ययन ४८
४.३.१ कृति परिचय ४८

४.३.२ संरचना ४९
४.३.३ विषयवस्तु वा भावविधान ४९
क) सामाजिक विषयवस्तुको चित्रण ४९
ख) प्रकृति चित्रण ५२
ग) स्थानीयताको सजीव चित्रण ५४
घ) राष्ट्रियता र देशभक्ति चित्रण ५५
ङ) खोज अनुसन्धान मूलक विषयवस्तु ५६
च) कर्मवादी चिन्तन ५७
४.३.४ भाषाशैली ५९
४.३.५ छन्द वा लय ५९
४.३.६ निष्कर्ष ६०
४.४ शम्शेर बहादुरको जीवनमा आधारित दु:खान्त खण्डकाव्यको अध्ययन ६१
४.४.१ परिचय ६१
४.४.२ संरचना ६२
४.४.३ कथावस्तु ६२
४.४.४ पात्र ६५
४.४.५ परिवेश ६६
४.४.६ भाषाशैली ६७
४.४.७ शीर्षक ६७
४.४.८ निष्कर्ष ६८
४.५ 'गुराँस बुट्टे पछ्यौरी' कृतिको अध्ययन ६९
४.५.१ कृति परिचय ६९
४.५.२ संरचना ७१
४.५.३ विषयवस्तु वा भावविधान ७१
४.५.३.१ राष्ट्रियता र देशभक्तिको चित्रण ७१
४.५.३.२ सामाजिक यथार्थको चित्रण ७३
४.५.३.३ प्रकृति चित्रण ७५

४.५.३.४ सांस्कृतिक वीर रसको चित्रण ७७
४.५.३.५ वैयक्तिक अनुभूति र आत्मकहानीको चित्रण ७८
४.५.४ भाषाशैली ७९
४.५.५ छन्द वा लय ८१
४.५.६ निष्कर्ष ८१
४.६ धरती काँप्दै रुन्छिन् खण्डकाव्यको अध्ययन ८२
४.६.१ परिचय ८२
४.६.२ संरचना ८३
४.६.३ कथावस्तु ८३
४.६.४ पात्र ८७
४.६.५ परिवेश ८८
४.६.६ भाषाशैली ८९
४.६.७ शीर्षक ९०
४.६.८ छन्द/लय ९०
४.६.९ विम्ब/प्रतीक र अलंकार ९१
४.६.१० निष्कर्ष ९३
४.७ सर्वेश्वरी खण्डकाव्यको अध्ययन ९४
४.७.१ परिचय ९४
४.७.२ संरचना ९५
४.७.३ कथावस्तु ९६
४.७.४ पात्र ९९
४.७.५ परिवेश १००
४.७.६ भाषाशैली १००
४.७.७ शीर्षक १०१
४.७.८ छन्द/लय १०२
४.७.९ विम्ब/प्रतीक र अलङ्कार १०२
४.७.१० निष्कर्ष १०३

**अध्याय पाँच : उपसंहार तथा मूल्याङ्कन** **१०५-१११**

५.१ उपसंहार तथा मूल्याङ्कन १०५

**परिशिष्ट १. कृति सूची**

**क) सन्दर्भग्रन्थ सूची**

**ख) सन्दर्भ पत्रपत्रिका सूची**

**अनुसूची**

# परिच्छेद एक

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **साहित्यकार वेदनाथ अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोध प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्ष दशौं पत्र (५१०-१) को प्रयोजनका लागि प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.३ शोध समस्या

वि.सं. २०३२ सालमा **आधुनिक युगका कविता** नामक कविता सङ्ग्रह प्रकाशित गरेर आफ्नो साहित्यिक यात्रा प्रारम्भ गरेका वेदनाथ अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा आजसम्म खोज अनुसन्धान नभएको हुँदा अध्ययन अनुसन्धान गर्नुपर्ने देखिन्छ । यसै विषयमा खोज अनुसन्धान गर्दा निम्न समस्या देखिएका छन् :

क) साहित्यकार वेदनाथ अधिकारीको जीवनी कस्तो छ ?

ख) उनमा के-कस्ता व्यक्तित्वहरू पाइन्छन् ?

ग) उनका कृतिहरू के कति र कस्ता छन् ?

## १.४ शोध कार्यको उद्देश्य

शोध समस्यामा प्रस्तुत गरिएका समस्याहरूको निराकरण गर्नु नै यस शोध-पत्रको मूल उद्देश्य रहेको छ । त्यसैले शोध-कार्यका परिपूर्तिका रूपमा निम्न उद्देश्यलाई लक्षित गरिएको छ ।

क)	साहित्यकार वेदनाथ अधिकारीको जीवनीका बारेमा खोज अनुसन्धान गर्ने ।

ख)	उनमा पाइने बहुव्यक्तित्वको अनुसन्धान गर्ने ।

ग)	उनका कृतिहरूको अध्ययन र मूल्याङ्कन गर्ने ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको इतिहासमा अनवरत रूपमा लागिरहने कयौं साहित्यकारहरूका बारेमा खोज अनुसन्धान गर्ने परम्पराको पूर्ण रूपमा विकास अझै पनि भैसकेको पाइँदैन । त्यस्तै, साहित्यकारका रूपमा वेदनाथ अधिकारीलाई लिन सकिन्छ । करिब चार दशक अगाडिदेखि नै साहित्य सिर्जना गर्न क्रियाशील साहित्यकार वेदनाथ अधिकारीका कृतिहरूको आजसम्म पनि गहन अध्ययन, अनुसन्धान तथा मूल्याङ्कन हुन सकेको छैन साथै उनको जीवनी व्यक्तित्वको पनि खोजी भएको पाइँदैन । उनले रचना गरेका कृतिहरूका सम्बन्धमा अहिलेसम्म उनकै काव्य कृतिहरूको भूमिका लेखन र एक दुई पत्रपत्रिकामा सामान्य चर्चा गरिएको छ भने अन्य त्यस्तो व्यापक गहिरो टीकाटिप्पणी भएको पाइँदैन । उनका बारेमा भएका चर्चा परिचर्चाहरूको विवरणात्मक समीक्षा निम्नानुसार रहेका छन् :

वि.सं. २०३२ सालमा प्रकाशित **आधुनिक युगका कविता** सङ्ग्रह कविको नेपाली साहित्यमा पहिलो सौगातका रूपमा आएको कविता सङ्ग्रह हो । उक्त कविता सङ्ग्रहका बारेमा साहित्यकार मुकुन्दशरण उपाध्यायले भन्छन्- **"अध्यात्मिक शैलीबाट पनि भावनाहरू मनोरस हुँदै आधुनिकताको नयाँ शैलीमा रूपान्तरण हुन सक्छ ।"** भनेर **आधुनिक युगका कविता** कृतिको समीक्षा गरेका छन् ।

'साहित्यकार एवम् सञ्चारकर्मी यज्ञनिधि दाहालले' "वेदनाथ अधिकारी एक कुशल व्यक्तित्व हुन् । उनले रचना गरेका कृतिहरू सामाजिक यथार्थपरक घटनासँग सम्बन्धित छन् । उनी मूलतः भक्तिधारालाई आधार बनाएर गद्य र पद्य दुबै शैलीमा साहित्य सिर्जना गर्न सक्षम छन् । अधिकारीका कविता वाचन गर्दै जाँदा कवि शिरोमणी लेखनाथ पौड्याल एवम् उनकै जन्मथलोमा पुगेको आभास हुन्छ भनेका छन्" *(दाहल यज्ञनिधि साहित्य संसार रेडियो कार्यक्रम, २०५६)* ।

त्यस्तै गरी **गुराँस बुट्टे पछ्यौरी** भन्ने शीर्षक रहेको कथा कविता र गीति सङ्ग्रहमा चित्राङ्गत सिग्देलले शुभकामना स्वरूप साहित्यकार वेदनाथ अधिकारीका बारेमा अगाडि लेख्छन् "जनताको आवाज माटोको सुवास, यथार्थ सत्य साहित्य एवम् जनस्तरका मर्म र व्यथा **गुराँस बुट्टे पछ्यौरी** गीत कविता र कथा सङ्ग्रहमा स्पष्ट छन् । कवि शिरोमणी लेखनाथदेखि वेदनाथसम्म आइपुग्दा गण्डकी अञ्चलका कविहरूको सहास अति उच्च कोटीको हुँदै युगानुकूल परिवर्तन हुँदै आएको पाइन्छ । यस कास्की जिल्लामा जन्मेका कविहरू सबैका अडानहरू आ-आफ्नै मौलिक परम्परा अनुसार छन् । कसैको आड भरोसा आस नराखी आफ्नै परम्परा मौलिकता र आफ्नै शक्ति र शैलीमा कवि अधिकारीले यो तेस्रो सङ्ग्रह प्रकाशित गरेका छन् । *(सिग्देल, चित्राङ्गद 'शुभकामना'* ***गुराँसबुट्टे पछ्यौरी****)* ।

मुकुन्दशरण उपाध्यायले **गुराँस बुट्टे पछ्यौरी** गीत, कविता, कथाका विषयमा शुभेच्छा व्यक्त गर्दै अगाडि भन्छन्- "कवि वेदनाथ अधिकारी त्यही पँधेरामा पानी खाएर हुर्किएका हुन् जुन पँधेराको पानी खाएर लेखनाथ हुर्केका थिए । त्यसैले लेखनाथको केही छवि अधिकारीमा पाउन सकिन्छ । कवि दगुर्न खोज्छन् परिस्थितिका लहराहरू उनलाई जेलिदिन्छन्, कवि बोल्न खोज्छन् सामाजिक विकृतिका हत्केलाहरू उनको मुख थुन्न आइपुग्छन् तर प्रतिभा हात बाँधेर बस्न सक्दैन । 'ढुङ्गाको काप फोरेर पनि उम्रन्छ' पिपलको उक्ति चरितार्थ गर्दै रचनाहरू प्रस्फुटित हुन पुग्छन् । त्यसैको नौलो परिणति हो यो **गुराँस बुट्टे पछ्यौरी** *(उपाध्याय, मुकुन्दशरण 'शुभेच्छा'* ***गुराँस बुट्टे पछ्यौरी****)* ।

प्रा.डा.रविलाल अधिकारीले वेदनाथ अधिकारीको चौथो कृति **"धरती काँप्दै रून्छिन्"** भन्ने खण्डकाव्य र कविता सङ्ग्रहका बारेमा आफ्नो अभिव्यक्ति यसरी व्यक्त गर्दछन्- "शिक्षण पेसा अवलम्बन गरी जीवनयापन गर्ने व्यक्तिले यस किसिमको साधना गर्नु प्रशंसनीय काम हो । यस भन्दा अगाडि उहाँका **आधुनिक युगका कविता** (२०३२), **शम्शेरबहादुरको दुखान्त** खण्डकाव्य (२०३६) र **गुराँस बुट्टे पछ्यौरी** (२०४७) शीर्षकमा काव्य कविता सङ्ग्रह प्रकाशित छन् । यी दुई काव्य सङ्ग्रह भन्दा अधिकारीको यस कृतिमा कलम प्रौढ भएको पाइन्छ । वेदनाथ अधिकारीलाई कविता प्रेमी कवि, कर्मकाण्ड चलाउने गुरू र अध्यापन गर्ने सरका

हैसियतले यो नाम दिइएको हो । यसको व्यापकता विचार भावनाहरू उहाँका काव्यमा पनि छन् । उत्तर आधुनिकतावादी परिवेशमा यी भावना र विचारहरू मान्य छन् । वहाँको शैलीमा पनि संस्कृत र लोकलयको मिश्रण रहेको पाइन्छ" *(अधिकारी डा.रविलाल, 'शुभेच्छा'* ***धर्ती काँप्दै रून्छिन्****)* ।

साहित्यकार मुकुन्दशरण उपाध्यायले **धर्ती काँप्दै रून्छिन्** भन्ने कृति र कविका विषयमा आफ्नो अभिव्यक्ति यसरी प्रकट गर्छन्- "कवि श्री वेदनाथ अधिकारीले साहित्यका विविध फाँटमा कलम चलाउनु भएको र विभिन्न कृतिहरू प्रकाशित गराउनु भएको छ । कवि अधिकारी नेपाली संस्कृति र लोक प्रवाहका संवाहक कवि हुनुहुन्छ र नैसर्गिक भाषा प्रवाहमा नेपाली लोक लयका स्वर प्रसारित गर्नुहुन्छ । प्रस्तुत **धर्ती काँप्दै रून्छिन्** (२०६२) त्यस्तै शृङ्खलाको एउटा कडी हो । यस कृतिमा कवि श्री अधिकारीले सृष्टि संरचनाको औचित्य माथि गम्भीर प्रश्न उठाउनुभएको छ" *(उपाध्याय मुकुन्दशरण 'कवि र काव्य सम्बन्धमा'* ***धर्ती काँप्दै भन्छिन्****)* ।

लेखनाथ साहित्य प्रतिष्ठान नेपालका अध्यक्ष कृष्ण प्रसाद बाँस्तोलाले खुशी व्यक्त गर्दै आफ्नो दुई शब्द राख्छन् : "कवि साहित्यकार वेदनाथ अधिकारीका रचनामा शुद्ध ग्रामीण भावना पाइन्छ । मानवले आफू बाहेकका प्राणीहरू तथा प्रकृतिमाथि गरेको अतिक्रमणप्रति उहाँले खेद प्रकट गर्नुहुन्छ । भक्तिधारालाई अवलम्बन गरी आफ्नो अलग्गै पहिचान बनाउन कवि अधिकारी अगाडि बढ्नुभएको छ । उहाँका रचनामा कवि शिरोमणिको झल्को पाउन सकिन्छ ।" *(बाँस्तोला कृष्णप्रसाद, लेखनाथ साहित्य प्रतिष्ठान नेपाल 'हामीले सौभाग्य पायौं'* ***धर्ती काँप्दै रून्छिन्****)* ।

त्यस्तै पण्डित एवम् (ज्योतिष) मनोहरि त्रिपाठी (कालिका) ले शम्शेर बहादुरको दुखान्त खण्डकाव्यबारे आफ्ना विचार यसरी व्यक्त गर्छन्-"वेदनाथ अधिकारले घरायसी समस्यालाई नाटकीय आधार बनाई समाज छुल्याहा भयो भनी औल्याएकामा खुसी लाग्यो । यस कृति पढेपछि अब आइन्दा यस्ता कुरालाई लिई विद्वान्हरूले चिन्ता लिन नपरोस् । सत्य यस जीवन कथाले समाजलाई पथभ्रष्टबाट रोक्ने हौसला दिन्छ साथै छुल्याइँ फट्याइँ गर्नेहरूको निकै उपहास गरेको छ ।"

*(त्रिपाठी, मनोहरि प्र.पं. कालिका गा.वि.स., शम्शेर बहादुरको जीवन कथामा आधारित खण्डकाव्यः जीवनकथा प्रति)*

यसरी वेदनाथ अधिकारीका बारेमा हालसम्म प्रस्तुत गरिएका प्राप्य प्रमुख पूर्वकार्यको समीक्षाहरू भूमिका, शुभेच्छा, पत्रपत्रिकामा दिएका टिप्पणीहरू यिनै हुन् । यी बाहेक अन्य कोही कसैले खोज अनुसन्धान गरेको पाइँदैन । त्यसैले साहित्यकार वेदनाथ अधिकारीका बारेमा आवश्यक खोज अनुसन्धान गर्न जरूरी छ । यस शोध पत्रमा उनको जीवनी, व्यक्तित्व र कृतित्वको खोजी गरी अध्ययन अनुसन्धान गरिएको छ ।

## १.६ शोधकार्यको औचित्य र महत्त्व

लगभग चार दशक लामो काव्य साधनामा निरन्तर लागिरहेका वेदनाथ अधिकारीले खण्डकाव्य, कथा, गीत र थुप्रै फुटकर कविता र लेखहरू पत्रपत्रिकामा प्रकाशित गरिसकेका छन् । उनले गद्य र पद्य दुबै शैलीलाई आत्मसात गर्दै कविताहरू रचना गरेका छन् भने कहीँ कतै प्रगतिशील धारालाई अवलम्बन गरी साहित्य सिर्जना गरेको पाइन्छ । यिनै अधिकारीका बारेमा आजसम्म खासै ठूलो खोज अनुसन्धान भएको छैन । सामान्य रूपमा गरिएको चर्चा बाहेक व्यवस्थित तथा सङ्गठित रूपमा अध्ययन अनुसन्धान नभएको हुँदा उनले रचना गरेका कृतिहरूका बारेमा सर्वप्रथम व्यवस्थित रूपमा गरिन लागेको अध्ययन स्वतः औचित्वपूर्ण रहने देखिन्छ ।

अत्याधिक मात्रमा चर्चा नकमाएका तर नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण भूमिका निभाएका वेदनाथ अधिकारीका कृतिहरूको गहन अध्ययन र विश्लेषण गरिने भएकाले नेपाली खोज साहित्य परम्परामा समेत यस शोधपत्रले सहयोग पुऱ्याउने देखिन्छ । त्यसैले यो शोधकार्यको विशेष महत्त्व रहेको छ ।

## १.७ शोध-क्षेत्र र सीमा

यो शोधपत्र साहित्यकार वेदनाथ अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषणमा पूर्ण रूपले केन्द्रित रहेको छ । तापनि प्रारम्भ देखि हालसम्म प्रकाशित भएका विविध विधाहरूको अध्ययन गरिएको छ । यस बाहेक उनले लेखेका

साहित्यिक र साहित्येत्तर रचनाका सम्बन्धमा सर्न्दभ अनुकूल नाम लिए तापनि विशेष चर्चा गरिएको छैन ।

## १.८ सामग्री सङ्कलन विधि

**साहित्यकार वेदनाथ अधिकारीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण** शीर्षकमा प्रस्तुत शोध-पत्र सम्पन्न गर्नका लागि मूलतः पुस्तकालयीय विधिका आधारमा सम्बन्धित विषयका पुस्तक पत्रपत्रिकाको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ । साथै आवश्यक मात्रामा शोधनायकसँग छलफल र अर्न्तवार्ताबाट पनि शोध-कार्यलाई आवश्यक सामग्री प्राप्त गर्न सहयोग मिलेको छ ।

यसरी अर्न्तवार्ता गरी छलफल विधिका माध्यमबाट तथ्य सङ्कलन गरिसकेपछि तिनलाई विभिन्न बुँदामा वर्गीकरण गरी राखिएको छ । यसपछि पुस्तकालयीय विधि अपनाई वस्तुनिष्ठ रूपमा उनका बारेमा लेखिएको छ । अन्तमा पुनः परिष्कार गरी शोधपत्रलाई लिपिबद्ध गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि यसलाई निम्न लिखित छ परिच्छेदमा विभाजन गरिएको छ ।

क) पहिलो परिच्छेद - शोध-परिचय

ख) दोस्रो परिच्छेद - साहित्यकार वेदनाथ अधिकारीको जीवनी र व्यक्तित्व

ग) तेस्रो परिच्छेद - साहित्यकार वेदनाथ अधिकारीको साहित्यिक यात्रा

घ) चौथो परिच्छेद - साहित्यकार वेदनाथ अधिकारीको कृतित्व अध्ययन

ङ) पाँचौ परिच्छेद - उपसंहार र मूल्याङ्कन

सन्दर्भ सूची

# परिच्छेद दुई

# साहित्यकार वेदनाथ अधिकारीको जीवनी व्यक्तित्व

## २.१ साहित्यकार वेदनाथ अधिकारीको जीवनी व्यक्तित्व

### २.१.१ वेदनाथ अधिकारीको जन्म र जन्मस्थान

वेदनाथ अधिकारीको जन्म २००९ साल आषाढ ८ गते शनिवार औंसीका दिन गण्डकी अञ्चल अन्तर्गत पर्ने कास्की जिल्ला कालिका गा.वि.स. वडा नं. ४ बिमिरापानी निवासी पं. श्री तारानाथ अधिकारी (पिता) र टिकामाया अधिकारी (माता) को माहिला सुपुत्रका रूपमा भएको हो ।

### २.१.२ बाल्यकाल

वेदनाथ अधिकारी कुनै सम्भ्रान्त परिवारमा जन्मेका होइनन् । उनी सामान्य परिवारमा जन्मेका व्यक्ति हुन् । आफ्ना पिता पं. भएकाले सानैदेखि उनको जीवन कर्मकाण्डीय शैलीबाट अगाडि बढेको पाइन्छ । पिताको कुनै जागिर भत्ता नभएकाले उनको परिवारलाई उच्चस्तरको यश, आराम, लगाउने खाने व्यवस्था खासै राम्रो थिएन् । परिवारको आर्थिक स्थिति सामान्य भएकाले कर्मकाण्ड पूजा पाठ, घाँस दाउरा, गाउँबेँसी, खेतीपाती गरेर जीवन निर्वाह गर्नुपर्थ्यो ।

वेदनाथ अधिकारी अत्यन्त अनुशासित सरल, मिलनसार र भद्रभाषी थिए । उनी सानैदेखि आफ्ना इष्टमित्र छरछिमेक साथीभाइ सबैका प्रिय थिए । सबैले यसले भोलि गएर लेखनाथको बिँडो धान्ने भयो भन्थे । गाउँमा भएका सभासमारोह गोष्ठी छलफलमा जहाँ भए पनि सहभागी हुन्थे । आफूभन्दा ठूलाले भनेका कुराहरू सुन्ने गर्थे । आफ्ना साथी भाइहरूसँग गाईबाखा चराउन अर्चलेको फाँटमा जान्थे । वनपाखा उकाली ओरालीहरूमा हिँडडुल गर्दा भाका मिलाई-मिलाई गीत गनुगुनाउथे । उनी बाल्यकालदेखि नै लोकगीत प्रेमी थिए । उनले गुनगुनाएका गीत अत्यन्त मार्मिक समयसापेक्ष र हृदयस्पर्शी हुन्थे । गाउँ घरमा प्रशस्तै सुन्तला, अम्बा, नासपती हुने भएकाले उनलाई यिनै फलफूल मन पर्थ्यो । गाईबाखा चराउन जाँदा

साथीहरूसँग मैदी खोलामा पौडी खेल्थे । उनलाई खेलमा त्यति साह्रै रुचि थिएन तैपनि साथीभाइसँग डन्डीबियो खेल्न अग्रसर हुने गर्थे । बढी मात्रामा हिँडडुल गर्न मन पराउने भएकाले एक्लै-एक्लै भए पनि गाउँबेँसी उकाली ओरालीमा लोकगीतको भाका फिराई-फिराई हिड्ने गर्थे । उनलाई सानैदेखि गाउँ छिमेकमा भएको अन्याय अत्याचार देखेर घृणा लाग्थ्यो । सबै समान हुनुपर्छ भन्ने मान्यता सानै भए पनि राख्ने गर्थे । आफ्ना पिता पुर्खाले भनेका कथा-कहानी, गाउँखाने कथा, उखान टुक्का, कविता र किस्साहरू खुब रस मानी-मानी सुन्थे । आफ्ना पिता पण्डित भएकाले आफ्नो परिवारलाई अनुशासनमा बाँधेर राखेका थिए । संस्कृति र परम्परालाई जोगाई राख्नुपर्छ भन्ने सोच उनका परिवारका हरेक सदस्यको थियो । आफ्ना पिताले भनेका संस्कृतका श्लोकहरू उनले मन्त्रामुग्ध भएर सुन्थे । कतिपय संस्कृतका श्लोकहरू आफूले पनि कण्ठस्थ पारेका थिए ।

यसरी वेदनाथ अधिकारीको बाल्यकाल कविशिरोमणि लेखनाथ पौड्यालको जन्मथलोमा दुःख-सुख, हाँसो-रोदन, उकाली-ओराली आदिसँग हातेमालो गर्दै बितेको पाइन्छ ।

### २.१.३ पुर्ख्यौली

साहित्यकार वेदनाथ अधिकारीका पूर्वजहरू को हुन् र कहाँबाट आएका हुन् भन्ने पुर्खाको खोजीनिती र अध्ययन गर्दा यिनीहरू कश्यप ऋषिका सन्तान हुन् भन्ने ठहर्छ । अधिकारीको आफ्नो गोत्र पनि कश्यप ऋषिको नामसँग जोडिएको पाइन्छ ।

अधिकारीका पूर्वजहरू भारतको कन्नौज भन्ने ठाउँबाट अलमोड-गडवाल हुँदै अहिलेको जुम्ला जिल्लामा पर्ने सिँजा राज्यमा आई बसोबास गर्न थाले । अहिले सम्मको खोज अनुसन्धान अनुसार अधिकारीका बुढा हजुरबुबा जुम्लाको सिंजाबाट बसाइँ सर्दै पूर्वतिर आउने क्रममा अर्घाखाँची हुँदै कास्की जिल्लाको अस्ताम भन्ने ठाउँमा आई बसोबास गरेका थिए । त्यहाँ केही वर्ष अधिकारीका बुढाहजुरबा बसे, तर त्यहाँ विभिन्न खालका बाधा अवरोधहरूले बस्न कठिनाइ भएपछि उनीहरू अस्तामबाट अर्घौंको कालिका गा.वि.मा रहेको बिमिरापानीमा बसाइँ सरे । अधिकारीका पिता पं थिए । उनका दुईवटी श्रीमती भएको पाइन्छ । जेठी पूर्णकला र कान्छी टिकामाया । जेठीतर्फ (पूर्णकला तर्फ) २ छोरा र १ छोरी भए भने कान्छीतर्फ

२ छोरी २ छोरा भए । जेठी पट्टिका दुई छोराहरू अनुरूद्र र तिलकशाली थिए भने छोरी वाटुली देवी थिइन् । कान्छी पट्टि वेदशाली र शेषशाली थिए भने छोरीहरू राधादेवी र शुसीला थिए । बिमिरापानीमा केही समय बिताएपछि आरूपाटामा आफ्नो जमीन भएकाले त्यही बसाइँ सरे । जेठी पट्टिका जेठा दाजु अनिरुद्र विवाह गरेपछि आरूपाटमा भएको मेघको प्रकोपले गर्दा बिते । विधवा भाउजु बालविधवा नै बसिन् । अर्का दाजु तिलकशाली र जेठी पट्टिका कान्छा हाल शिक्षण पेसाबाट निवृत्त भई विभिन्न सामाजिक क्षेत्रमा संलग्न रही सेवा गर्दै आएको पाइन्छ । त्यस्तै कान्छी पट्टिका छोरा शेषशाली अधिकारी कास्की मालको खरिदार पदबाट निवृत्त भएको पाइन्छ । उनी अहिले मानसिक रूपमा अस्वस्थ भएको देखिन्छ । कान्छी पट्टिका जेठा छोरा वेदनाथ अधिकारी भएकाले उनीमाथि परिवारको जिम्मेवारी पूर्ण रूपमा थियो । श्रीमतीहरूको मृत्यु र छोराछोरीको मृत्युले गर्दा पं तारानाथले ठूलो वियोग भोग्नुपर्‍यो । यसका बावजुद पनि उनले आफ्ना स-साना छोराछोरीलाई अति नै वाल्सल्यमय भावले हुर्काएका थिए ।

साहित्यकार वेदनाथ अधिकारीका दाजुभाइहरू अहिले आएर लेखनाथ नगरपालिकाको विभिन्न ठाउँमा बसोबास गरेको पाइन्छ । वेदनाथ अधिकारी हाल लेखनाथ नगरपालिका वडा नं.८ त्रिकाङ भन्ने ठाउँमा बसोबास गरेको जानकारी हुन आएको छ । (शोधनायकबाट प्राप्त जानकारी असोज १५, २०६९) ।

### २.१.४ शिक्षा-दिक्षा

कवि शिरोमणी लेखनाथसँग काशी गई पढेर काठमाण्डौ आई १४ वर्षसम्म महावीर शम्शेर जंगबहादुर राणा कहाँ बसी आफ्नो अध्ययन क्षेत्रलाई अगाडि बढाएका पं. तारानाथ अधिकारीले आफ्ना सबै छोराछोरीलाई पढ्नका लागि अनुकूल वातावरण प्रदान गरेको देखिन्छ । त्यसमध्ये पनि सानैदेखि चुलबुले बानी अनि कविता, मुक्तक, गीत लेख्न प्रयास गर्ने वेदनाथ अधिकारीलाई बुबाबाट नै शुरूवातको शिक्षा दिक्षा मिलेको पाइन्छ । खरीपाटी घरमै ल्याएर छोराछोरीलाई पढ्ने वातावरण घरमै मिलेको थियो । उनको शिक्षा-दीक्षाका निम्ति वैदिक विधि मुताविक ६/७ वर्षको उमेर हुँदा श्रीपञ्चमीको दिन पारेर आफ्नै घरमा पिता तारानाथ अधिकारीले अक्षराम्भ गराएको पाइन्छ । त्यति बेलाको समयमा शिक्षा-दीक्षा प्राप्त गर्न त्यति

सजिलो थिएन अहिले जस्तो ठाउँ-ठाउँमा पठनपाठनका लागि विद्यालयहरू खोलिएका थिएनन् । त्यसमा पनि धनीमानी ब्राम्हणका छोराहरू काशी वनारस गएर पढ्थे भने गरिबका छोराछोरी पढाइबाट वञ्चित हुनुपर्थ्यो । वि.सं. २०१० सालतिर देशमा प्रजातन्त्रको लहरसँगै गाउँगाउँमा शिक्षाको ज्योति बाल्नुपर्छ भन्ने सोच र चिन्तनबाट प्रभावित भएर कास्की जिल्ला कालिका गा.वि.स. अन्तर्गत समाजसेवी एवम् शिक्षाप्रेमीहरूको सक्रियतामा सोही ठाउँमा भाषा पाठशाला खोलिएको थियो । त्यही भाषा पाठशालामा वेदनाथ अधिकारीले पढ्ने मौका पाएका थिए । त्यस भाषापाठशालामा पढाउनका लागि पं टिकाराम पौडेललाई छनोट गरिएको थियो । उनै पण्डित गुरूको छत्रछायाँमा बसी मायाममताका साथ गुरूकुलीय विधि विधान र आचरणमा बसी संस्कृतका रूद्री, वेद, दुर्गाकवच, अमरकोश चण्डी जस्ता पुस्तकहरू अध्ययन गर्ने अवसर अधिकारीलाई प्राप्त भएको थियो ।

त्यस भाषा पाठशालामा औपचारिक किसिमका पाठ्यपुस्तक पढाएर कुनै शैक्षिक योग्यता हाँसिल गर्ने व्यवस्था नभएको हुँदा पछि उनी भर्खर मात्र खोलिएको प्राथमिक विद्यालय सिद्धेश्वरी प्रा.वि. सुर्के मैदानमा कक्षा तीनमा भर्ना भए । त्यसपछि जनज्योति मा.वि.मा आफ्नो अध्ययनलाई अधिकारीले गर्दै लगे । अत्यन्तै अनुशासित, मृदुभाषी र लगनशील अधिकारीले पढाइसँगै कर्मकाण्डीय पद्धतिलाई पनि अँगाल्दै समाजमा घुलमिल भएको पाइन्छ । जनज्योति माध्यामिक विद्यालयबाटै कक्षा १० सम्मको अध्ययन पूरा गरी त्यहींबाट एस.एल.सी परीक्षा दिएका अधिकारीको पढाइको परीक्षाफल भने सुखद निस्कन सकेन । तैपनि पटक-पटकको निरन्तर प्रयास पछि उनी २०३५ सालमा एस.एल.सी उत्तीर्ण भएको पाइन्छ । एस.एल.सी. पास भए लगत्तै उनी कलेजमा भर्ना भएनन् । उनलाई कर्मकाण्डीय पद्धतिले तानिसकेको थियो किनभने त्यस पद्धतिलाई अँगाल्दा धेरथोर कमाइ पनि हुने र आफू चल्न सहज हुने देखे । यही अवसरमा अर्चलेका गुरू पण्डितहरूसँग भेटघाट हुने, बस्ने, लेखनाथ जन्म सम्बन्धी चर्चा गर्ने जस्ता कुराहरू हुन थाले । त्यस समयमा त्यहाँ लिखित पद्धतिद्वारा पूजा गराउनु पर्थ्यो । लेखनाथ, तारानाथ, प्राणनाथ त्रिपाठीले काशीबाट प्रकाशित धेरै पुस्तकहरू र पद्धतिलाई अर्घौंमा ल्याएका हुँदा अधिकारीले तिनलाई खोजी पढ्न शुरू

गरे । पं. हेरम्भराज, जयशंकर देवनाथहरूका पूजा पद्धतिहरू वेदनाथलाई दिई उनीहरूले अब तिमी नामुद पण्डित बन्नुपर्छ भनी प्रोत्साहित गरे ।

भाषापाठशालमा कार्यरत गुरू टिकाराम पौडेलले पूजा पद्धतिहरूका बारेमा सिकाउने क्रममा मेघशान्ति, अग्निशान्ति, कोशाध्यय, व्रतराजका विभिन्न पूजाहरू, मण्डपपूजा, सप्ताह मण्डप पूजा आदि विधि सहित सिकाएका थिए । बुबाको स्वर्गवास २०३१ सालमा भएकाले उनलाई उच्चशिक्षा हासिल गर्नुपर्छ भनेर सम्झाउने कोही भएनन् तर पनि दाजु तिलक शाली अधिकारीले उनलाई उच्च शिक्षाको दिशातर्फ जानुपर्छ भनी निर्देशित गरे । यसरी उच्च शिक्षा हासिल गर्न टुटेका क्रमलाई फेरि निरन्तरता दिँदै नेपाली मूल विषय लिई पोखरा स्थित पृथ्वीनारायण क्याम्पसबाट (आई.ए.) २०४५ सालमा पास गरे र त्यही मूल विषय लिई बी.ए. सम्म पढेको देखिन्छ तर बी.ए. पास भने नभएको जानकारी शोध नायकबाटै प्राप्त भएको छ ।

### २.१.५ व्रतबन्ध/उपनयन संकार

वेदनाथ अधिकारीको उपनयन संस्कार वैदिक विधि नियम र परम्परा अनुसार वि.सं. २०२० साल फाल्गुन २० गते ११ वर्षको उमेरमा उनलाई गुरू विजयानन्द पौडेलद्वारा गायत्री मन्त्र दान र आफ्नै बुबाबाट दीक्षा मन्त्रहरू भएको थियो । उनको यो उपनयन संस्कार आफ्नै घरमा सम्पन्न भएको थियो । ८ वर्षको उमेरमा उपनयन संस्कार गर्नुपर्ने शास्त्रीय मान्यता भए पनि सानै उमेरमा व्रतबन्ध गर्दा छोरालाई विधि नियम र आचरणमा बस्नुपर्दा केही गाह्रो साह्रो हुन्छ भनी सानो उमेरमा व्रतबन्ध नगरेको पाइन्छ । व्रतबन्ध पछाडि पनि दैनिक गायत्रीमन्त्र जपी पञ्चाङ्ग पूजामा संलग्न भई शुद्धाशुद्धीलाई उनले निरन्तरता नै दिएका थिए । आफ्नो मन्त्रदानको गुरूलाई शिर नुहाई दण्डवत् गर्नुपर्छ भन्ने मान्यताका साथ उपनयन संस्कारको मर्यादालाई कायम राख्दै आफू कट्टर आचरणमा रहेको पाइन्छ । मन्त्रदानको गुरू शास्त्रीय मान्यता अनुसार ठूलो हुन्छ भन्ने सोचबाट हाम्रो समाज चलेकाले उनले कुनै पर्व विशेषमा गुरूलाई भेटी, दक्षिणा, फलफूल आदि लगेर त्यसको मान्यतालाई निरन्तरता दिएको पाइन्छ ।

### २.१.६ वेदनाथ अधिकारीको वैवाहिक जीवन

बाल्यकालमा आफ्ना पिताबाट अक्षराम्भ गरेका वेदनाथ अधिकारीले आफ्ना दाजु तिलक शाली अधिकारीको अत्यन्त माया र ममता पाएर अगाडि बढेका हुन् । उनको विवाह वि.सं. २०३० साल असार ११ गते कास्की जिल्ला हेम्जा गा.वि.स. वडा नं.८ निवासी पिता दशरथ पौडेल र माता केशर कुमारी पौडेलकी माहिली सुपुत्री सीता भनिने जानकीसँग सम्पन्न भई वैवाहिक सूत्रमा आबद्ध भएका हुन् । उनी पढेलेखेका र कर्मकाण्ड पनि राम्रोसँग गर्न सक्ने भएकाले विवाह गर्दा त्यति साह्रै गाह्रो परेन ।

विवाह गर्दा उनकी श्रीमती पढेलेखेकी शिक्षित नै भएकाले विवाह पछाडि पनि परिवारमा समझदारी बनेको थियो । विवाह पछाडि एउटी बुहारीले गर्नुपर्ने नित्यकर्मलाई निरन्तरता दिँदै पण्डित परिवारको (नित्यकर्म) चोखी निष्ठ र पूजा आँचामा पनि उनले परिवारमा सन्तुलन नै कायम राखेको पाइन्छ । विवाह गर्ने समयमा नै जानकीले एस.एल.सी सम्मको शिक्षा हाँसिल गरेकी थिइन् । पारिवारिक जीवनमा प्रवेश गरेका वेदनाथ अधिकारीको पहिलो सन्तानका रूपमा वसन्तको जन्म भएको देखिन्छ । सन्तानका रूपमा वेदनाथ अधिकारका जम्मा २ छोराहरू मात्र छन् । अधिकारीका छोराहरू दुबै विवाह बन्धनमा बाँधिएका छन् । जेठा छोराबाट मात्र सन्तान भएको र कान्छीको भर्खर मात्र विवाह भएको छ । जेठा छोरा बुहारी शिवशक्ति प्रा.वि. तप्राङ्गमा शिक्षण पेसामा आबद्ध छन् भने कान्छो वसन्त त्रिभुवन विमानस्थल नजिकै ट्राववल्स एजेन्सी (Home and way travel agency) खोलेर बसेका छन् ।

वेदनाथ अधिकारीले दोस्रो विवाहका रूपमा २०४५ सालमा कास्की जिल्ला कालिका गा.वि.स.वडा नं. १ निवासी प्रेमकुमारी त्रिपाठीसँग वैवाहिक सम्बन्ध कायम भएका पाइन्छ । अधिकारीकी जेठी श्रीमती लामो समयसम्म मुटुको रोगले थलिएपछि उपचारका क्रममा धेरै आर्थिक खर्च गरेको पाइन्छ । एउटा सामान्य शिक्षण पेसामा लागेका अधिकारीको आयस्रोत त्यति राम्रो नभए पनि उनको उपचारका क्रममा कुनै कमी गरेका थिएनन् । धेरै प्रयास गर्दा-गर्दा पनि आखिर जेठी श्रीमती जानकीको २०६७ साल साउन १६ गते निधन भयो । हाल उनी कास्कीको अर्चलेबाट बसाइँ-

सराइँ गरी कास्कीकै ले.न.पा.८ त्रिकाङमा जग्गा किनी त्यही एउटा कच्ची घर बनाई कान्छी श्रीमतीका साथमा बसेका छन् । कान्छी श्रीमतीबाट कुनै सन्तान भएका छैनन् ।

### २.१.७ साहित्यिक अवधारणा र जीवनदर्शन

जुनसुकै व्यक्तिले पनि आफ्नो जीवन-जगत्, समाज, परिवेश आदिलाई आधार बनाएर व्यक्तित्वको विकास गर्न पुगेको हुन्छ । सामान्य व्यक्तित्वको तुलनामा साहित्यिक, कलाकार व्यक्तित्व लगायतका अन्य व्यक्ति व्यक्तित्वहरूलाई भिन्न-भिन्न ढङ्गले प्रस्तुत गरेको हुन्छ । उसको चिन्तन मनन र अनुभूतिमा प्रत्यक्ष परोक्ष रूपमा प्रभाव पार्ने तत्त्वहरू उसले भोगेको आर्थिक सामाजिक धार्मिक, सांस्कृतिक परम्परित र पारिवारिक वातावरण आदिले पनि व्यक्तिको व्यक्तित्व निर्माणमा प्रभाव पारेको हुन्छ या यस्तै वस्तु सापेक्षताका बीचबाट प्रकाशित अनुभव अनुभूति अनि उसका जीवन कार्यबाट प्राप्त अनुकरणीय व्यवहारमा तादाम्य वा सरसंगतिले नै व्यक्तिको जीवन दृष्टिको कारक ठहरिन्छ । व्यक्ति वा स्रष्टा नै निमित्त जीवन दर्शन बुझ्न उसले अर्काको निमित्त गर्ने व्यवहार भनाइ वा गराइले कति सन्निकटता ल्याउँछ वा तालमेल आउँछ कि आउँदैन भनेर विभिन्न कोटिमा राखेर विश्लेषण गर्नु वाञ्छनीय हुन आउँछ ।

कवि वेदनाथ अधिकारी लेखनाथ पौडेल कवि रत्नदेव, डम्बरू बल्लभ, मुकुन्दशरण, भूपि शेरचन सिद्धिचरण श्रेष्ठ, विजय मल्लका साहित्यिक कृतिहरू पढेर प्रभावित देखिन्छन् । त्यसो त उनले अर्न्तराष्ट्रिय कवि विलियम वर्डसवर्थ, प्रेमचन्द आदि लेखकहरूका लेखहरू पनि पढेका छन् । उनी मानवतावादी दृष्टिकोण राख्ने साहित्यकार हुन् । उनले गाउँ बैंसीमा उकाली ओराली गर्ने अनि ग्रामीण स्तरमा नै त्यहाँको जीवनशैलीलाई प्रस्तुत गर्ने काम आफ्ना लेखहरूबाट दिएका छन् । उनको विचारमा “साहित्य भनेको विज्ञानको जन्मदाता उच्च उत्कृष्ट सोचाइ हो ।” विशेष गरी समाजमा घटेका यथार्थ घटनालाई नाटकीय रूपमा र कविताको माध्यमबाट जनमानसमा ल्याउने उनको प्रवृत्ति रहेको छ । अन्यायमा परेका दुःखी, दरिद्र, असाहय, किसान मजदुर, महिला वर्गलाई सचेत पारी परिवर्तनको दिशामा अगाडि बढाउने र जनताका बस्तीमा गई चेतनाको लहर पैदा गर्ने उनको साहित्यिक

विधाको प्रमुख ध्येय हो । साहित्यलाई यथार्थमा बुझ्न साह्रै गाह्रो हुन्छ र त्यसलाई बुझ्यो भने मानिसले आफ्ना लेख रचनाबाट रसपान गराउने तत्त्वलाई उजागार गरेको हुन्छ । जसबाट हर्ष विभोर भई ऊ साहित्यतर्फ आकर्षित हुन्छ । उनको विचारमा साहित्यले मानिसको जीवनमा व्यावहारिक परिवर्तन ल्याउँछ जहाँ मानिसको एकान्त संसार हुन्छ अनि त्यहाँबाट उम्कन साह्रै गाह्रो हुन्छ । सबै ठाउँमा उनका लेख रचनामा क्रान्तिकारी छनक नभेटे पनि केही कविता र लेखहरूमा प्रगतिशील र समाज उन्मुख चेतको रौनक भने पाइन्छ ।

उनले रचना गरेको **आधुनिक युगकका कविता** सङ्ग्रहमा **'आकाश तोडौ झैं'** भन्ने शीर्षकको कविताले यसलाई अझ पुष्टी गरेको छ । सत्य साहित्यको ऐना हो र विकास तौलने तराजु हो । जनस्तरको मर्म र व्यथा हो । हरेक नीति नियमका राम्रा-नराम्रा गुण-दोष केलाउने माध्यम पनि हो । यिनै उपर्युक्त नीतिका साथ साहित्यकार अधिकारी साहित्यलाई विश्लेषण गर्छन् ।

साहित्यकार वेदनाथ अधिकारी प्रकृतिसँग रमाउने र त्यसैको उपजमा साहित्यलाई प्रष्फुटित गर्ने शैलीमा आफूलाई प्रस्तुत गर्छन् । त्यसैले होला अधिकारी जन्मिएको ठाउँबाट साततास देखिन्छन् । तिनैको दृश्यावलोकन गरी उनले सातताको बगैंचा सहर भन्दै यसका बारेमा थुप्रै पत्रपत्रिकामा लेखहरू प्रकाशित गरेका छन् । उनी नितान्त भावुक गम्भीर र प्रकृतिप्रेमी छन् भनेर भन्न सकिन्छ उनले नेपाली समाजले भोगेका समाजका सामाजिक, आर्थिक अन्याय, अत्याचार आदि यथार्थ परिवेशलाई आफ्ना लेख रचनामा भित्र्याएका छन् । उनी देश, जनता र उत्पीडितहरूका मुक्तिका लागि समर्पित भएका सरल प्रवृतिका सहज र पारखी साहित्यकार पनि हुन भन्न सकिन्छ । उनीलाई प्रकृतिप्रेमी, संस्कृति र परम्पराको संरक्षण र आध्यात्मिकताको प्रखर संरक्षकत्वका रूपमा विश्लेषण गर्न सकिन्छ ।

### २.१.८ लेखनका लागि प्रेरणा र प्रभाव

वेदनाथ अधिकारी कुनै सभ्रान्त परिवारमा जन्मिएका थिएनन् । उनका परिवारका सदस्यको दैनिकी ग्रामीण स्तरमा गर्दै आएको कुटो कोदालो गाउँ, बेँसी, उकाली-ओराली गाई बाख्रा चराउने, गोठ बस्ने आदि नै प्रमुख रूपमा थियो तैपनि दुःखलाई दुखैसँग साट्दै सुख प्राप्ति हुन्छ कि भन्ने अभिलाषा लिएर कडा मिहिनेत

गरेको पाइन्छ । सानो छँदा बुबा र आफ्ना दाजु तिलक शालीले उनलाई लेखनका लागि अग्रसर गराएको पाइन्छ । एक पटक सुनेपछि नबिर्सने र नयाँ-नयाँ कुराको खोजी गरी आफूलाई अग्रस्थानमा नै उभ्याउनुपर्ने उनको बानी भएको उनका पाठशालाका गुरू बताउँछन् । विशेष गरी अधिकारीको घरको आर्थिक अवस्थाले पनि उनको मनमा लेख, रचनाहरूको बीजाङ्कुरण भएको पाइन्छ ।

अधिकारीले सानै उमेरमा भाषा पाठशालामा संस्कृत शिक्षा नै अध्ययन गरेका थिए । तत्कालीन देशमा पञ्चायती व्यवस्था थियो । त्यति वेला थुप्रै आफ्ना समकक्षी विद्यार्थीहरू वनारस पढ्नका लागि गएका थिए तर उनी आफ्नै भूमिमा नयाँ-नयाँ सृजना गर्नु पर्छ भनी आत्मविश्वासका साथ यही बसेर पढेको पाइन्छ । कविशिरोमणि लेखनाथ पौडेलको जन्मस्थान नजिकै जन्मेका साहित्यकार अधिकारीलाई उनकै कविताहरूको अध्ययनबाट कलम चलाउने प्रेरणा मिलेको थियो । आफ्ना दाजु तिलक शाली अधिकारीबाट पूर्ण रूपमा सहयोग पाएका अधिकरीलाई विभिन्न कृतिहरूको प्रकाशन देखि लिएर सुझाव र सल्लाह दिनका लागि उनको परिवार पनि ठूलो प्रेरणाको स्रोत बनेको छ । कवि रत्नदेव शर्माको प्रमुख सक्रियतामा वि.सं.२०२७ सालमा अर्चलेमा ‘राष्ट्रिय कविता महोत्सव’ सम्पन्न भएको थियो । त्यति वेलाका समकालीन कविहरू र पण्डितहरूको सहयोगमा देशका विभिन्न ठाउँबाट उच्च ख्याति कमाएका कविहरू कविता महोत्सवमा सहभागी भएका थिए । त्यस मध्ये अधिकारीले पनि महोत्सव सम्पन्न गर्न ठूलो जिम्मेवारी पाएका थिए । त्यही कविता महोत्सवबाट ठूला कविहरूसँगको भेटघाट र साहित्यिक शैलीको आदान प्रदानले उनलाई कलम चलाउने प्रेरणा मिलेको थियो । उनी वि.स. २०३४ सालमा लेखनाथ जन्मस्थलकै तर्फबाट नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा आयोजित बृहत् साहित्यिक भेलामा अर्चलेको पर्यवेक्षक प्रतिनिधिको रूपमा सहभागी भएका थिए । त्यस सहभागिताले पनि ठूला राष्ट्रिय स्तरका कवि लेखकहरूसँगको सङ्गतले उनलाई यस क्षेत्रभित्र निरन्तरता दिइरहनुपर्छ भन्ने अमीट छाप परेको थियो । उनले २०३२ सालमा प्रकाशित गरेको गरेको **आधुनिक युगका कवितामा** अत्यन्तै मार्मिक र ईश्वर भक्तिधारालाई आधार बनाएर कविता रचना गरेका छन् । जुन कविता सङ्ग्रह **मदन पुरस्कार** पुस्तकालयमा भएका किताबहरूको सूचिमा परेको थियो । जसले गर्दा

उनलाई अझ यस क्षेत्रमा नै लिप्त हुने प्रेरणा मिलेको थियो । लेखनाथमा भएको कविता महोत्सव पछाडि रात्री कविता वाचन कार्यक्रम अधिकारीले नै चलाएको थिए । हरिदेवी कोइराला, कृष्ण प्रसाद बाँस्तोला, नुमराज बराल, बुद्धिविनोद प्रतिम विष्णु पौड्यालले आफ्ना अन्य पोखराका साहित्यिक पारखीहरूलाई लिएर रातिमा कविता वाचन र नाटक महोत्सवका रूपमा आफ्ना भावनाहरू पोख्ने गर्दथे । यसको सबै चाँजो पाँजो मिलाउने काम अधिकारीले नै गर्नुपर्थ्यो । यसबाट पनि सामाजिक क्षेत्रमा आफू स्थापित हुन सकेको र साँच्चै लेखनाथको जन्मभूमिलाई साहित्यमय बनाएको श्रेय उनमा जान्छ । जसले गर्दा उनी कति पनि विचलित नभई यसलाई नै प्रेरणाको स्रोत मानेर अगाडि बढेका हुन् ।

लेखनाथ पौड्यालको **तरूण तपसी**, **ऋतुविचार**, **सत्यकाली संवाद**, **सिद्धिचरणको उर्वशी**, **मुकुन्दशरणको प्राकृत पोखरा**, **'रत्नदेव शर्माको नौली'** रविलाल अधिकारीको **'बुकीफूल'** जस्ता पुस्तकहरूको अध्ययन र तिनै लेख रचनाले उनलाई साहित्य सिर्जना गर्नमा केही ऊर्जा प्रदान गरेको पाइन्छ । यसका अतिरिक्त साहित्यकार विजय मल्ल, सिद्धिचरण श्रेष्ठ, भूपि शेरचन, रविलाल अधिकारी, दीपक सोती, रघुनाथ अधिकारीको सरसङ्गतले भेटघाट आदि र राजनीतिक रूपमा कीर्तिनिधि विष्ट, मनोहरि त्रिपाठी, मोदनाथ प्रश्रित जस्ता नेताहरूको सल्लाह सुझाव, गाउँका ठूला-ठालु शोषाक फटाहाले गरिब निमुखा माथि गरेको अन्याय अत्याचार देखेर पनि उनलाई साहित्य लेखनतिर प्रेरित गराएको कुरा उनकै लेख रचनामा रहेको सम्पादकीय र भूमिकाबाट जानकारी हुन आउँछ ।

### २.१.९ लेखनको प्रारम्भ र प्रकाशनको थालनी

वि.सं. २०२७ सालमा लेखनाथमा आयोजना भएको 'राष्ट्रिय कविता महोत्सव' मा साहित्यकार अधिकारीले **'अर्चलेबारी'** भन्ने कविता वाचन गरेका थिए । त्यसपछि क्रमिक रूपमा उनले २०३२ सालमा **आधुनिक युगका कविता** कविता सँगालो प्रकाशित गरेका थिए, जुन सँगालोका केही कविताले राष्ट्रिय मान्यता पनि पाएका थिए । त्यसपछि वि.सं.२०३६ सालमा शम्शेर बहादुरको जीवन कथामा आधारित दुखान्त नाटक प्रकाशित गरेका थिए । वि.सं. २०४७ साल आषाढमा **गुराँसबुट्टे पछ्यौरी** र २०६२ सालमा **धरती काँप्दै रून्छिन्** भन्ने कृतिहरू प्रकाशित गरेको

पाइन्छ । यसका अलावा मुकुन्दशरण उपाध्यायको 'गण्डकी' साप्ताहिकबाट **"घुम्दै आचरी र अर्चलेबारी"** भन्ने कविता प्रकाशित भएको थियो । यस्तै, वि.सं. २०३३ साल जेठ २६ गते कास्की जिल्ला माझठाना गा.वि.स. स्थित पहिरेको पहिरो गएर दु:खद् घटना "दैवी दुर्घटना संग्राम" कविता 'गोरखापत्र' बाट नै प्रकाशित भएको थियो । त्यस्तै अन्य छिटपुट लेख रचनाहरू मोफसलका पत्रपत्रिकाबाट प्रकाशित भइरहेको र एफ.एम रेडियोबाट पनि कहिलेकाहीँ अर्न्तवार्ता र साहित्यिक कार्यक्रममा उनका लेख रचना आउने गरेको पाइन्छ ।

### २.१.१० लेखनकार्य र प्रकाशित पुस्तकाकार कृतिको विवरण

वि.सं. २०२५ साल देखि औपचारिक रूपले साहित्य साधनामा लागेका वेदनाथ अधिकारीले कविता, गीत, कथा, लेख आदिका रूपमा प्रकाशित भएका छन् । अन्य विधाका रचनाहरू समसामायिक पत्रपत्रिकाहरूमा छरिएर रहेको पाइन्छ भने कुनै रचना पाण्डुलिपिका रूपमा पाइन्छन् ।

यहाँ वेदनाथ अधिकारीको मौलिक रचनाका रूपमा प्रकाशित कृतिहरूको कालक्रमिक रूपमा सूचिबद्ध गरिएको छ ।

| **क्र.सं.** | **प्रकाशित कृति** | **विधा** | **प्रकाशन वर्ष** |
|---|---|---|---|
| १. | **आधुनिक युगका कविता** | कविता सङ्ग्रह | २०३२ |
| २. | **शम्शेरबहादुरको जीवनमा आधारित दुखान्त खण्डकाव्य** | खण्डकाव्य | २०३६ |
| ३. | **गुराँस बुट्टे पछ्यौरी** | गीत, कथा, कविता सङ्ग्रह | २०४७ |
| ४. | **धरती काँप्दै रून्छिन्** | कविता/खण्डकाव्य | २०६२ |
| | + सर्वेश्वरी | कविता/खण्डकाव्य | २०६२ |
| ५. | दैवी दुर्घटना संग्राम | यथार्थ घटना | २०३६ |

लेखकका अप्रकाशित कृतिहरू केही जतन नगरेर हराएका र केही नयाँ कृतिका लागि कलम चलाइरहेका छन् ।

### २.१.११ रुचि र स्वभाव

हरेक मानिसका आ-आफ्नै प्रकारका रुचि स्वभाव, चाहना, इच्छा र वृत्ति रहेका हुन्छन् । त्यसै गरी साहित्यकार वेदनाथ अधिकारीका रुचि एवम् स्वभावलाई

लिएर उनका दाजु तिलक शाली र उनका गुरू मनोहरि त्रिपाठीका अनुसार अधिकारी सानैदेखि शान्त र जिज्ञासु स्वभावका थिए । बाल्यकालदेखि नै उनले पुस्तक पढ्न र केही रचना कोर्नमा निकै ध्यान दिन्थे । यिनले आफ्नो बाबु, दाजु, फूपु, दिदी, बहिनी एवम् मान्यजनप्रति निकै आदरभाव दर्साउँथे । उनी आफूभन्दा साना भाइ बहिनीहरूलाई निकै माया गर्थे । यिनी मिलनसार व्यक्ति थिए । मृदुभाषी र परिश्रमी हुने गुणले गर्दा सबैले उनलाई प्रशंसा गर्दै हौसला र प्रेरणा प्रदान गर्दथे । खानामा यिनले दालभात, तरकारी र कोदोको ढिँडो, मकै भटमासका परिकारहरू साथै फलफूल मन पराउँथे । उनी सादा जीवन र उच्च विचार राख्ने व्यक्ति हुन् । यिनी पोशाकमा सादा कोट, पाइन्ट कमिज, टोपी इष्टकोट र बढी चप्पल लगाउन मन पराउँथे ।

अधिकारी भाग्यमा भन्दा परिश्रममा विश्वास गर्ने व्यक्ति थिए । उनको राजनीति तर्फ त्यस्तो गहिरो झुकाव रहेको पाइँदैन तर साहित्य भनेपछि उनी जहाँ पनि पुग्ने र सकेको आफ्नो तर्फबाट योगदान पुऱ्याउने गर्थे । कम बोल्ने अरूका कुरा गम्भीर भएर सुन्ने, मनन गर्ने, समाजमा सबैलाई सहयोग गर्ने बानीले गर्दा यिनले सबैको मन जिती अत्यन्तै प्यारा बन्न सफल भएका थिए । विद्यालयमा पनि सबैले गुरू भनी सम्बोधन गर्दा हर्ष महसुस गर्दै आफूले सबैलाई चेलाको रूपमा व्यवहार गरी उनीहरूको पथ प्रदर्शकका रूपमा आफूले सुझाव दिने गरेको पाइन्छ ।

वेदनाथ अधिकारीले साहित्यका सबै फाँटमा रुचि राखेको पाइन्छ । यद्यपि उनले सबै विधालाई छुने गरी कृति भने प्रकाशित गरेका छैनन् । उनले कविता, कथा, नाटक र गीति विधालाई प्राथमिकता दिएका छन् । बाटाघाटो पानी पँधेरो गर्दा कविताहरू गुनगुनाउनु उनको स्वभाव हो । फुर्सदको समयमा पत्रपत्रिका हेर्ने ठूला-ठूला काव्य कृतिहरूको अध्ययन गर्नु विभिन्न साहित्यकारहरूसँग भेटघाट गर्नु सभा सम्मेलनमा सक्रिय भएर लाग्नु पनि उनको रुचिको विषय हो । राजनीतिमा भने त्यति साह्रै रुचि नभएको उनी स्वयम् बताउँछन् । समग्रमा भन्नुपर्दा वेदनाथ अधिकारीको साहित्य, शिक्षा र समाजसेवामा बढी रुचि रहेको पाइन्छ ।

### २.१.१२ भ्रमण

हरेक व्यक्तिले आफ्नो जीवनलाई अगाडि बढाउने क्रममा विभिन्न ठाउँ क्षेत्र आदिको दृश्यावलोकन गरेको हुन्छ । विभिन्न ठाउँमा गई त्यस ठाउँको वस्तुस्थितिका बारेमा जानकारी लिनुलाई नै भ्रमण भनिन्छ । त्यस्तै, वेदनाथ अधिकारीले पनि आफ्नो जीवनमा विभिन्न ठाउँको भ्रमण गरेको पाइन्छ । आफ्नो अध्ययन र पेसा आफ्नै नेपाली भूमिमा भएकाले अर्न्तराष्ट्रिय भ्रमण गरेको पाइदैन यद्यपि नेपालभित्र आफूले शिक्षण गर्ने विभिन्न स्थलहरू, नेपालका विभिन्न धार्मिक र पुरातात्विक स्थलहरू जस्तै : काठमाण्डौ, चितवन, तनहुँ वाग्लुङ्ग, तानसेन, गोरखा आदिको पनि नजिकबाट अध्ययन (अवलोकन) गर्ने मौका पाएका छन् ।

### २.१.१३ पद, सम्मान/विभूषण

वेदनाथ अधिकारी अत्यन्त परिश्रमी र लगनशील व्यक्ति हुन् । उनी भाग्यमा भन्दा कर्ममा विश्वास गर्छन् । गाउँले परिवेशमा रही खेती किसान, कर्मकाण्ड गाउँबेसी गरेर पनि नेपाली साहित्यको फाँटमा आफ्नो कलमलाई निरन्तरता दिने अधिकारीले समाज र राष्ट्रलाई दिएको योगदान स्वरूप विभिन्न सम्मानपत्र, कदरपत्र, धन्यवाद, स्यावासी जस्ता सम्मान पाएका छन् । साथै २०४१ सालमा 'कवि' उपाधि, लेखनाथमा अवस्थित लेखनाथको प्रतिमा रानीको हातबाट उद्घाटन भएको समयमा रानीबाट सम्मान पत्र, त्यस्तै विभिन्न विद्यालयमा इमान्दारीपूर्वक सेवा गरेवापत कदरपत्र र सम्मानपत्र प्राप्त गरेका छन् । (शोध नायकबाटै प्राप्त जानकारी, असोज १०, २०६९) ।

## २.२ वेदनाथ अधिकारीको व्यक्तित्व

### २.२.१ शारीरिक सामान्य व्यक्तित्व :

मानिस सामाजिक प्राणी भएकाले समाजमा नै बसेर देश समाज र समुदायमा कुनै न कुनै माध्यमबाट योगदान दिइरहेको हुन्छ । कुनै पनि व्यक्तिका सहज र स्वाभाविक गुणले उसको वैयक्तिक व्यक्तित्व निर्माण गरिरहेको हुन्छ भने सामाजिक कार्यहरू एवम् सिर्जनशीलताले सार्वजनिक व्यक्तित्वको निर्माण गरिरहेको हुन्छ । यिनै सामाजिक तथा सृजनशीलताका धनी वेदनाथ अधिकारीमा मूलतः साहित्यिक

व्यक्तित्व मुख्य व्यक्तित्वका रूपमा देखिन्छ । कुनै पनि व्यक्तिले व्यक्तित्व निर्माणमा उसको वंश परम्परा र स्थानीय वातावरणले पनि प्रभाव पारिरहेको हुन्छ । त्यसैले वेदनाथ अधिकारीको व्यक्तित्व निर्माणमा अघौंको अर्चलेमा भएका विभिन्न साहित्यिक कार्यक्रमहरू, व्यक्तिगत तवरले ठूला तथा लेखनीय कवि साहित्यकारहरूको सङ्गतले र आफ्नै खुबी र परिश्रमले नै निर्धारण गरेको छ । आफ्नै घर नजिकै कवि शिरोमणि लेखनाथ पौड्यालको घर र घरमुनि दिपाङग फेदी र वेगनासताल भएकाले डाँडोमा बसी हेर्दा मनमोहक देखिने प्राकृतिक छटाको त्यो अनुपम सौन्दर्यको केन्द्र अर्चले दिपाङग फेदी र खराने फाँटमा झुलेका धानका बालासँगै तँछाड मछाड गर्दै लुकामारी खेल्दै त्यहीको साहित्यिक फँाटमा उदाएका साहित्यकार वेदनाथ अधिकारी साहित्यिक फाँटमा मात्र नभई सामाजिक गहना पनि हुन् । बिहान सबेरै उठेर बिहानकै नित्यकर्ममा संलग्न रहने अधिकारी चोखी नीति र पूजापाठमा बढी आकर्षित हुने गर्दछन् । हिँड्दा ढाका टोपी, सर्ट पाइन्ट र निधारमा हमेशा रातो अविरको टीका लगाउदाको अवस्थामा आकर्षक देखिन्छन् । उनको शारीरिक उचाइ करिब ५ फिट ५ इन्च, रातो वर्ण एवम् गहुँ गोरा लाम्चो अनुहार आँखा अल्ली साना देखिने, हँसिलो मुखमुद्रा, कालो कपाल, फुर्तिलो हिडाइ, गम्भीर भावमुद्रा हेर्दामा चतुर, सँधै सफा सुग्घर देखिनु उनका बाहिरी विशेषता हुन् । त्यति मात्र नभई दौरा सुरूवाल र कोटमा पनि उनी असाध्यै गमिला र गहकिला देखिन्छन् । विशेष समयमा भन्दा अन्य समयमा बढी चप्पल लगाउन मन पराउने अधिकारी स्वास्थ्यको दृष्टिले पनि चप्पल नै लगाउन उपयुक्त हुने धारणा व्यक्त गर्दछन् ।

विद्यालयमा शिक्षण गर्दा पनि विद्यार्थीहरूले 'गुरू' सम्बोधन गर्छन् । साथै गुरूले पनि आफ्ना नानीहरूलाई अनुशासन, नैतिकता, समयको महत्त्वबारे निकै कडाइका साथ प्रस्तुत गराएको पाइन्छ । यिनी बोल्दा बडो अड्कलेर बोल्ने गर्छन् । यिनी बहुतै मिलनसार व्यक्ति हुन् । जिउडाल मझौला खालको भए पनि उनी शारीरिक रूपमा बलिया र निकै मिहिनेती, परिश्रम गर्ने कर्मयोगी व्यक्तित्वको रूपमा गाउँमा चिनिन्छन् । शिक्षण पेसा घरको दैनिक कामकाजले आफूलाई निकै व्यस्त बनाए पनि केही समय निक्लँदा किताबहरू हेर्ने र रचना कोर्ने बानीले उनको अध्ययन प्रतिको महत्त्वलाई पारदर्शी तरिकाले झल्काउँछ । साहित्यकार अधिकारीले

साहित्य रचना गर्दा भने एकान्तमा वा प्रकृतिको काखमा बसेर लेख्न रूचाउँछन् । उनका लेखहरूमा आदर्शवादी चिन्तन भन्दा यथार्थपरक कुराहरू बढी झल्किन्छन् । लेख र रचनाबाट सामाजिक सन्देश फैलाउने उनको साहित्यिक विशेषता नै हो । आजकल किताब पढ्दा चस्मा लगाए पनि अन्य समयमा काम गर्दा चस्मा उपयुक्त नभएको गुनासो गर्ने अधिकारी अहिलेसम्म ठूलो रोगबाट पीडित हुन नपरेको बताउँछन् सत्य र यथार्थमा विश्वास गर्ने अधिकारी अरूको धेरै सुन्ने र अन्तमा आफ्नो मौलिक धारणाबाट अरूलाई विश्वास दिलाई सुहाउँदा निर्णय लिन पारङ्गत छन्, उनलाई घरपरिवार, छरछिमेक, इष्टमित्र, साथीभाइ आदिले अत्यन्त मन पराउने साथै मिलनसार व्यवहारले पनि उनको बाह्य व्यक्तित्वको छनक र परिचय पाउन सकिन्छ ।

### २.२.२ **साहित्यकार व्यक्तित्व :**

विशेष गरी साहित्यिक व्यक्तित्व नै वेदनाथ अधिकारीको मुख्य व्यक्तित्व हो । कास्कीको साहित्यिक फाँटमा यिनी त्यति साह्रै चर्चित साहित्यकार नभए तापनि नेपाली साहित्यिक फाँटमा आफ्ना अमूल्य लेख र रचनाले ठूलो योगदान पुऱ्याएका छन् । साहित्य सिर्जना गर्नका लागि मौलिक ज्ञान मात्र यथेष्ट नभई वातावरण पेसा, शिक्षा रुचि रहनसहन आदिले पनि प्रमुख भूमिका खेलेको हुन्छ । सबै कुराहरूलाई आँकलन गरेर हेर्ने हो भने उनी मूलतः साहित्यिक व्यक्तित्वका रूपमा सशक्त कलम चलाउने र त्यसलाई पाठकसम्म लैजानुपर्छ भन्ने मान्यता राख्ने एक सदावहार साहित्यिक व्यक्तित्व हुन् । त्यति मात्र नभई साहित्यलाई नजिकबाट र गहिरो रूपमा बुझ्े मात्र त्यसको रसस्वादन हुने अनि त्यसको मर्म र भावनामा केन्द्रित भई प्रस्फुटित हुने शैली नै साहित्य हो । यस्तै साहित्यिक फाँटमा अधिकारीले सशक्त कलम चलाएका छन् । उनी विशेषत कविता र कथा विधामा आकर्षित भएको पाइन्छ ।

वेदनाथ अधिकारी काव्य साधनामा वि.स. २०२६-२७ सालबाटै लागेको देखिन्छ । उनी सोह्र, सत्र वर्षबाटै कविता कोर्ने छोटा-छोटा कथाहरू, गीतहरू लेख्ने र साथीहरूलाई सुनाउने गर्दथे । वि. स. २०२७ सालमा अर्चलेमा भएको राष्ट्रिय कविता महोत्सवमा **'अर्चलेबारी'** भन्ने कविताबाट बाहिरी रूपमा परिचित भएका

अधिकारी त्यसपछिको समयमा आफ्नो कवित्वपूर्ण प्रतिभाका साथै अन्य लेख रचनालाई लिएर सशक्त रूपमा अगाडि बढिरहेको देखिन्छ । उनले कविता मात्र नभई त्यसका अलावा कथा, गीत, भजन लेखनमा पनि बढी चासो लिएको पाइन्छ । उनले प्रकाशित गरेका अहिले सम्मका पुस्तकाकारका कृतिका रूपमा **आधुनिक युगका कविता** (२०३२) कविता सङ्ग्रह, **शम्शेर बहादुरको जीवन कथामा आधारित खण्डकाव्य** (२०३६) **गुराँस बुट्टे पछ्यौरी** कविता गीत तथा कथा सङ्ग्रह (२०४६) **धरती काँप्दै रून्छिन् खण्डकाव्य** (२०६२) **सर्वेश्वरी खण्डकाव्य** (२०६२) रहेका छन् । केही कथा तथा कविताहरू अझै पनि अप्रकाशित रूपमा नै रहेको पाइन्छ । उनले आफ्ना रचनाहरूलाई पत्रपत्रिकाबाट प्रकाशित गराउनुका साथै धेरै राष्ट्रिय स्तरका पत्रपत्रिकामा पनि उनका कविता राष्ट्रिय महत्त्वका साथ नै प्रकाशित छन् । वि.सं. २०३६ सालमा गोरखापत्रमा प्रकाशित **"दैवी दुर्घटना संग्राम"** कविताले राष्ट्रिय भाव र यहाँको यथार्थपरक घटनालाई उजागर गरेको पाइन्छ । जुन त्यति बेला निकै प्रशंसाको घेराभित्र रहेको थियो । गुणात्मक र परिमाणात्मक दुबै दृष्टिले उनका अन्य व्यक्तित्वका सापेक्षतामा कवि र कथाकार व्यक्तित्व नै उच्च रहेको छ र यिनै विधाबाट नै उनलाई साहित्यिक गरिमा प्राप्त भएको पाइन्छ ।

उनको काव्य प्रतिभाले विशेष गरी कविता क्षेत्रमा विशिष्टता प्राप्त गरेको छ । उनका कविता भन्दा गीत, कथा, भजन संख्यात्मक रूपमा हेर्दा अल्लि कमै भएको पाइन्छ । उनका अधिकांश कविताहरू झ्याउरे लोकछन्दमा रहेको पाइन्छ । उनले गद्य, पद्य र लोकलयमा पनि कविता रचना गरेका छन् । उनका अधिकांश कविता तथा गीत, भजनहरू समयसापेक्ष प्रकृतिको चित्रण वा समसामयिक घटना, यथार्थवाद, वैयक्तिक अनुभूति, असमानताको चित्रण आदि भाषामा केन्द्रित छन् । उनका कविता कथाहरू अत्यन्त सहज, सरल र स्वाभाविक रूपमा बुझ्न सकिन्छ । सरल सहज तत्सम, तत्भव र झर्रो नेपाली भाषाको प्रयोग गरिएका कविता विम्ब प्रतीकको प्रयोगले गर्दा सहज, सामाजिक र सुबोध्य देखिन्छन् । गद्यमा लेखिएका वेदनाथ अधिकारीका कविता मुक्तकले पनि सहृदयी पाठकको मन प्रमोदित पार्न सफल भएको देखिन्छ भने उनका कवितामा छन्द अलंकार प्रयोगमा कमजोरपन देखिए पनि भाव एवम् विचारका दृष्टिले उच्च कोटीका रहेका छन् भन्न सकिन्छ ।

अधिकारीका साहित्यकार व्यक्तित्व अन्तर्गत पर्ने विविध व्यक्तित्वहरूलाई छोटकरीमा तल प्रस्तुत गरिन्छ ।

### २.२.२.१ कवि व्यक्तित्व :

साहित्यकार वेदनाथ अधिकारीको साहित्यिक यात्रा कविताबाट नै शुरू भएको पाइन्छ । उनले विविध विषयमा कलम चलाए पनि कविताको माध्यमबाट नै चर्चा पाएको पाइन्छ । उनले प्रकाशित गरेका कृतिहरूलाई हेर्दा धेरै जसो कृतिहरू कविताकै छन् साथै अन्य फुटकर कविता पनि प्रशस्तै रहेका छन् । सरल, शिष्ट र संक्षिप्त आकार प्रकार भएका रचनाहरू मार्फत आफ्नो अभिव्यक्तिलाई पस्कन सक्ने क्षमता भएका कविहरूमध्ये अधिकारी पनि एक हुन् । उनका प्रथम चरण र दोस्रो चरणमा रचित कविताहरू सामान्य पाठकदेखि पठित विद्वानसम्म सबैले एकै पटकमा सजिलैसँग बुझ्न सक्ने खालका छन् । उनका कविताहरूलाई अध्ययन गर्दा देशभक्ति नेपाली ग्रामीण जनजीवन र प्रकृतिप्रेमको आत्मीय भावना प्रकट भएको पाइन्छ । उनले वि.सं.२०३२ सालमा प्रकाशित गरेको **आधुनिक युगका कविता** कृति भित्र पनि सामाजिक यथार्थ, समाजमा रहेको आर्थिक असमानताको चित्रण, नारीमाथिको थिचोमिचो, व्यङ्ग्य आदि समेटिएको पाइन्छ ।

वि.सं. २०४७ सालमा प्रकाशित कृति **गुराँस बुट्टे पछ्यौरी** भित्र रहेका गद्य र पद्य शैलीका कविताहरूले पनि कविको कवित्व शैलीलाई झल्काएका छन् । सामाजिक विकृति र विसङ्गतिहरूलाई प्रहार गर्दै समाज विकासको चिन्तन बढेमा सामाजिक चेतना फैलने कुरामा कविको जोड रहेको छ । त्यस्तै, २०६२ सालमा प्रकाशित **धरती काँप्दै रून्छिन्' 'सर्वेश्वरी** सहित खण्डकाव्यमा दैवी शक्ति सम्बन्धी धारणाहरू र मानवीय क्रियाकलापहरूको बारेमा चित्रण गरेका छन् । अन्य विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर कविताहरू र अप्रकाशित अवस्थामा रहेका कविताहरूलाई हेर्दा कविताको भाव स्पष्ट झल्कन्छ । यिनै उपर्युक्त विविध विषयवस्तुको उठान र मिलानले गर्दा उनीसँग प्रचुर मात्रामा कवि व्यक्तित्व भएको बोध हुन्छ ।

### २.२.२.२ कथाकार व्यक्तित्व :

वेदनाथ अधिकारीले कविता, निबन्ध, गीतका सँगसँगै कथामा पनि बढी रुचि दिएको पाइन्छ । उनले कथाको सन्दर्भमा छुट्टै पुस्तक नलेखे पनि समसामयिक पत्र पत्रिकाहरूमा प्रशस्त कथाहरू प्रकाशित गरेको पाइन्छ । उखान टुक्काहरूलाई आधार बनाएर कथाको माध्यमबाट समाजका विभेद, विसङ्गतिहरूलाई चोटिलो प्रहार गरेको पाइन्छ । त्यस्तै नियात्रा प्रसङ्गलाई पनि साहित्यकार अधिकारीले वास्तविक घटनासँग जोडेर राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित गरेका छन् । उनका सम्पूर्ण फुटकर कथाहरू सङ्ग्रह गर्ने हो भने पुस्तकका रूपमा नै हुन सक्ने भए पनि कतिपय उनी आफैसँग रहेको र पत्रपत्रिकाहरू पनि सबै सङ्ग्रह नगरेकाले वर्तमानमा ती अप्राप्त नै छन् । पछि ती विभिन्न पत्रपत्रिकामा कोरिएका कथाहरू सङ्ग्रहका रूपमा आउन सक्ने सम्भावना सशक्त देखिन्छ । त्यस्तै, उनका **नाटकीय कथा मित्रका कथा** हे ईश्वर 'लौ हो लौ' 'पश्चिम आकाशबाट' आदि अप्रकाशित रूपमा सुरक्षित अवस्थामा रहेको पाइन्छ भने दर्जनौ कथाहरू पत्रपत्रिकाबाट प्रकाशित भैसकेका छन् ।

### २.२.२.३ गजल तथा गीतकार व्यक्तित्व :

साहित्यकार वेदनाथ अधिकारीले कवित्वपूर्ण प्रतिभाले कविता, गीत, मुक्तक लगायत गीत र छिटपुट रूपमा गजलहरू पनि रचना गरेको पाइन्छ । उनका गीतहरूमा प्राकृतिक सम्पदाका बारेमा चिनारी पूर्वशैली त्यसको महत्त्व, त्यहाँको वस्तुस्थिति र परिवेशलाई व्यक्त गरेको पाइन्छ । कास्कीको ठूलाकोटका बारेमा उनले **"ठूला कोटमा बस्दिन अब म चित्रे गोठैमा"** भन्ने गीतबाट त्यहाँको ऐतिहासिक महत्त्वका बारेमा प्रष्ट पारेका छन् । त्यस्तै आफ्नै जन्मभूमि अर्चलेलाई चिनाउन पनि **"घर त मेरो अर्चले राम्रो काम गरियो सबै भरपरे"** भन्ने गीत निकै मन छुने खालको पाइन्छ । त्यस्तै, ताल, तलैया फाँट र त्यहाँको सुनौलो परिवेशलाई वर्णन गर्दै अन्य थुप्रै गीतहरू पनि उनले रचना गरेका छन् । तर तिनीहरू पनि अप्रकाशित रूपमा उनीसँगै सुरक्षित रहेका पाइन्छ । उनका यी गीत मुक्तकले देशभक्ति र प्रकृति प्रेम राष्ट्रियता प्रगतिशीलताका अनुभूतिलाई उपयुक्त किसिमका शिल्प एवम् प्रविधिद्वारा रङ्ग्याएर प्रस्तुत गरिएका छन् ।

### २.२.२.४ निबन्धकार व्यक्तित्व :

वेदनाथ अधिकारीले समसामयिक विषयसँग सम्बन्धित सामाजिक राजनीतिक लेखहरूलाई विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित गरेको पाइन्छ । उनका प्रकाशित फुटकर निबन्धहरूमा हाम्रो देश हाम्रा अथिति, माझठानाकी भगवती "श्री कुमारवर्ती देडचुलीमाई" आदि रहेका छन् । त्यस्तै, खास्टे ताल र तालबाराही भन्ने लेखलाई पनि उनले निबन्धात्मक शैलीबाट 'नर्बदर्पण' भन्ने पत्रिकाबाट प्रकाशित गरेका छन् । यसरी हेर्दा उनलाई उपर्युक्त निबन्धबाट पनि निबन्धकार व्यक्तित्व उनमा छ भनेर भन्न सकिन्छ ।

### २.२.३ सामाजिक व्यक्तित्व :

वेदनाथ अधिकारी साहित्य, राजनीतिक अतिरिक्त सामाजिक क्षेत्रमा पनि केही उल्लेखनीय काम गरेर समाजमा आफ्नो सामाजिक व्यक्तित्व कायम गर्न सफल सामाजिक कार्यकर्ता पनि हुन् । अरूको सुख दुःखमा सधैँ साथ दिने र अरूलाई सधैं सत्मार्गमा हिँडाउनुपर्छ भन्ने मान्यता राख्ने अधिकारी आफूभन्दा सानालाई उनीहरूको घरघरमा गएर सम्झाईबुझाई पनि गर्छन् । गाउँमा कर्मकाण्डीय पद्धतिलाई अँगालेका अधिकारी सबैका प्रिय गुरू छन् भने विद्यालयमा पनि नेपाली विषय अध्यापन गर्ने पाको उमेरका शिक्षक भएकाले सबैले आदारसाथ 'गुरू' भनी सम्बोधन गरेको पाइन्छ । उनले धेरैलाई उपनयन संस्कारमा गायत्री मन्त्र तथा दीक्षा मन्त्र सुनाएर उनीहरूलाई सत्मार्गमा हिँड्नका लागि प्रेरित गराउँछन् । आफू पनि चोखी नीति र निष्ठामा रही आध्यात्मिक चिन्तन मननमा सक्रिय भएका छन् उनी विकासप्रेमी व्यक्तित्व पनि हुन् । उनकै नेतृत्वमा आफ्नै गाउँ र वरिपरिका छिमेकी गाउँमा समेत खाने पानी, बाटोघाटो निर्माण पुलपुलेसा, स्वास्थ्यचौकी आदि निर्माणमा सक्रिय भूमिका खेलेका छन् । आफ्नो घर नजिकै विद्यालय खोल्ने काममा पनि उनले अत्यन्त सक्रिय भूमिका निभाएका थिए । त्यस्तै कवि शिरोमणि लेखनाथको सालिकलाई कास्कीको अर्घौंमा राख्ने काममा पनि उनी सक्रियताका साथ लागेको पाइन्छ । लेखनाथ पौड्यालको सालिक निर्माणको लागि राजकीय प्रज्ञा प्रतिष्ठानमा सङ्घर्ष गरेर तत्कालीन राजा वीरेन्द्रलाई पनि भेटी लेखनाथको सालिक उचित समयमा राख्न लगाउने काममा अधिकारीको प्रमुख हात रहेको छ ।

त्यति मात्र नभई उनी सामाजिक सेवामा अहोरात्र लाग्ने विभिन्न संघ-संस्थामा आबद्ध भई गाउँ तथा समाजको विकासमा सधैँ तल्लीन हुने र आर्थिक पक्षलाई सबैसँग सल्लाह र सुझावका आधारमा सङ्कलन गर्ने र हिसाबलाई पनि पारदर्शी तरिकाले जनतासम्म ल्याउने प्रवृत्ति उनमा भएकाले उनी एक सफल सामाजिक व्यक्तित्व हुन भनेर भन्न सकिन्छ । उनले हरेक घरधुरीबाट उठेको रकमलाई सधैँ सबै सँग पारदर्शी राखी काम गर्ने कार्यकर्ताको मात्र समाजमा उच्च छवि कायम हुन्छ भन्ने विचारबाट प्रभावित भएको पाइन्छ । त्यसैले आजका दिनमा पनि उनी विभिन्न संघ-संस्थामा आबद्ध भई वृक्षारोपण गाउँ सरसफाई अभियान, स्वस्थ्य जनचेतना अभियानमा संलग्न रही कार्य गर्दै आएको पाइन्छ । महिला सशक्तीकरण भयो भने समाजमा छिटो विकास हुन सक्छ भन्ने मान्यता राख्ने साहित्यकार अधिकारी नारी प्रधान सामाजिक साहित्यकारका रूपमा पनि परिचित छन् ।

**२.२.४ राजनीतिक व्यक्तित्व :**

मानिसले समाजमा आफूलाई स्थापित गर्न विभिन्न रूप विधा र क्षेत्रलाई अंगाले पनि राजनीतिक व्यक्तित्वले अझै त्यसलाई निखार्ने कुरामा दुईमत छैन । सबै व्यक्तित्वका रूपहरूमध्ये राजनीतिक व्यक्तित्वले मानिसलाई चतुर प्रभावशाली, कूटनीति र प्रखरवक्ताका रूपमा उभ्याउँछ । त्यति मात्र हैन जनतासँग प्रत्यक्ष रूपमा संलग्न रही जनताबाट नै उनीहरूको सङ्कट, अभाव र दुःखसँग साझेदारी गर्दै राजनीतिक अस्तित्त्व कायम राख्नु पर्ने हुँदा यस पद्धतिबाट व्यक्तित्व निर्माण गर्ने कुरा त्यति सजिलो छैन । साहित्यकार वेदनाथ अधिकारी पनि यिनै अभाव पीडा, रोदन दुःखलाई आत्मसात गर्दै समयसन्दर्भ परिवर्तित हुँदै सबैलाई समान हक र अधिकार दिनुपर्छ भन्ने मान्यता राख्ने व्यक्ति हुन् ।

उनको परिवार, इष्टमित्र र छरछिमेकमा धेरै जसो व्यक्ति तत्कालीन पञ्चायती व्यवस्थाप्रति आबद्ध थिए । यो शासन पद्धति निर्दलीय भएको हुनाले आफूले चाहेर पनि त्यसको विरूद्धमा कुरा उठाउने हिम्मत आउँदैनथ्यो । घरको सबै काम र घरैमा आमाबाबु र दाजुले कमाएको खाएर बस्नुपर्ने बाध्यताले उनी चाहेर पनि विद्रोह गर्ने स्थितिमा थिएनन् । यस्तै, परिवारमा फरक विचार राखे पनि सधैँ

पञ्चहरूको सङ्गत उठबस र मेलले गर्दा उनलाई पनि म सच्चा राष्ट्रवादी हुँ भन्ने लाग्यो र त्यही पञ्चायती व्यवस्थामा लिप्त हुन पुगे । नेपालमा भर्खरै प्रजातन्त्र स्थापना भएको केही वर्ष पछाडि उनको जन्म भएकाले र २०१७ सालमा पञ्चायती व्यवस्था लागु भएकाले त्यो ७, ८ वर्षको छोटो समय अवधिमा उनी कलिलै थिए । त्यसैले उनले विगतको प्रजातन्त्र स्थापनाको इतिहासलाई राम्ररी अध्ययन गर्न पाएनन् र केही सुझबुझ नगरी आफ्ना सबै त्यतैतिर छन् भन्ने अभिप्रायले पञ्चायती व्यवस्थातिर ढल्किएको मान्न सकिन्छ । तर पनि उनी राजनीतिक आस्थाका आधारमा बेइमानी र अरूलाई बिगार्ने हर्कत गर्नु हुँदैन भन्ने कुरामा सचेत छन् ।

उनको राजनीतिक भेटघाट त्यति बेलाका पोखरामा नाम चलेका पञ्चायती नेताहरू गणेश शेरचन राधेश्याम कमारो, उत्तम पुनसँग हुने गर्थ्यो । गणेश शेरचनसँग त उनी धेरै नजिक भएको पाइन्छ । स्व. राजा वीरेन्द्रसँग लेखनाथको सालिक राख्ने प्रसङ्गमा उनले पहिलो भेट गरेका थिए । राजा वीरेन्द्रकै निर्देशनमा राजकीय प्रज्ञा प्रतिष्ठानले लेखनाथको प्रतिमा स्थापनाका लागि सिफारिस गरेका बुझिन्छ । त्यसमा अधिकारीले खेलेको भूमिकालाई अहिले पनि त्यस क्षेत्रका साहित्यकार मुक्त कण्ठले प्रशंसा गर्दछन् । त्यस्तै, राजा वीरेन्द्र प्रत्येक विकासक्षेत्र घुम्ने क्रममा पोखरामा आउँदा उनलाई अधिकारीले भेटेका थिए । यसबाट पनि यो भन्न सकिन्छ कि उनको राजनीतिक एवम् व्यक्तिगत सम्बन्ध पहिलाका दरबारियाहरूसँग थियो । त्यस्तै, त्यति बेलाका जिल्ला सभापति डम्बरबहादुर कार्कीसँग पनि उनको विशेष सम्बन्ध भएको पाइन्छ । उनी जिल्ला सभापति हुँदा अधिकारीले थुप्रै विकास निर्माणको बजेटहरू आफ्नो ठाउँमा पारेका थिए र गाउँलाई विकास पथतिर लम्क्याउन सफल भएका थिए भन्ने कुरा गाउँले जनताहरूले आज पनि भन्ने गर्दछन् । तर उनी राजनेताहरूसँग निरन्तर भेटघाट गरे पनि राजनीतिक क्षेत्रमा प्रखर भएर भने निस्केनन् । उनी वास्तवमा राजनीतिक भन्दा साहित्यतिर नै बढी आकर्षित भएकाले उनले साहित्य क्षेत्रलाई नै उच्च कोटीमा राखी निरन्तर काम गरेको पाइन्छ ।

त्यसैले अधिकारी विभिन्न राजनीतिज्ञहरूसँग नजिक रहेर पनि राजनीतिमा आफूले असाध्यै चासो नराखेको उनी स्वयम् बताउँछन् ।

### २.२.५ कर्मकाण्डीय व्यक्तित्व :

वेदनाथ अधिकारीले अध्यात्मिक धारालाई बढी अँगालेको पाइन्छ । उनको पुर्खौली परम्परा जस्तै भैसकेको कर्मकाण्डीय पद्धतिलाई अधिकारीले पनि निरन्तरता दिइरहेका छन् । यता आधुनिक शिक्षा पद्धतिलाई अँगाल्दै शिक्षकको भूमिका पूरा गर्दैछन् भने घरमा पुरातन शैलीलाई अवलम्बन गर्दै श्राद्ध, रूद्री, वेदपुराण आदि वाचन गर्ने गर्छन् । यसरी चल्न उनलाई साह्रै गाह्रो परे पनि सबै व्यक्तिहरूलाई कथा भजन र प्रवचनको माध्यमबाट खुसी तुल्याएकै छन् । त्यति मात्र नभई घरमा आम्दानीको स्रोत पनि यसबाट भैरहेको छ । पहिला कुनै कमाइ नहुँदा समाजमै कर्मकाण्डीय कार्यबाट सबैको गुजारा चलेको थियो तर आज थुप्रै विकल्प भए पनि आफूलाई जुन बेला जुन पद्धतिको मार्गबाट आफू बाँचियो आज आएर त्यसलाई बिर्सनु र आत्मसात् गर्न नसक्नु मानवीय मुर्खता हो भन्छन् । उनले कास्की, तनहुँ, स्याङ्जा, लमजुङ सम्म पनि भागवत पुराण वाचन गर्न जाने र यसबाट भएको कमाइ पनि सन्तोषप्रद नै हुन्छ भन्दै अधिकारी यसलाई आफ्नो शिक्षक पेसाको निवृत्तीभरण पछि पनि निरन्तरता दिने पक्षमा देखिन्छन् ।

पहिलाका ठूला लेखक कविहरू धेरैले कर्मकाण्डीय पद्धतिलाई अँगाल्दै संस्कृत भाषालाई त्यही कर्मकाण्डका पुस्तकहरूको माध्यमबाट निखारेर आज ठूला पण्डित बनेका छन् । संस्कृत भाषा र तिनमा लेखिएका विविध तथ्यहरू कर्मकाण्डीय पद्धतिका लागि हाम्रो जनजीवनमा पूर्व अभ्यासको आधार बनेको छ । त्यस्तै अधिकारी पनि त्यही संस्कृतको जगबाट यहाँसम्म आएका हुन् भनेर मान्न सकिन्छ । उनले पुरातन शैलीबाट चलेको कर्मकाण्डीय पद्धतिलाई हुबहु अँगाल्दा आवश्यकता झन बढी हुने र झन्झट आईलाग्ने हुँदा अहिलेको समाज परिवर्तनको रूपसँगै जे-जे कुरा उपलब्ध हुन्छन् त्यहीबाट हामीहरू चल्नुपर्छ भन्ने परिवर्तित मान्यता राख्ने हुनाले पनि उनमा कर्मकाण्डीय व्यक्तित्व उच्च छ भन्न सकिन्छ ।

### २.२.६ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्त सम्बन्ध :

साहित्यकार वेदनाथ अधिकारी सामान्य परिवारमा जन्मिएर जीवनका विभिन्न आरोह अवरोह, हन्डर ठक्करबाट गुज्रिएर यहाँसम्म आइपुगेका हुन् । उनको पारिवारिक धरातललाई हेर्दा उनका बुबा पूर्ण रूपमा कर्मकाण्ड विधामा लागेका र

छोराहरूलाई पनि त्यही अनुरूप मार्गनिर्देश गरेको पाइन्छ । त्यसैको प्रतिफलका रूपमा वेदनाथ अधिकारी भाषापाठशालाको अध्ययनसँगै उच्च शिक्षासम्म आइपुगेको पाइन्छ । उनलाई यस बीचको समयमा साहित्यतर्फ नै केन्द्रित गर्नका लागि अन्य सहयोगी हातहरू प्रशस्त भए पनि यो विधातिर लम्कनका लागि स्वतस्फूर्त अन्त स्करणबाट नै सृजित फराकिलो मन र सोचाइ नै प्रमुख तत्त्वको रूपमा रहेको छ । पितासँगै कर्मकाण्डीय पद्धतिमा सरिक हुँदै सानै अवस्थामा ब्राह्मण आचार र नियममा रहनु पर्दा उनलाई कता-कता यसबाट प्रगति हुँदैन कि भन्ने मनमा लाग्दा लाग्दै पनि त्यसैलाई जीवनको प्रमुख ज्ञानको केन्द्र मान्दै आफ्नो विचारलाई फराकिलो साहित्य क्षेत्रको धरातल भित्र प्रवेश गराएको मान्न सकिन्छ । उनमा सानैदेखि आफूभन्दा ठूला बुद्धिजीवीहरूको सङ्गत गर्ने बानी सधैँ केही सिकौं र जानौं भन्ने भावना र अत्यन्त मीठो बोलीले गर्दा उनको बाल्यकालदेखि उच्च शिक्षा हासिल गर्दा समेत यस क्षेत्रमा ठूलै अप्ठ्याराहरू आइपरेका थिएनन् तर परिवारभित्रको आर्थिक विपन्नताका कारण खेती, किसानी नै प्रमुख आय भएकाले उनले शारीरिक परिश्रम भने खर्चिनुपऱ्यो । विहानै सबेरै उठेर मैदी दिपाङ्ग फाँटमा घाँस, पानी गर्दै लामो बाटो भारीसँगै घरमा आएर स्कुल जानुपर्ने त्यो गाउँले बाध्यात्मक बोझबाट उनी पनि अछुतो रहन सकेनन् । तैपनि दुःखलाई आत्मसात् गर्दै सुखको प्रतीक्षामा उनी निरन्तर लागि परे । यो उनको व्यक्तित्व निर्माणको प्राथमिक चरण नै थियो । त्यस्तै उच्च शिक्षा हासिल गरिसकेपछि विभिन्न ठाउँमा शिक्षकका रूपमा अध्यापनमा तल्लीन नै रहे । २०२५/२६ साल तिरबाटै यस क्षेत्रमा निरन्तर कलम चलाउँदै आएका भए पनि २०३२ सालमा मात्र **आधुनिक युगका कविता** सङ्ग्रह सर्वप्रथम प्रकाशित हुन आएको थियो । त्यसअघि देखि नै 'राष्ट्रिय कविता महोत्सव' मा सहभागी जनाउँदै आएका थिए । यसबाट पनि उनमा साहित्यिक व्यक्तित्व प्रखर रूपमा माझिएर आएको भन्न सकिन्छ ।

वेदनाथ अधिकारीले त्यति मात्र नभई आफ्नो कला संस्कृति, ज्ञान आदिलाई सधैँ सबैका सामु छर्लङ्ग पार्ने कोसिस गरेका छन् । अध्यात्मिक जीवनशैली अपनाएर हिँड्न चाहने अधिकारी भौतिक दर्शनमा पनि उत्तिकै विश्वास राख्छन् । संसारमा भैरहेका परिवर्तनलाई आत्मसात गर्दै आफ्नो जीवन शैलीलाई सङ्कुचित धरातलबाट

निकाली अध्यात्मकशास्त्र र भौतिक शास्त्रको बेजोड सम्बन्ध रहेको बताउँछ । विज्ञानको नियम अनुसार शक्तिलाई उत्पादन गर्न सकिँदैन तर एक रूपबाट अर्को रूपमा परिवर्तन गर्न सकिन्छ भनेझैँ मानिसको भौतिक शरीर नष्ट भए पनि आत्मा अर्को कुनै रूपमा बदलिएर शक्तिकै रूपमा रहन्छ भन्ने अधिकारी ज्ञानका हिसाबले नै मानिसको वर्ग र स्तर छुट्टिन्छ भन्ने बताउँछन् । उनी पेसाका सन्दर्भमा कहिले साहित्य लेखन, कहिले किसान, समाजसेवी शिक्षक बन्दै विभिन्न पेसा र क्षेत्रमा हात हाले पनि उनी मुख्यतः साहित्य लेखन र अध्यापक पेसामा मात्र सफल भएका देखिन्छन् । व्यक्तिका सन्दर्भमा अर्थात् सापेक्षतामा हेर्दा साहित्यकार व्यक्तित्वमा बढी निरन्तरता दिएको पाइन्छ । उनका साहित्यिक रचनामा उनले भोगेका जीवन त्यसको कटुयथार्थ, अनुभव, आकांक्षा निराशा कुण्ठा र उनीभित्र दनदन्ती बलेको आगो उनले कल्पना गरेका जीवन, जीवनका घातप्रतिघात लोक परिवेशले जन्माएको अनुभूतिहरूका साथै सामाजिक यथार्थता प्रतीकात्मक रूपमा प्रस्तुत भएको पाइन्छ । उनका कृतिहरूको अध्ययनबाट प्राप्त अनुभूतिहरू प्रतिविम्बत भएको तथ्यलाई यसै शोधपत्रको पछिल्ला परिच्छेदहरूमा प्रष्ट पार्ने काम गरिएको छ । उनको जीवनमा आइपरेका चापप्रतिचाप बाह्य र आन्तरिक वातावरणबाट सजिएको परिवेशबाट साहित्यिक राजनीतिक अध्यात्मिक र सामाजिक व्यक्तित्व निर्माण भएको हो ।

साहित्यकार वेदनाथ अधिकारीको साहित्यिक व्यक्तित्वका विभिन्न रूपहरूमध्ये कवि एवम् गीत तथा कथाकार व्यक्तित्व नै उच्चस्तरको देखा पर्दछ । नेपाली भाषा साहित्यका विभिन्न संघ संस्थाहरूको निर्माण कार्यमा क्रियाशील रहनु उनको साहित्यिक व्यक्तित्वको सहयोगी देखा पर्दछ । आफ्नो छुट्टै पहिचान राख्ने अधिकारीले साहित्य सृजनामा चार दशक लामो समय व्यतीत गरिरहेका छन् । रातदिन जोस-जाँगर लगाई साहित्यमा निरन्तर साधनारत वेदनाथ अधिकारी साहित्यिक गतिविधि पत्रिकाको प्रकाशन, शिक्षक, नेता आफ्नो अध्ययन र सामाजिक सेवामा निरन्तर खटिरहेको पाइन्छ । यस्ता कर्मठ, परिश्रमी साधनारत तथा पौरखी वेदनाथ अधिकारीको जीवनी, व्यक्तित्व र साहित्य सिर्जनाका बीचमा एक-अर्काको प्रभाव एवम् अन्त सम्बन्ध गहिरो रूपमा रहेको पाइन्छ ।

# परिच्छेद : तीन
# साहित्यकार वेदनाथ अधिकारीको साहित्यिक यात्रा

## ३.१ साहित्यकार वेदनाथ अधिकारीको साहित्यिक यात्राको चरण विभाजन

सानै उमेरदेखि दुःख कष्ट र ठक्करहरूलाई आत्मसात् गर्दै त्यसैमा रमाउँदै आएका साहित्यकार वेदनाथ अधिकारीको साहित्यिक यात्राको प्रारम्भ बाल्यकालदेखि नै थालनी भएको पाइन्छ । पेसाले सबै परिवारका सदस्यहरू कृषि कार्यमा संलग्न भएकाले उनका बाल्यकालको अवस्था पनि मेलापात, खेतीपाती आदि गरेर कसरी उत्पादन बढाउन सकिन्छ भन्ने सोचमा नै केन्द्रित रह्यो । त्यही दिनचर्याको बाटोमा विभिन्न सोचहरूलाई केन्द्रित गर्दै क्रमिक रूपमा आफ्नो वैचारिक धारालाई निखार्दै लगेको पाइन्छ । कहिले दुःखसँग त कहिले सुखसँग हातेमालो गर्दै आफ्नो योग्यता र अनुभवको कार्यथलो साहित्यिक क्षेत्रमा लगाउनु र सफलता प्राप्त गर्नु साधारण कुरा होइन । उनको यस्तै जीवनको विविध पाटाहरूको चर्चा परिचर्चा अगाडिकै परिच्छेदमा गरिएको छ । उनका जीवनका विभिन्न व्यक्तित्वहरु मध्ये साहित्यिक व्यक्तित्व नै सर्वाधिक र चर्चित देखिन्छ । आफ्नो प्रतिभा र क्षमतालाई विभिन्न कार्य क्षेत्रमा पस्कँदै, कहिले कथाको माध्यामबाट समाजमा देखिएका विसङगतिहरूलाई औंल्याएर समाधानतर्फ केन्द्रित बनाउने त कहिले कविता, निबन्ध र गीतबाट मनोरञ्जन प्रदान गर्दै संस्कृति र पुरातन धरातलबाट समाजलाई माथि उकास्न प्रेरणा दिदै आएको पाइन्छ । विशेष गरी नेपाली साहित्यमा यति लामो समय लगभग चार दशक पार गरिसकेका अधिकारीको साहित्यिक यात्रालाई विभिन्न आधारबाट व्याख्या एवम् अध्ययन गर्न सकिन्छ ।

साहित्यकार वेदनाथ अधिकारीको काव्य यात्राको विभिन्न चरणहरूको निरूपण गर्ने खास मान्यता एंव आधारहरू छन् । उनले कविता महोत्सवमा भाग लिएको र उनको सर्वप्रथम प्रकाशित कविता सङ्ग्रहको आधारलाई लिएर उनको काव्य यात्राको चरण विभाजनको रेखा कोर्न सकिन्छ । मूलतः साहित्यिक लेखनको प्रारम्भदेखि

हालसम्म प्रकाशनमा आएका वा अप्रकाशित साहित्यिक कृतिहरूको भिन्नता आदिका आधारमा उनको चार दशक लामो साहित्यिक यात्राका दुईवटा घुम्ती वा मोडको सङ्केत गर्न सकिन्छ । उनका ती दुई वटा मोड तथा घुम्तीले साहित्यिक यात्राको इतिहासलाई दुई चरणमा विभाजन गर्न उपयुक्त आधार दिन्छ । ती दुई घुम्ती तथा चरण वि.सं. २०२५ देखि २०४२ सम्म र २०४३ देखि हाल सम्म गरी विभाजन यस प्रकार अध्ययन गरिन्छ ।

### ३.१.१ प्रथम चरण (२०२५-२०४२ सम्म) :-

साहित्यकार वेदनाथ अधिकारीको साहित्यिक यात्राको पहिलो चरण अर्न्तगत २०२५ सालदेखि २०४२ सालसम्मको काल अवधिलाई मान्न सकिन्छ । छिटपुट रूपमा विद्यालयमा हुने कार्यक्रममा सहभागी भई आफ्नो प्रतिभालाई प्रष्फुटन गर्दै आए पनि उनको लेख रचनाहरू पत्रपत्रिका र राष्ट्रिय समारोहमा वि.स.२०२५ सालबाट बाहिर आएको पाइन्छ । यसलाई हेर्दा वि.स.२००९सालमा जन्मिएका वेदनाथ २०२५ सालमा १६, १७ वर्षको कलिलो उमेर देखि नै यस यात्रामा अगाडि बढ्नु उनको साहित्य क्षेत्रको अभिरुचि नै हो भन्न सकिन्छ । सानै अवस्थाबाट कवि शिरोमणि लेखनाथ पौडेलका कविता तथा लेखबाट प्रभावित भएका अधिकारी आफ्नो साहित्यक यात्राको प्रारम्भिक चरणको थालनी पनि कविताबाट नै शुरू गरेको पाइन्छ । वि.सं.२०२७ सालमा अर्चलेमा भएको राष्ट्रिय कविता महोत्सवमा **"अर्चले बारी"** भन्ने कविता वाचन गरेका अधिकारीले त्यसपछि आफ्ना रचनाहरूलाई निरन्तर रूपमा पस्किदै आए । त्यस कविता महोत्सवमा पनि मुख्य रूपमा व्यवस्थापनको जिम्मा पाएका अधिकारीले सानै उमेरमा ठूला राष्ट्रिय कविहरू सँग भेटघाट र परिचय गर्न पाएकामा आफ्नो साहित्यिक यात्राको पहिलो चरण नै पहिलो सफलता भएको बताउँछन् । त्यसपछि उनी आफ्नै गाउँबस्तीहरूमा अभियान कै रूपमा कविता वाचन गर्ने कार्यक्रमहरू आयोजना गर्न सफल भए । कालिका, वेगनास, माझठाना सिसुवा खुदी आदि गाउँ नजिकका छिमेकी गाउँमा पनि उनले यस कार्यलाई सशक्त रूपमा अगाडि बढाएका थिए । यस विषयमा अझ सत्यतथ्य बुझ्नका लागि उनका अग्रज गुरू कालिका गा.वि.स. वडा नं ४ निवासी ज्योतिष मनोहरी त्रिपाठीसँग बुझ्दा उनबाट अधिकारीका बारेमा सकरात्मक प्रतिक्रिया प्राप्त भयो । "हेर्दा सानो-

सानो फुच्चे केटो अत्यन्त चलाख र साहित्यिक भाषाको प्रयोगले भविष्यमा यो यस यात्रामा सफल हुन्छ भनेको थिएँ आज त्यस्तै भयो" (त्रिपाठी मनोहरि, २०६९ साउन २५ गते प्रत्यक्ष कुराकानी) । त्यसैले यस चरणमा उनले लघु कविता, कथा र गीतहरू पनि रचना गरेको पाइन्छ । यिनले कविता र वैद्धिक कथाहरू लेख्नमा अत्यधिक रुचि देखाएको पाइन्छ । उनले छात्र जीवनदेखि नै कविता लेख्न शुरू गरे पनि कतिपय कविता त्यसै हराएर गए भने कति नछापिएर पाण्डुलिपिकै रूपमा रहेको कुरा स्वयम् शोध नायक नै बताउँछन् ।

यस्तै, साहित्य यात्राको दौरानमा निरन्तर लाग्ने क्रममा वि.सं २०३२ सालमा **आधुनिक युगका कविता** सङ्ग्रह प्रकाशित गर्न सफल भए । उनले यस कविता सङ्ग्रहलाई तीन खण्डमा विभाजित गरेका छन् । खण्ड 'क' र 'ख' मा कवितालाई प्राथमिकताका साथ राखेका छन् भने खण्ड 'ग' मा गीतहरू राखिएको छ । खण्ड 'क' मा राखिएका एघार वटा कविताहरू छन्दवद्ध तरिकाले रचना गरेका छन् भने खण्ड 'ख' का अठार वटा कविता गद्यमा छन् । खण्ड 'ग' मा तीन वटा गीतहरूलाई राखेको पाइन्छ । यसरी यो कविता तथा गीति कविता सङ्ग्रहमा प्राकृतिक सौन्दर्य मानिसहरूको जनजीवन, भाषा, संस्कृतिलाई उच्च प्राथमिकता दिदै कतै-कतै समाजका विसंगति र विकृतिप्रति व्यङ्ग्यात्मक रूपमा चित्रण गरेको पाइन्छ । हामीले हाम्रो साहित्यलाई विश्वको उच्च साहित्यको दाँजोमा पुऱ्याउने प्रयास गर्नु परेको छ । भन्दै यो कविता सङ्ग्रह प्रथम कृतिको रूपमा बाहिर आएको पाइन्छ । २०३२ सालमा प्रकाशित भएको यस **आधुनिक युगका कविता** सङ्ग्रहले मदन गुठी 'मदन पौरख' मा ऐतिहासिक स्थान ओगट्न सकेको साथै वि.सं २०३२ सालमा उक्त विशेष सङ्ग्रह नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा दर्ता भई ठूलो स्थान प्राप्त गरेको थियो । त्यसैलाई आधार बनाएर वि.सं २०३२ सालमा चलेको हवाई कविता आन्दोलनमा साहित्यकार अधिकारीको कविता सहभागी गराइएको थियो । वि.सं २०३३ सालको जेठ महिनामा कविलाई कविता पढाईदिनु भनी हवाईपत्र मार्फत प्रज्ञा प्रतिष्ठानबाट दिइएको निमन्त्रणालाई हेर्दा हवाई कविता आन्दोलनमा पनि उनी सक्रिय रहेको पाइन्छ ।

**आधुनिक युगका कविता** सङ्ग्रह 'मदन पौरख' मदन पुरस्कार पुस्तकालयमा भएका पुस्तकहको सूचीमा परेको थियो ।

साहित्यकार वेदनाथ अधिकारी वि.सं. २०३४ साल आषाढ ९-१२ गते सम्म चलेको बृहत् साहित्य भेलामा समेत भाग लिएका थिए । उक्त कार्यक्रम नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले आयोजना गरी प्रज्ञा भवन कमलादीमा सम्पन्न गरेको थियो । त्यस अवसरमा गण्डकी अञ्चलबाट सहभागी साहित्यकारहरू मध्ये वेदनाथ अधिकारी र लम्जुङका दीपक सोती थिए । त्यस अवसरमा अधिकारीले दुई कविता वाचन गरेका थिए "घुम्दै आ चरी" र "आकाश तोडौं झैं" यी कविताहरू वाचन गर्दा उनलाई अधिकांश पाठक साहित्यकारहरूले प्रशंसा गरेका थिए । "आकाश तोडौं झैं" कविता वाचन गर्दा उनलाई उनकै अग्रजहरूले धन्यवाद समेत दिएका थिए । यसरी विभिन्न राष्ट्रिय कार्यक्रमहरूमा सहभागी भई अत्यन्त मार्मिक कविताहरू प्रस्तुत गर्दै आफूमा भएको प्रतिभालाई निखारिने किसिमले उनले पाइला चालेका थिए । जुन उनको पहिलो चरणको ठूलो सफलताको रूपमा चित्रण भएको पाइन्छ ।

साहित्यकार वेदनाथ अधिकारीको दोस्रो कृतिको रूपमा **"शम्शेर बहादुरको जीवन कथामा आधारित दुखान्त खण्डकाव्य (२०३६)" लाई** लिन सकिन्छ । उनको यो कृति कुनै काल्पनिक नभई सत्य घटनामा आधारित छ । हरेक नेपालीका घर धुरीधुरीमा दुःख सुखका सत्य कथालाई प्रस्ट पार्नुपर्छ भन्ने आशय यस खण्डकाव्य भित्र पाइन्छ । लेखनाथको सालिक स्थापनार्थ उनले तत्कालीन राजा वीरेन्द्र समक्ष विन्तीपत्र पनि चढाएका थिए तर राजा वीरेन्द्रबाट यो माग सम्बन्धित निकाय समक्ष प्रस्तुत गरी सालिक निर्माण गर्न समेत सिफारिस गरेको पाइन्छ । उनले लेखनाथको प्रतिमा स्थापना गर्नका लागि गरेको मिहेनेत र देखाएको साहसलाई पनि उनको साहित्यिक यात्राको पहिलो चरणको साहसिक सफलता हो भन्न सकिन्छ ।

साहित्यकार अधिकारीका यस चरणका कविता तथा गीतहरूमा देवकोटाको स्वच्छन्दतावादी एवम् बालकृष्ण समको ठाडो शैली बढी प्रयोग भएको देखिन्छ । लयविधानका दृष्टिले हेर्दा उनले यस चरणका कवितामा लोक, संस्कृत र गद्य गरी तीन छन्दको छनोट गरेको पाइन्छ । गीतहरू विशेष गरी झ्याउरे र लोकलयमा नै

रहेको पाइन्छ । कथाहरू भने बढी पौराणिक शैलीमा नै रहेका छन् । उनले आफ्ना लेख रचनाहरूमा भाषाका दृष्टिकोणले सरल सुबोध्य र सरल प्रस्तुति अँगालेको पाइन्छ । अधिकारीले यस चरणका लेख रचनामा विभिन्न क्षेत्रलाई सङ्केत गर्दै विम्ब र प्रतीकहरूको प्रयोग पनि गरेको पाइन्छ ।

अधिकारीका लेख तथा रचनामा भाषा प्रयोगका दृष्टिकोणबाट हेर्दा उनको यस चरणका रचनामा तत्सम, तत्भव र झर्रो नेपाली र कतिपय ठाउँमा आगन्तुक शब्दको पनि प्रयोग देखा पर्दछ, तर पनि अधिकारीको यस चरणको शैली तथा लेखन कला पूर्णरूपमा खारिएको नभै आभ्यासिक सिकारू र कोरा नै देखापर्दछ भने भाषाशैली दुबै सरल रहेको ठहर्छ । प्रथम चरणको अन्त्यतिर आइपुग्दा अधिकारीको भाषाशैली र प्रतिभामा निकै नै निखार आएको पाइन्छ ।

साहित्यकार अधिकारीलाई विद्यार्थी जीवनको भाषा पाठशाला हुँदै माध्यामिक तहसम्मको कालावधिमा विभिन्न साहित्यिक कार्यक्रम गोष्ठी, कवि र साहित्यकारसँगको निरन्तर भेटघाट आदिको प्रभावले साहित्य क्षेत्रमा लाग्नका लागि प्रेरणा मिलेको थियो । उनका कविता तथा लेखहरूमा विशेष गरी प्रगतिवादी कवि युद्धप्रसाद मिश्र, स्वच्छन्दतावादी कवि लक्ष्मीप्रसाद देवकोटा र शास्त्रीयतावादी कवि शिरोमणि लेखनाथ पौड्यालका कविताहरूको छनक भेट्न सकिन्छ । उनले यिनै हस्तीहरूका लेख र रचनाहरू प्रशस्त मात्रामा अध्ययन गर्ने अवसर पनि पाएका थिए । महाकवि देवकोटाको **मुनामदन**, लेखनाथ पौड्यालका **तरूणतपसी**, **सत्यकलि संवाद** र **ऋतु विचार** जस्ता कृतिहरूको गहन अध्ययन, साहित्यकार मुकुन्दशरणसँगको भेटघाट, साहित्यकार विजय मल्लसँग रा.प्र.प्र.मा भएको भेटघाट, संस्कृत साहित्यका काव्य कृतिहरूको अध्ययन साथै अर्न्तराष्ट्रिय कवि विलियम वडर्सवर्थ, हिन्दी साहित्यकार प्रेमचन्दका कृतिहरूको अध्ययनले पनि उनलाई नेपाली साहित्यको फाँटमा लाग्ने अझ ठूलो उत्साह मिलेको पाइन्छ । उनी देवकोटाको स्वच्छन्दतावादी काव्यधाराप्रति बढी आकर्षित भएको देखिन्छ । त्यस्तै गरी गद्यकवि एवम् शास्त्रीय छन्दमुक्त धाराका कवि गोपालप्रसाद रिमालको कवित्व एवम् कवि व्यक्तित्वबाट पनि प्रभावित भएका उनका काव्य कृतिहरूबाट थाहा हुन्छ । वि.सं २०३२ सालमा माझठाना गा.वि.स.को “पहिरेमा गएको पहिरो” दुःखद् घटना घट्दा

“दैवी दुर्घटना संग्राम” कविता ‘गोरखापत्र’ बाट प्रकाशित भएको थियो । त्यति वेलाको समयमा उनको कविताले राम्रै ख्याति पाएको थियो । मिठो,सरल र उत्कृष्ट ढङ्गले लेखिएको यस कविताले प्राकृतिक संरचना खल्बलिएको प्रभाव कतिसम्म नरसंहार अनियन्त्रित हुन्छ भन्दै कविताबाटै प्राकृतिक संरचनाको संरक्षण गर्न उद्घोष गरेको छ । उनले यस समयमा थुप्रै कविताहरू लेखे पनि संरक्षणको अभावले र मिडियाहरूको कमीले गर्दा केही फुटकर कविताहरू मात्र त्यस बेलाका विशेष गरेर राष्ट्रआवाज साप्ताहिक पत्रिकामा छापिएको पाइन्छ । यिनका लेखरचनाहरूमा सिलसिला मिलेको, शब्दमा भावुकता, यथार्थता, देशभक्ति, राष्ट्रप्रेम, प्रकृति चित्रण गरिएकाले उनको अभिव्यक्तिगत प्रस्तुति वैयक्तिक नै देखिन्छ । भाषिक प्रयोगका कोणबाट मूल्याङ्कन गर्दा उनका यस चरणमा लेखिएका कृतिहरूमा विशेष गरी कवितामा सुकोमल, ललित, मधुर, सरल, तत्सम, तत्भव, झर्रो र आगन्तुक शब्दहरूको प्रयोगशैली शृङखलित र आभ्यासिक रहेको पाइन्छ । अधिकारीका यस चरणका सम्पूर्ण लेख रचना र कथाहरूलाई अवलोकन गर्दा उनी प्रकृतिवादी, यथार्थवादी र सामाजिक विचार राख्ने साहित्यकारका रूपमा परिचित छन् ।

साहित्यकार अधिकारी शिक्षण पेसामा यसै चरणको अन्त्यतिरबाट लागेको पाइन्छ । उनले २०२६ सालमा आफ्नो गाउँमा पण्डितहरूको भेला गरी समाजलाई कसरी समय सापेक्ष लैजान सकिन्छ भनी त्यसलाई रेखदेख गर्ने एउटा पण्डित समिति गठन गरे र आफू त्यसका सचिव भएर काम गरे । अन्ततः यो गठित पण्डित समितिको लगातारको सङ्घर्ष र प्रयासका कारण २०४१ सालमा लेखनाथ प्रतिभा स्थापना भएको कुरा बुझिन्छ । यसरी आफूले थालनी गरेको काममा अनवरत रूपमा विचलित नभई सबैलाई साथ-साथै लिई हिँडेका साहित्यकार अधिकारी यस चरणका सफल एवम् साहसिक कविका रूपमा परिचित छन् ।

### ३.१.२ **द्वितीय चरण :- (२०४३ -हालसम्म )**

साहित्यकार वेदनाथ अधिकारीको साहित्यिक यात्राको दोस्रो चरणका रूपमा २०४३ सालदेखि हालसम्मको समयावधिलाई लिन सकिन्छ । उनको जीवनले यस समयावधिमा विभिन्न प्रकारको समस्या पीडाहरूलाई भोग्दै, पन्छाउँदै र सङ्घर्षको बाटोबाट अगाडि बढ्नुपर्ने जोखिम यात्रालाई अँगाल्न पुग्छ । साहित्यक यात्राको

प्रथम चरणबाट नै जागिरेका रूपमा रहेका अधिकारीले शिक्षकका रूपमा सर्वप्रथम मनाङ्ग जिल्लामा अध्यापन गरेका थिए । पछि आफ्नै गाउँ नजिकै पचभैयाको विद्यालयमा सरूवा भएपछि उनको साहित्यिक यात्रालाई लेखनाथको जन्मभूमिबाट नै अगाडि बढाएका हुन् । उनी पेसाले शिक्षक मात्र नभई किसान पनि हुन् । आफ्नो घरपरिवार र व्यवहार सञ्चालन गर्नका लागि मास्टरी जागिर पनि खानुपर्ने, साँझ बिहान र विदाका दिन घरको खेतीपाती लगायत अध्ययनलाई पनि अगाडि बढाउनु पर्ने छोरा छोरीको पढाइ पट्टि पनि ध्यान दिनुपर्ने, समाजमा रहेका यावत सामाजिक समस्या र झन्झटसँग जुध्नुपर्ने स्थिति थियो । यिनै जीवनका कठीन क्षणहरूले गर्दा उनलाई केही भावुक बनायो तर उनी जीवनबाट कहिल्यै थाकेनन्, साहित्य क्षेत्रबाट पलायन हुने विचार पनि मनमा आउन दिएनन् र आफ्नो दुःख र अभावको जीवनचर्यालाई सुरक्षित बनाउँदै जीवनवादी बाटोमा डोऱ्याउँदै लग्न थाले । यी सम्पूर्ण घटनाहरूले गर्दा अधिकारीको सोचाइमा पनि केही निखारपन देखिन्छ ।

अधिकारीको जीवनले भोगेका विभिन्न आरोह अवरोह र उतारचढाबका फलस्वरूप पनि साहित्य लेखनको यो दोस्रो चरणको यात्रा शुरू गरी विभिन्न लेख रचना गर्न थाले । उनको पहिलो चरणको तुलनामा यस चरणका कविता लेख साहित्यिक मूल्य र मान्यताका कोणबाट हेर्दा केही गुणात्मक भएको अनुभूति हुन्छ । यस अवधिमा कृतिका रूपमा धेरै लेख रचना आदि नलेखे पनि फुटकर कथा, कविता, निबन्ध तथा गीतहरू धेरै पत्रपत्रिकाहरूमा प्रकाशित भएको देखिन्छ । यस अवधिमा उनले केही गीति नाटकहरू पनि रचना गरेको पाइन्छ । विभिन्न उखान टुक्काहरूलाई विश्लेषणात्मक ढङ्गबाट लेखी तिनीहरूबाट अहिलेको समाजलाई प्रेरणा दिने अनि समाजलाई नयाँ ढङ्गबाट परिवर्तन गर्नुपर्छ भन्ने सोच यस समयका उखान टुक्काबाट पाउन सकिन्छ । यस चरणको शुरूवात वि.सं २०४५ सालमा 'राष्ट्रआवाज' साप्ताहिकमा "समाजसेवी कार्यकर्ताहरूको अवस्था" शीर्षकमा लेख प्रस्तुत गरेका थिए । वि.सं २०४६ सालमा शंकर र वसन्त प्रकाशक रहेर कविता गीत तथा कथा सँगालो **गुराँस बुट्टे पछ्यौरी** देखा पर्दछ ।

यस कविता तथा गीति संगालो भित्र पाँच वटा खण्ड रहेका छन् । एक देखि चार खण्डमा विभिन्न शैलीका कविता तथा गीतहरू र पाँचौ खण्डमा केही कथाहरू छन् । कृतिको पहिलो खण्डमा दश वटा गीतलाई राखिएको छ भने खण्ड दुईमा एकतीस वटा गद्य कविताहरूलाई राखिएको छ । त्यस्तै खण्ड तीनमा चार वटा सांस्कृतिक वीर रसका कविता छन् भने चौथो खण्डमा सोह्र वटा गीतिछन्द कविताहरू राखिएका छन् । सङ्ग्रहको पाँचौ खण्डमा तीन वटा कवितासहित सांस्कृतिक खोजी नीतिबाट भन्ने उपखण्ड राखी "ठूलाकोट भैरवनाथ" भन्ने शीर्षकमा निबन्धात्मक लेख प्रस्तुत छ । त्यसै कृतिको अन्त्यमा एउटा "राष्ट्रभाषाको फिराद पत्र" भन्ने शीर्षकमा भ्याउरे लयमा गाइने गीत प्रस्तुत छ । यसरी यो कृतिलाई निहालेर अध्ययन गर्दा परिस्थिति जन्य गीत, रसपूर्ण कविता र निकै नौलाखालका कथाहरूलाई स्थान दिएको देखिन्छ ।

साहित्यकार वेदनाथ अधिकारीले वि.सं २०६२ सालमा 'लेखनाथ साहित्य प्रतिष्ठान नेपाल' प्रकाशक रहेर प्रकाशित दुई खण्ड काव्य **'सर्वेश्वरी' सहित धरती काँप्दै रून्छिन्** देखा पर्दछन् । यी दुई काव्यमध्ये पहिलो काव्यमा सृष्टि स्थिति र मानवीय क्रियाकलापलाई आफूले आर्जेको ज्ञानका आधारमा उल्लेख गरेका छन् । दोस्रो काव्यमा शक्ति सम्बन्धी कथा र धारणाहरूलाई समावेश गरिएको छ । आफ्ना सपना र चेष्टाहरूको गतिविधि पनि यसै भित्र समाविष्ट छन् । उनले यसमा सृष्टि र संरचनाको औचित्य माथि गम्भीर प्रश्न उठाएका छन् । उनले यस काव्यलाई अत्यन्त रसयुक्त बनाएका छन् भने शैलीलाई पनि संस्कृत छन्द र लोकलयका रूपमा मिश्रित गरेका छन् । उनका यी काव्यहरू उनको प्रथम चरणमा नै लेखिएका हुन् तापनि यसमा राखिएका कविताहरू अप्रकाशित भै पाण्डुलिपिकै आधारमा थन्किएर रहेका थिए । पछि 'लेखनाथ साहित्य प्रतिष्ठान नेपाल' ले सबै रचनाहरूलाई सङ्कलन गरी सँगालोका रूपमा प्रकाशित गरेको पाइन्छ । अधिकारीको कविता लेख्ने, छोड्ने र जतन नगर्ने बानीले त्यसै अवधिमा लेखिएका कयौं लेखहरू कविताहरू, कथाहरू जीर्ण भै आफूले नबुभ्ने र कतिपय हराएको पनि शोधनायक स्वयं बताउँछन् । खोजीका क्रममा नभेट्टाइनुले पनि हराएकै अर्थ लाग्दछ ।

अधिकारीको वि.सं २०४७ सालमा प्रकाशित भएको कृति **गुराँस बुट्टे पछ्यौरी** भित्र गीत, कविता तथा कथाहरूलाई समावेश गरिएको छ । खण्ड एकका कविताहरूमा 'यो नेपाली वीर युवक' मा नेपालको प्रजातन्त्र स्थापनाका लागि सहिदहरूले देखाएको वीरता, 'मेरो देश बाँचे मलाई भो' मा नेपाली जनताको जनशक्ति कमजोर भए पनि यहाँको राष्ट्रियताप्रति आँच नआओस् भन्ने भाव, 'पहराको विरूवा' मा जीवन सङ्घर्षशील छ र त्यसलाई आत्मसाथ गर्दै परिवर्तनका लागि अगाडि बढ्नुपर्छ, 'मनको व्यथा मनभित्रै' छ मा आफूले दु:ख सहेर पनि अरूको साम् झुक्नु हुन्न, 'यो धर्तीमा चिनु छाड्नु छ' मा आफू मरेर गएपनि आफूलाई सम्झीराख्ने अमरत्वपूर्ण काम गर्नुपर्छ । 'आँशुकाडी नरोउ सँगी हो' मा जस्तोसुकै दु:ख परेपनि त्यसलाई मनमा लिएर सुख खोज्ने उपाय अपनाउनुपर्छ भन्ने आशय साहित्यकार अधिकारीका यी गीतहरूमा व्यक्त भएका छन् ।

त्यसै कृतिको खण्ड 'ख' मा गद्य कविताहरूबाट अधिकारीले 'सित्यै खालास यो पृथ्वी' मा सत्य र तथ्यका साथ अगाडि बढ्नुपर्छ, 'जागिर नखाने अठोट' मा योग्यताको आधारमा भन्दा पहुँचका आधारमा जागिर खाने धेरै छन् भन्ने आशय व्यक्त गरेका छन् । 'हिड्दै छस् पाइला मेट्दै छस्' मा निरर्थक परिणाम निस्कने कुरामा समय वर्वाद गर्नु निरर्थक हुने संकेत गर्दै, 'टार्नै नहुने मुद्दा' मा नेपालको सीमानाको जग्गा मिचिएको बारेमा त्यसलाई सही तरिकाले सीमाङ्कन गर्नुपर्ने जोड, 'महाजाल भित्रबाट' मा शोषक सामन्तीहरूले सिधा निमुखा जनताहरूलाई जालभित्र पारेको कुरा व्यक्त गरेका छन् । त्यस्तै ' आकाश तोडौं झैँ' कवितामा अर्काले गरेको थिचोमिचोमा आफू दबिएर बस्नु हुँदैन त्यो जाललाई फालेर बाहिर निस्कनु पर्छ भन्ने संकेत गरेका छन् ।

'गए तिम्रा जमाना' मा अरूलाई लोभ्याएर अरूलाई फँसाएर आफू अमिर बन्ने समय अब छैन, जनता सबै बुझ्न सक्ने भैसकेका छन् भन्ने भाव, 'मनको आगो' मा राष्ट्रको राष्ट्रियता र नेपालको अस्मिता बिग्रन्छ कि भन्ने चिन्ता, 'सम्पत्ति के भन्छ' मा मानिस लाचारी भई सम्पत्तिको पछाडि दौडिनु हुँदैन भन्ने सन्देश, 'गरिब के भन्छ' मा आफू गरिब भए पनि राष्ट्रलाई गरिब बनाउनु हुँदैन भन्ने भाव, 'सगरमाथा' कवितामा सगरमाथा नेपालकै गौरव हो र त्यसलाई सगरमाथाको देश

भनी चिनाउनुपर्छ भन्ने उद्घोष, 'साहित्य' मा जलपानबाट प्राप्त हुने स्वाद भन्दा साहित्यलाई बुझ्दाको रसपान बेग्लै प्रकारको हुन्छ भन्ने संकेत, 'स्रष्टा र सृष्टिमा' स्रष्टाहरूको सम्मान, 'म होसियार हुँ'मा कसैले बिगारेको काममा हात हाल्नु भन्दा पहिले नै त्यसलाई सच्याएर अगाडि बढ्ने प्रेरणा दिनुपर्छ भन्ने भाव उनले यस कविता मार्फत व्यक्त गरेका छन् । उनको सांस्कृतिक वीर रसका कवितामा भगवान् भैरव, चक्रदेवी र गोरखकाली दक्षिणकालीका बारेमा अत्यन्त मार्मिकताका साथ खोजमूलक अनुसन्धानमूलक कविताहरू रहेका छन् । खण्ड '४' भन्दा पहिले उनका खण्ड '३' मा रहेका कविता मध्ये "भएन अब भैरव जाग" र चक्रदेवीसँग कविताहरू रेडियो नेपाल सांस्कृतिक कार्यक्रमबाट प्रसारित भएका छन् । उनका खण्ड ४ का गीति छन्द कविताहरू सोह्र वटा रहेका छन् । जुन छन्द कविता भित्र एक सय उनन्तिस पद्यको विस्तारित आयाम फैलिएको छ । यस खण्डको सबैभन्दा राम्रो कविता 'मातृभूमिप्रति' हो । यो कविता दश पद्यमा विभाजित भई **गुराँस बुट्टे पछ्यौरी** कविता संगालोमा राखिएको छ । त्यस्तै 'संघर्ष गर्नुछ' कविता साढे नौ पद्यमा विभाजित छ साथै सफलताका लागि संघर्ष गरी परिणाम राम्रो निकाल्नु नै हो भन्ने आशय, 'पहाडी किसान म' मा स्वच्छ दिलबाट उत्पादन गरेर सबैको मनमा शान्ति दिलाउने किसान हुँ तर वम, वरूद र गोली लिएर आतङ्क मच्चाउने व्यक्ति होइन भन्ने आशय, 'बेहोसी नहोऊ' मा देशभक्ति र राष्ट्रियता प्रतिको मायाका कुराहरूलाई ओजस्वी ढङ्गबाट प्रस्तुत गरेका छन् । त्यस्तै, अन्त्यको खण्डमा तीनवटा कथामध्ये पहिलो कथा 'वचनवाण लागेकी बघिनी' मा विजयाकुमारी धेरै पटक प्रवेशिका परीक्षामा सफल नहुँदा उनका परिवार र श्रीमान्ले दिएको वचनवाण कटु बनी प्राप्त गरेको सफलताका बारेमा चित्रण गरिएको छ । दोस्रो कथा 'गुरासबुट्टे पछ्यौरीमा' यथार्थ घटनालाई आधार बनाएर पानमतिले दुःखका साथ किनेको उक्त पछ्यौरी आफूले ओड्नै नपाई भीरबाट खसेर मर्नपरेको दुःखान्त आत्मकथालाई व्यक्त गर्दै कास्कीको मिजुरे गा.वि.स. छापडाँडामा उत्तरतर्फ हरियोभुइँ भएको गुराँस बुट्टे पछ्यौरी देख्न सकिन्छ भन्ने कुरा यसै कथा मार्फत व्यक्त गरेका छन् । 'संघर्षशील कोपिला नानी' मा नारीको आफ्नो अस्तित्व र अस्मितामा कसैले आँच पुऱ्याउन नसकोस र उनीहरू आफ्नो स्वतन्त्रतामा बाँच्न पाऊन् भनी कोपिला नानीले

अर्न्तजातीय विवाह स्वैच्छिक तरिकाले गरेको कुरालाई दर्साइएको छ । त्यस्तै सांस्कृतिक खोजी नीतिबाट ठूलाकोट भैरवनाथका बारेमा उत्पत्ति महत्त्व र त्यसलाई सञ्चालनका लागि राखिएको गुठीका बारेमा छर्लङ्ग दर्साउने कोसिस गरेका छन् । यो भैरवनाथ सांस्कृतिक धरोहरको महत्त्वलाई लिएर साहित्य तथा रेडियो नेपाल सांस्कृतिक कार्यक्रमबाट प्रसारित भएको बुझिन्छ ।

साहित्यकार अधिकारीले यसै चरणमा फुटकर कविता गीत र कथाहरू मात्र प्रकाशित गरे । उनले २०६२ सालमा **घरती काँप्दै रून्छिन्** खण्डकाव्य प्रकाशित गरे । चार सय दुई वटा पद्यहरूलाई समावेश गरिएको छ भने कवितालाई एक्काइस वटा शीर्षकमा छुट्टाइएको छ । सबै भन्दा पहिलो सर्गमा ‘उद्‌भिज’ कवितालाई सबैभन्दा बढी जम्मा ६६ वटा पद्यमा छुट्टाइएको छ । यसमा पृथ्वीमाथि गरेको अतिक्रमणप्रति आक्रोश व्यक्त गर्दै सम्पूर्ण जीवहरूको सञ्चालन अदृश्य ईश्वरीयशक्तिबाट भएको कुरालाई मान्नै पर्ने कुरामा जोड दिएका छन् । त्यस्तै **धरती काँप्दै रून्छिन्** खण्डकाव्य भित्र अर्को काव्य **सर्वेश्वरी** राखिएको छ । जसमा सर्वेश्वरी १ देखि ११ सम्म जम्मा पाँचसय पन्ध्र पद्यहरूमा विभाजन गरिएको छ । सर्वेश्वरी १ देखि ११ सम्म दैवी शक्तिको बारेमा लेख्दै आफूले भोगेका अप्ठ्यारा र असहज परिस्थितिको गतिविधिलाई पनि समाविष्ट गरेको पाइन्छ ।

साहित्यकार अधिकारीका कविता, गीत, निबन्ध र कथाहरू मोफसलका पत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ । वि.सं. २०५० सालदेखि २०६५ साल सम्म प्रकाशित कथा कविता जीवनीहरूलाई मुख्य मुख्य यथासक्य खोजेर यहाँ समेटेने प्रयास गरिएको छ । वि.सं. २०५१ साल भाद्र २१ गते ‘जनमत’ दैनिक पत्रिकामा “विश्व विद्या आश्रम” भन्ने कविता प्रकाशित भएको थियो । त्यस कवितामा कवितालाई विश्व विद्या आश्रम स्वर्ग हो भनी सम्झनुपर्छ भन्ने आशय व्यक्त गरेका छन् । त्यस्तै, **‘राष्ट्र आवाज’** साप्ताहिकमा उनका धेरै लेख रचनाहरू प्रकाशित छन् । वि.सं. २०५२, ५३, ५४, ५५ सालमा प्रकाशित लेखहरूको यहाँ छोटकरीमा वर्णन गरिएको छ । विशेष गरी उखान टुक्कालाई आधार बनाएर लेखिएका लेखहरूमा वि.सं.२०५२ जेठ ३० गते “भदौमा आँखा फुटेको गोरू सधैँ हरियो देख्छ” । २०५३

मा "हात्ती उडाउने वतास लाग्यो प्यूरी खोज्छेस राँड", "कहाँ जालस मछली मेरै ढडिया", "पोइ न पाते जोइ न चुरा", "घरमा खाने मुलाको साग वजारमा लगाउने कोपीको धाक", "तित्राको मुखै वैरी", "बाघको मुख खाए पनि रातै नखाए पनि रातै", "मुखमा राम राम वगलीमा छुरा", "अमर पूजा", "देशै वरी हल्ला भोकै परे चल्ला", "राँडीलाई लैजाउला नभन्नु दुःखीलाई दिउँला नभन्नु" आदि रहेका छन् । त्यस्तै वि.सं.२०५४ मा प्रकाशित लेखहरूमा "बाह्र वर्ष ढुंग्रोमा राखे पनि कुकुरको पुच्छर बाङ्गै", "कच्चा वैद्यको मात्रा यमपुरीको यात्रा", "दुःख पाइस मंगले आफ्नै ढंगले", "नुन खाने भए पोइ टोक्थिस राँड", "वाँदरका हातमा नरिवल", "वैद्यको गलगाँड जउसीकी छोरी राँड" र "स्वर्ण प्रतीक्षा" कविता प्रकाशित गरेका छन् । वि.सं. २०५५ मा वैशाख ३० गते "जीव सर्ने गति छ कि" "प्राज्ञहरूको मर्मबाट प्राप्त कविता" र २०५४ मा "तेजोवोध" भन्ने कविता पनि प्रकाशित छन् ।

अधिकारीका लेख रचना मध्ये केहीको मात्र टिपोट यहाँ गरिएको छ । वि.सं. २०५६ मंसिर ४ गते 'आदर्श समाज' राष्ट्रिय दैनिक पत्रिकामा "आमाको छाला काढ्न तयार छोरा छोरीहरू" भन्ने लेख प्रकाशित भएको छ । जसमा देशलाई युद्धतर्फ धकेल्न हुदैन शान्तिको मार्गबाट नै अगाडि बढाउँ भन्दै कवि, कवयित्री, पत्रकार, लेखक आदिलाई आव्हान गर्दै निर्भीकताका साथ कलम वाण हिर्काऊँ भन्ने आशय व्यक्त गरिएको छ । वि.सं २०५६ फागुन १ गते आइतवार आ.स.रा.दै. पत्रिकामा "सगरमाथाको देशमा कलमवीरहरूले विश्व किर्तीमान गर्ने लक्षण देखाए" भन्ने लेख प्रकाशित छ । जसमा पृथ्वीनारायण क्याम्पसमा कवि रत्नदेव शर्मालाई सम्मान गर्ने क्रममा स्रष्टाहरूले विश्वरङ्गमञ्चमा सगरमाथाको देशको अन्नपूर्ण र माछापुच्छ्रेको काखमा रहेको अर्चलेलाई साहित्यिक तीर्थस्थल घोषणा गर्नुपर्छ भनी व्यक्त गरेका कुराहरूलाई वर्णन गरिएको छ । त्यस्तै, २०५६ मार्ग १८ गते आ.स.रा.दै. पत्रिकामा "पोखरामा सिद्धिचरण के गर्दै हुनुहुन्छ" फागुन २३ गते "मानिस मानिसकै भयले पीडित" र माघ २७ गते "श्रीपञ्चमी" र "सिद्धीदात्री वरदायिनी" (कथा) आदि प्रकाशित भएका छन् । त्यस्तै, वि.सं. २०५६ जेठ १९ गते विहिबार आ.स.रा.दै. पत्रिकामा "प्रत्यक्ष परमेश्वर अग्नि र अग्नि स्थापना" भन्ने लेख

प्रकाशित छ जसमा भौतिकवादीहरूले अग्निलाई गरेको प्रयोग र अध्यात्मवादीहरूले अग्निलाई गरेको प्रयोगमा अग्निको शक्तिलाई एउटै रूपमा व्यक्त गरिएको छ ।

त्यस्तै २०५७ चैत १० गते शुक्रवार वर्ष २० अंक ४४ 'जनमत' दैनिकमा "प्राण रक्षा गर्ने बुद्धि सिद्धिदात्रीले दिनुहुन्छ" भन्ने कथामा एउटी पापिनी आमाले वच्चा जन्माएर जंगलमा फालेपछि गाईले देखेर गाईले थुनबाट दूध खसाली दिई पालेको कुरालाई व्यक्त गरिएको छ । वि.सं. २०५७ जेठ ३२ गते बुधवार वर्ष ५ अंक ५६ आ.स.रा.दै. मा "चौताराको प्रतिष्ठा र हाम्रो हिन्दु धर्म" भन्ने लेखमा चौतारामा रोपिएको वरको फेदमा शिव र पार्वती र पीपलको फेदमा लक्ष्मी नारायणको पूजा गरिन्छ भन्ने कुरा व्यक्त छ । वि.सं. २०५७ जेठ ३१ गते मंगलवार वर्ष-५, अंक-५५ आ.स.रा.दै. मा "जगतपिता परमेश्वर दैवलाई पनि दिने मानिस" भन्ने कथामा आफ्नो भगवानलाई बचाउन एउटा किसानले अजिङ्गर सँग युद्ध गरेको र भगवानसंग किसान हारेको कुरालाई अभिव्यक्त गरिएको छ ।

वि.सं २०५७ भाद्र ६ गते मंगलबार वर्ष-१ अंक-२१६ मा 'पोखरा पत्र' दैनिकमा "राष्ट्रिय प्रतिभा पीडामुक्त नभएसम्म राष्ट्र स्वच्छ हुँदैन" भन्ने लेख प्रकाशित छ । त्यस्तै उनका अन्य लेखहरूमा "दिल छुन नसक्ने साहित्यले समाजमा परिवर्तन ल्याउन सक्दैन" ('हटलाइट' रा.दै.वर्ष-३, अंक ११२) "आदर्श र लवाइ खवाइले माहात्म हुने होइन" (आ.स.रा.दै २०५७) 'जसले यो पृथ्वीमा जन्मन पठायो उसको ध्यान गर्नु कर्तव्य हो' (२०५७ भाद्र २४), "सूर्यदर्शनको महत्त्व" (२०५७ जेठ १६), निन्द्रा "विष्णुमाया भगवतीले रचना गर्नुभयो" (२०५७ भाद्र २६), पवित्र विचारले जहिले पनि सम्मान पाउँछ (२०५७ असोज ११), "दैवले पनि ज्यानको बदला ज्यान नै लिइदिने रहेछ"(कथा २०५७ असोज १५), "जंगली काँडालाई मानिसले तिखारेका होइनन्" (२०५७ असोज ६).......(आ.स.रा.दै) त्यस्तै २०५७ मै वैशाख २२ गते नवदर्पण पत्रिकामा "ठूलाकोट भैरवनाथ एक परिचय" (२०३४ सालमा रेडियो नेपालबाट प्रसारित सार संक्षेप), "अरूका दुःख पनि आफ्नै जस्तो सम्झने गुण महापुरूषमा हुन्छ" (२०५७ चैत्र २० गते जनमत दैनिक), 'मृगराजको सराप टार्न खैंजडीको छाला' (कथा २०५७/८ आ.स.रा.दै), "वनस्पतिमा पनि श्रीखण्ड देखि कुकाठसम्मको अन्तर" (२०५७ हटलाइन पुस २९ गते) "मानिसले

कागलाई यमदुत भन्दै आएका छन्" (२०५७ माघ ११ हटलाइन), "जंगली जनावर आफ्ना डाक्टर आफै हुन्" (२०५७ १५ आ.स.रा.दै), "कवि कलाकारहरूका ध्वनिले पत्थर पगाल्छ" (कार्तिक १ हटलाइन २०५७), "दुर्व्यसन रोकथाम गर्न सबैले प्रयास गर्नुपर्छ" (२०५७ मंसीर ११ हटलाइन), "कमलवीरहरूले भोकै कलम चलाइरहनुपर्छ" ('हटलाइन' २०५६) "बाठाहरूले लाटाहरूलाई जहिले पनि भुकाउँथे" (२०५७ ३० गते शुक्रबार पोखरा पत्र दैनिक), "गाई हिन्दुहरूको आरध्य माई" (२०५७ साल आश्विन १८ गते बुधबार 'पोखरा पत्र') वि.सं २०५८ वैसाख २३ गते आइतबार 'जनमत' दैनिकमा "सिन्दुर सिन्दुरको बोटमा फल्छ" भन्ने लेख प्रकाशित छ यसमा नेपालका वनजंगलहरूमा सिन्दुर भन्ने बिरूवा पाइन्छ, जब त्यसमा फल लाग्छ त्यसपछि त्यो फल पाक्छ पाकेको फल टिपेर मिच्दा शुद्ध चोखो सिन्दुर प्राप्त गर्न सकिन्छ भनी सिन्दुरको महत्त्वको बारेमा चर्चा गरिएको छ । त्यस्तै उनका अन्य लेखहरूमा "भेष बदलीरहने कलाकारले नाटक रमाइलो बनाइदिन्छ" (२०५८ 'जनमत' दैनिक) "नेपालको कल्कीवाल (डाँफे चराले विश्वलाई नै आश्चर्य पारेको छ" (जनमत दैनिक २०५८ वैशाख ४ गते मंगलबार) "डाँफे कलात्मक तरिकाले नाच्छ" (२०५९ 'पोखरा हटलाइन' मा डाँफे जहाँ देखिएला त्यही नै स्वर्ग भनी लेखकले भनेका छन् । २०५९ साल मंसीर १२ गते विहीबार 'जनमत' दैनिक वर्ष २० अंक ११ मा "नागरिकहरूमा उदासिन बढे राष्ट्र र राष्ट्रियता नै समाप्त हुन्छ" "कर्मेष्टि महापुरूषका बर्वाद परिएको एकादेश" ('समाधान' रा. दैनिक २०६०) "कलमवीरहरूले रल्याइदिइएका छन् दुनियालाई" ('जनमत' दैनिक २०६०),२०६२ वैशाख ४ गते आइतबार वर्ष-१० अंक-४ आ.स.रा.दै मा "कास्कीको अतिप्राचीन भैरवकाली नृत्य" कास्की जिल्ला गा.वि.स.कालिकामा अवस्थित भैरवनाथको महत्त्व घटिरहेको र वडा दशै र चैते दशैमा चलाउँदै आएका नृत्यहरू पनि लोप हुन लागेको बारेमा चिन्ता व्यक्त गरेको छन् । २०६२ वैशाख २१ गते बुधबार वर्ष- अंक-१२ आ.स.रा.दै मा "भ्रष्टचारीहरू दानवै हुन्" विशिष्ट समाजको स्थापना गरी भ्रष्टाचारीको जरो उखेल्न राज्यकोशको दुरूपयोग गर्ने भ्रष्टचारीलाई सामाजिक वहिष्कार गर्दै लैजानुपर्छ भन्ने आशयलाई व्यक्त गरेका छन् ।

यसका सँगसँगै उनले प्रकाशित नगरेका तर उनकै हस्तलिखित भएका अन्य थुप्रै निबन्ध गीत तथा कथाहरू पनि प्रशस्तै भेटिन्छन् । 'ओख्ले नव चण्डीका देवी' शीर्षकमा उनले एउटा महत्त्वपूर्ण लेख लेखेका छन् । जसमा यसको ऐतिहासिक महत्त्व र त्यसको विकासक्रमलाई प्रष्ट पार्न खोजिएको छ । त्यस्तै "म नजाती" शीर्षकमा लेखिएको निबन्ध पनि त्यत्तिकै महत्त्वको छ । जसमा अरूको स्वार्थका लागि ल्याइएका जति पनि प्रस्ताव छन् तिनको स्वीकार नगर्नाले मानिस समाजमा नजाती हुँदोरहेछ तर स्वावलम्वी मानिसले त्यो कदापी स्वीकार गर्न सक्दैन भनी नजाती भएपनि राम्रो र सत्यमार्गमा हिड्नुपर्ने कुरामा जोड दिएका छन् । त्यस्तै, 'पश्चिम आकाशबाट' भन्ने निबन्ध, 'हाम्रो देश हाम्रा अतिथि' निबन्ध, 'श्री कुमारवर्ती देउचुलीमाई' निबन्ध, 'माझठानाकी भगवती चमेली देवी' निबन्ध, "नाटकीय कथा भित्र कथा", 'हे ईश्वर', 'लौन हो लौ' आदि लेखहरू सुरक्षित अवस्थामा नै छन् । त्यस्तै उनले "शिक्षकद्वारा विद्यार्थी माथि हुने दुर्व्यवहार" भन्ने निबन्धलाई सानो बुलेटिन बनाएर छपाई प्रकाशित गरेको पाइन्छ । जसमा कारण प्रकृति, असर तथा समाधानका उपायासहित वर्णन गरिएको छ । उनका केही गीत पनि रहेका छन् ती गीतहरूमा "लाग्छ उराठ", "आपत्ती पर्दो रहेछ", "साझा धनमा नलगाऊ ज्ञानी हो आगो वनमा", "फूल फूलेको छ", "लाली गुराँस", "ठूलाकोटैमा बस्दिन अब म चित्रे गोठैमा", "दु:खका बेदना", आदि अप्रकाशित तर सुरक्षित अवस्थामा नै रहेका छन् । त्यस्तै कविताहरूमा "सिद्धान्त गौरव", "बाह्र हजार राजाको देश" (व्यङ्ग्य कविता), "मानिसको शत्रु", "ज्यूँदै मारिएकाहरूको आवाज", आदि पनि कुनै प्रकाशित त कुनै अप्रकाशित अवस्थामा नै रहेका छन् । कवि शिरोमणि लेखनाथ पौडेलका हजुरबुबा राधाकृष्ण पौड्याल, बुबा दुर्गादत्त पौड्याल र उनका गुरू श्रीकान्त अधिकारीद्वारा हस्तलिखित पद्धतिहरू पनि साहित्यकार अधिकारीसँग रहेको पाइन्छ ।

साहित्यकार अधिकारीले यस चरणका कविता तथा लेखहरूमा राष्ट्रियता, देशप्रेम, सुन्दर प्रकृतिको चित्रण, समाजमा धनीले गरिब माथि गर्ने शोषण थिचोमिचो, अन्याय अत्याचार, जस्ता विषयहरू समावेश गरेका छन्, साथै पहिलो चरणका तुलनामा यस चरण केही खारिएर आएको देखिन्छ । यस चरणका लेख रचनाहरुमा उनले विम्ब, प्रतीक, व्यङ्ग्य, आर्थिक असमानता, युगीन यथार्थ

वास्तुस्थितिको चित्रण, सामाजिक चिन्तनलाई पनि प्रशस्त स्थान दिएको पाइन्छ । यस चरणको भाषिक प्रयोग परिष्कृत र परिमार्जित भएको देखिन्छ । तत्सम, तत्भव, नेपाली झर्रा शब्दहरूका साथै आगन्तुक शब्दहरूको पनि सन्तुलित प्रयोग भएको पाइन्छ । यस चरणका लेख तथा रचनामा शीर्षक र मूलभाव बीच अन्तः सङ्गति राम्रो बन्न गएको छ । यसकारणले पनि प्रथम चरणका तुलनामा यो चरण बढी उर्वर देखिन्छ ।

# परिच्छेद : चार
# वेदनाथ अधिकारीको कृतित्वको अध्ययन

## ४.१ पृष्ठभूमि

कास्की जिल्ला कालिका गा.वि.स. वडा नं.४ मा जन्मेका वेदनाथ अधिकारी हाल कास्कीकै कालिका गा.वि.स. वडा नं.१ अर्चलेमा बस्दै आएका छन् । उनका कविताहरूलाई अध्ययन गर्दा उनी सामाजिक यथार्थवादी धाराका कवि हुन् । वि.स.२०२५ सालबाट आफ्नो लेखन कार्य सुरु गरेका हुन् । अधिकारीका हालसम्म ४ वटा पुस्तकाकार कृतिहरू प्रकाशित छन् । जसमा **"आधुनिक युगका कवितामा कविता"** र केही गीतका अध्ययहरू राखिएका छन् । त्यस्तै २०३६ सालमा सानो खण्डकाव्य "शम्शेर बहादुरको यथार्थ जीवनमा आधारित" रहेको छ । यस लघुखण्डकाव्यमा कविताको शैलीबाट समाज हुल्याहा भयो भनी औंल्याउदैं समाजसेवीहरूले अब समाजको मर्म पीडा र व्यथालाई बुभ्नु पर्ने कुराको भाव व्यक्त भएको छ । त्यस्तै उनको अर्को तेस्रो कृतिमा **गुराँस बुट्टे पछ्यौरी** (२०४७) सालमा प्रकाशित भएको छ । यसमा गीत, गद्य कविता र कथा समाष्टि गरिएको छ । वि.स. २०६२ सालमा "धर्ती कात्दै रून्छिन्" सर्वेश्वरीसहित खण्डकाव्य प्रकाशित छ । यी बाहेक अधिकारीका फुटकर कविता र लेखहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित हुदैं आएका छन् । साहित्यका विविध विद्या मध्ये कविता र कथा नै मुख्य विधाको रूपमा रहेको पाइन्छ ।

## ४.२ कविताको विधागत परिचय

साहित्यका विभिन्न विधामध्ये कविता प्राचीन विधा हो । यसका पनि केही नयाँ उपकरण रहेका छन् । साहित्यलाई पूर्ण पाकृति प्रदान गर्न केही आवश्यक तत्त्वहरू रहन्छन् । पूर्वमा कविताका तत्त्वहरूमा कल्पना, भावना, विवेक, कविको भाषा जगत हासपरिहास तथा चमत्कार आदिलाई काव्यको आन्तरिक तत्त्व र रीति

गुण, औचित्य वा शब्दालंकार आदिलाई काव्यको बाह्य तत्त्व मनिन्छ । पश्चिममा विषय, संरचना, विम्वप्रतीक, अलङ्कार, लय, अनुप्रास शब्दयोजना, वाक्य विन्यास भाषाशैली आदिलाई कविताका संरचक तत्त्व मानेको पाइन्छ । यसै आधारमा कविताका संरचक तत्त्वको रूपमा विषयवस्तु वा भावविधान, संरचना, भाषाशैली, छन्द र लय विम्ब, अलंकार र प्रतीक जस्ता घटकहरू पर्दछन् । यिनै कविताका तत्त्वका आधारमा वेदनाथ अधिकारीका कविता सङ्ग्रहको अध्ययन गरिएको छ ।

## ४.३ आधुनिक युगका कविता कृतिको अध्ययन

### ४.३.१ कृति परिचय

साहित्यकार वेदनाथ अधिकारीको आधुनिक युगका कविता कृति वि.सं. २०३२ सालमा प्रकाशित कृति भित्र २०२५ सालदेखि २०३२ सालसम्म रचना गरेका कविता तथा गीतहरू समाविष्ट गरिएका छन् । यस कृतिभित्रका कविता तथा गीतहरूमा गरिब जनताका पीडा, मर्म, व्यथा, अन्याय, अत्याचार जस्ता सामाजिक विकृति विसंगतिका बारेमा र कतिपय आफ्नै वैयक्तिक अनुभूतिका बारेमा पनि लेखिएको छ । यस कृतिलाई ३ खण्डमा विभाजित गरिएको छ । पहिलो खण्डमा लोकछन्दमा आधारित कवितामा ‘संघर्ष गर्नुछ’, ‘कोइलीसँग’, ‘यो आत्मा तिम्लाई भो’, ‘कागती छ चिनु’, ‘घुम्दै आ चरी’, ‘कविता लेखियो’, ‘पहाडी किसान म’, ‘झोला भित्र प्राकृत कविता’ ‘यो नाच घर हो’, ‘गाइ रहुझैं लाग्छ’, ‘कविता गीत’, ‘तीन काव्यका एकएक टुक्रा’ रहेका छन् । दोस्रो खण्डमा गद्य शैलीमा लेखिएका कविताहरू रहेका छन् जसमा ‘के विधिवंस गर्छ उसले’, ‘गरिब के भन्छ’, ‘पृथ्वी नै ठहर्थिन सबैकी जन्मदाता’, ‘साहित्य सगरमाथा’, ‘म होसियार हुन्छु’, ‘चलन चाँजो’, ‘जीवनको टुङ्गोमा’, ‘गए तिम्रा जमाना’, ‘सूर्यसँग’, ‘आकाश तोडौं झैं’, ‘ए शिशिरका बादल’, ‘जिन्दगी’, ‘मुक्त को छ ?’, ‘मनको अगाडि अचम्म कथा कविताहरू’, ‘मेरो कविता’, ‘विकासको अर्थ’, ‘शान्तिको खोजमा’, ‘बादलको संसार’ रहेका छन् । खण्ड ग का गीतहरूमा ‘मन हुन्छ भरंग’, ‘नमस्ते सबलाई’, ‘विदाइ सलाम छ’ रहेका छन् ।

उपर्युक्त कविता गद्य र पद्य दुबै शैलीमा रचना गरिएका छन् । पद्य अर्न्तगत उनका सबै कविता झ्याउरे लोक लयमा रचना भएका छन् । यस कृति भित्र रहेको 'आकाश तोडौं झैं' कविताले त्यति बेलाका कवि, कवयित्रीहरूको मन छोएको हुनाले निकै प्रशंसनीय बनेको थियो भनेर शोध नायक स्वयम् बताउँछन् ।

### ४.३.२ संरचना

संरचना भन्नाले त्यसको बनावट तथा आकार भन्ने बुझिन्छ । **आधुनिक युगका कविता**को बाह्य बनावटलाई हेर्दा सानो आकारको रहेको छ । चौंतीस पृष्ठमा विस्तारित यस कृतिमा साना ठूला गरी एघार वटा कविता पद्य शैलीमा छन् भने १९ वटा कविता गद्य शैलीमा छन् । अन्तमा तीन वटा गीतहरूलाई पनि स्थान दिइएको छ जुन लोकलयमा आधारित छन् । यस सानो पुस्तिका भित्र रहेका कवितालाई अध्ययन गर्दा कविताहरूको पङ्क्ति सङ्ख्या एकै नभई फरक-फरक रहेका छन् । सबै भन्दा छोटा कविता आठ हरफका छन् भने सबै भन्दा लामो कविता "म होसियार हुन्छु" छत्तीस पङ्क्तिमा संरचित छ । यी कविताहरूको आन्तरिक संरचना संगठित नै छ भने सबै ठाउँमा अन्त्यानुप्रास राम्रोसँग मिलेको पाइँदैन ।

### ४.३.३ विषयवस्तु वा भावविधान

वेदनाथ अधिकारीको **"आधुनिक युगका कवितामा"** सङ्कलित कविताहरूमा विषयवस्तुगत विविधता पाइन्छ । विविध विषयवस्तुलाई समेटेर कविता रचना गर्ने अधिकारीका यस सङ्ग्रहका कवितामा सामाजिक, प्राकृतिक, राष्ट्रियता, राजनैतिक, स्थानीयता, कर्मवादी चिन्तन खोजअनुसन्धानमूलक आदि विषयवस्तुको चित्रण गरेका छन् । यस बाहेक उनले यस कृतिमा आफ्नै वैयक्तिक अनुभव र गीतहरू पनि लेखेका छन् । यसबारे सङ्क्षेपमा तल चर्चा गरिन्छ ।

#### क) सामाजिक विषयवस्तुको चित्रण

साहित्यकार वेदनाथ अधिकारीको **आधुनिक युगका कविता** कृति भित्र सङ्कलित कविताहरूमा समाज चिन्तन प्रशस्त भएको पाइन्छ । भक्तिधारा एवम् प्रगतिशील धाराका कवि अधिकारी गद्य र पद्य दुबै शैलीलाई अवलम्बन गरी समाज सुधारको गतिलाई निरन्तर अगाडि लैजानु पर्छ, यसमा सबै वर्गको सहयोगको खाँचो पर्छ भनी सबैलाई एकताबद्ध भई समाज विकासमा लाग्नु पर्ने चिन्तन प्रकट गर्छन ।

समाजमा भएका विकृति विसङ्गतिका विरूद्ध कवि उभिएको पाइन्छ । समाजमा रहेका शोषक भ्रष्टाचारीलाई ध्वस्त पार्नुपर्छ भन्ने भाव उनका यस कृति भित्र रहेका कविताहरुमा पाइन्छ । समाजमा घटिरहेका घटनाहरुलाई सारवस्तु बनाएर समाजमा कस्ता सुधारात्मक कामहरु गर्न सकिन्छ भन्ने उत्प्रेरणा उनका कविताहरूबाट पाइन्छ । समाज एउटा ठूलो शक्ति हो यसलाई आत्मबोध गर्न सकेमा मात्र आफ्ना जीवनका समस्याहरूलाई पनि धेरै हदसम्म हल गर्न सकिन्छ र मान सम्मान र इज्जत पनि सधैं उच्चो रहिरहेको हुन्छ भन्ने आशय उनका कविताहरूमा पाइन्छ । समाजमा हुने जातीय असमानतालाई चिर्दै समाजका शोषक वर्गप्रति घृणाको भाव उनले आफ्ना कवितामा प्रस्तुत गरेका छन् । समाज विकासको क्रमसँगै मानिस आफू पनि परिवर्तित हुँदै नयाँ-नयाँ प्रविधिको ज्ञान हासिल गर्न उत्सुक भएमा मात्र सामाजिक जीवन सार्थक हुन्छ भन्ने कुरामा उनले जोड दिएका छन् । विशेष गरी यस कृति भित्र सामाजिक विषयवस्तुको चित्रण भएका कविताहरूमा 'जिन्दगी' 'झोलाभित्र प्राकृत कविता', 'मेरो कविता', 'पहाडी किसान म' आदि रहेका छन् ।

समाजमा फैलदै गएको विकृति र विसङ्गतिलाई निर्मूल पारेर नयाँ सभ्य समाजको स्थापना गर्न मानिस सत्यमार्गमा हिँड्नुपर्छ भन्दै उनले आफ्ना कविताबाट असत्य झुटको खेती गर्नेहरूप्रति व्यङ्ग्य गरेको पाइन्छ । आफूले आर्जन गरेको ज्ञानको प्रभावले अरूलाई पनि ज्ञानी बनाएर असल चरित्र निर्माण गर्नुपर्नेमा जोड दिँदै कविले आफूले नजानेको कुरालाई आफू भन्दा बुद्धिजीवीसँग सोधेर समस्याको निकास निकाल्न हिचकिचाउनु हुँदैन भनी उल्लेख गरेका छन् । जानेको कुरालाई कुन राम्रो छ भनी आत्मबोध गर्ने र त्यही राम्रो कुरालाई लिएर अगाडि बढ्नु पर्नेमा कविको जोड रहेको छ । जिन्दगीको दौरानमा यिनै सत्य र तथ्य कुरालाई लिएर सत्मार्गमा हिड्न सकेमा समाज रूपान्तरणको कोशेढुङ्गा सावित हुने कुरामा कसैको दुई-मत हुँदैन भन्ने भाव कविले कविता मार्फत व्यक्त गरेका छन् । समाजको अवस्था र त्यहाँ बसोबास गर्ने मानिसहरूको जीवनस्तर, बेरोजगारी चेतनाको अभावलाई इङ्कित गर्दै कवि भन्दछन् -

जो आउँछ त्यो राम्रो चाही बोल्ने,
जे जानिन्छ त्यो राम्रो छानी गर्ने,
जे जानिन्छ त्यो राम्रो छानी लेख्ने
सत्य तथ्य मार्गमा कदम चालिरहने
एस्तै छ जिन्दगी !

('जिन्दगी' पृ. २४) ।

त्यस्तै, समाजमा ठूलो सानो जो जस्तो भए पनि आखिर यस संसारलाई अवश्य छोडेर जानु पर्छ तर बाँचुन्जेल सम्म आफ्नो गौरवलाई बढाउँदै पछिसम्म सम्भने कृति छोड्नु पर्छ भन्ने आशय कविले व्यक्त गरेका छन् । एक आपसमा रिस, भगडा, डाह, ईर्ष्या आदि समाज मेलमिलापका विग्रह तत्त्वहरू हुन् । यसले समाजमा जरा गाडेको खण्डमा कसैको पनि प्रगति सम्भव नभएको प्रति इसारा गर्दै मेलमिलापको नीतिलाई अवलम्बन गर्नु आवश्यक रहेको कुरा यस "आधुनिक युगका कविता" भित्र रहेको 'भोलाभित्र प्राकृत कविता' मा औंल्याउन खोजेका छन् । आफ्नो मेहनत र परिश्रमले आर्जेको आम्दानीबाट रमाउँदै जीवन निर्वाह गरी परिवार चलाउनु पर्छ । समाजमा भावनात्मक एकता कायम गर्दै हाँसेर बस्ने र बाँडेर खाने प्रवृत्तिको विकास गर्नुपर्छ भन्ने आशय कविताका यी पङ्क्तिबाट पाउन सकिन्छ - जस्तै :

बाचुन्जेलसम्म ठूलो र सानो गौरवकीर्तिको जोस
माटोमा मिल्न अवश्य पर्छ गर्दैन कुनै होस्
रिस र राग कटाक्ष, कल अनित्य चोलामा
बाँडेर खाऊँ, हाँसेर रहूँ जे छ यो भोलामा

(भोलाभित्र प्राकृत कविता : पृ. ७)

यस्तै, उनले सामाजिक विषयवस्तुलाई चित्रण गर्ने क्रममा 'मेरो कविता' भन्ने कविता मार्फत कवितालाई समाज सुधारको रत्न हो भनी नामकरण गरेका छन् । समाजका थुप्रै नकारात्मक कार्यहरू पद्धतिहरूलाई कविताकै माध्यमबाट सुधारोन्मुख गराउन सकिने भन्दै कविताले मिठास र आनन्द मात्र नदिई चेतनाको यथार्थ चित्रण पनि दिन सक्छ भन्ने कुरा उनका कवितामा यसरी व्यक्त भएका छन् ।

**'मेरो कविता'**

सुधारको हो यो यौटा मोड
चरित्र सपार्ने यन्त्र हो यो
युगै बदल्ने साधन हो यो
समाज सुधार्ने रत्न हो यो
मनलाई माझ्ने रस हो यो

('मेरो कविता' : पृ.-२८)

**ख) प्रकृति चित्रण**

प्रकृति कुनै पनि कवि एवम् साहित्यकारको सिर्जनाको स्रोत मनिन्छ । प्रकृतिको सुन्दरताले चेतनाको सुन्दरतालाई बढाउँछ । त्यस्तै साहित्यकार वेदनाथ अधिकारीका कविताहरूमा पनि कुनै न कुनै स्वरूपमा प्रकृतिको चित्रण भएको पाइन्छ । उनका कविता शुद्ध प्रकृतिको चित्रण भए जस्तो देखिए तापनि कविता भित्र कहीँ न कहीँ विचारले स्थान ओगटेकै हुन्छ । उनले प्रकृतिलाई प्रकृतिकै तन्मय रूपमा चित्रण नगरी मन्मय रूपमा चित्रण गर्नु उनको चाहना हो । उनका कवितामा प्रकृतिसँगै विचारको अभिव्यक्ति पनि प्रकट भएको पाइन्छ । उनका कविताका उषा, कान्ति, कमल, सूर्य, बादल, तालतलैया रमणीय वातावरण, शान्ति, चराचुरूङ्गी, ढुङ्गा, माटो, वनजङ्गल, फलफूल, अन्नबालीले ढाकेको फाँट आदि प्रकृतिका विविध छटालाई उनले हेरी आत्मपरक ढङ्गले आफ्नो कवितामा चित्रण गरेको पाइन्छ । यी प्रकृतिमय भावलाई कविले अभिव्यक्त गरेका कविताका नमुना यहाँ प्रस्तुत गरिएको छ । यस कवितामा कोइली चरीको मिठास ध्वनिसँगै गाउँवस्तीहरूमा एउटा छुट्टै उमङ्ग आउँछ भन्दै यी पङ्क्तिलाई साभार गरिएको छ :

कोइली चरी बताइदे राग म पनि गाउँछु गीत
छ वटै ऋतु वसन्त पारी हुनेछ तेरो हित ।
खोलीको गीत रोएर सुन्नु चलन मेरो छ
अनन्त भाका लुकाई राख्नु चलन तेरो छ ।

(कोइलीसँग कविता : पृ.-२)

त्यस्तै, प्रकृतिको चित्रण गर्ने क्रममा हिमाल,पहाड र तराईको वनमा रहेका किसिम-किसिमका चराचुरूङ्गी तथा फलफूलहरूको वर्णन उनले गरेका छन् । हिउँले टम्म ढाकिएका हिमाल र त्यो भन्दा टाढा सफा आकाशमा देखिएको चन्द्रमाको दृश्य जति राम्रो हुन्छ त्यो भन्दा पनि गगनमा विमानस्थल बनाई नजिकबाट दृश्यावलोकन गर्दा हुन्छ, भनी कविले यस कवितामा यसरी व्यक्त गरेका छन् :

घुम्दै आ चरी पहाडी वनमा स्वागत गरौँला
चमेली, वेली फल र फूलको वासना छरौँला
हिमाल पारी मुसुक्क हाँस्ला चन्द्रमा उदाउँला
गगन बन्ला विमानस्थल भन माथि पुऱ्याउला

('घुम्दै आ चरी : पृ.४)

अधिकारीले प्रकृतिकै वर्णन गर्ने क्रममा प्रकृतिको मूल्य, मान्यता र महत्त्वलाई श्रेष्ठ सम्झी प्रकृतिका विभिन्न छटा स्वरूप र तिनै तत्त्वहरूले मानिसको जीवनमा अपरिहार्य सम्बन्ध राख्छन् भन्ने भाव कविता मार्फत दर्शाएका छन् । प्राकृतिक छटाहरू स्वरूप सूर्य, बादल, हिउँ, वर्षा आदिले समय-समयमा आफ्नो कार्य गरिरहेको कुरालाई यसै "बादलको संसार" भन्ने कविताका पङ्क्तिबाट बुझ्न सकिन्छ । आकाश र धर्ती बीच रहेर यी प्राकृतिक छटाहरूले आफ्नो बहुरूप पलपलमा मानिसहरूलाई देखाइरहेको कुरा तलका कविताबाट प्रस्ट हुन्छ -

आकाश तल
धर्ती माथि
मान्छेले त्यसमा वास गर्न सक्दैन
कल्पना गर्न सक्छ
त्यो त्यस्तै छ भनी
यकिन गर्न पनि सक्छ
सेतो छ त्यो
कालो छ त्यो
निलो छ त्यो

आकाशमा पाइने सबै रङ्ग त्यसैमा
पाइन्छ
हिउँ त्यहाँ
असिना छ त्यहाँ
पूरा जलकण छ त्यहाँ
त्यो ठण्डा साथै कपास जस्तो
त्यसले टायम-टायममा वर्षा गराइरहेको छ ।

(बादलको संसार : पृ.-३१)

यी बाहेक अधिकारीका यस **आधुनिक युगका कविता**मा कहीँ न कहीँ प्रकृतिको झझल्को पाउन सकिन्छ । यी बाहेक अन्य प्रकृतिको वर्णन भएका कविताहरूमा 'सगरमाथा पहाडी' 'किसान म' 'यो आत्मा तिम्लाई भो' रहेका छन् ।

**ग) स्थानीयताको सजीव चित्रण**

कवि एवम् साहित्यकार अधिकारीले आफ्नो जन्मभूमि र आफू जन्मे हुर्केको ठाउँ परिवेशलाई आधार बनाएर प्रशस्तै कविता रचना गरेका छन् । उनको मन आफ्नो जन्मभूमि, कर्मभूमिसँग हमेशा नजिक रहेको बुझिन्छ । उनले आफ्नो ठाउँ परिवेशलाई आधार मानेर रचना गरेका कविताहरूमा 'कागती छ चिन्नु' '**कविता लेखियो**' यस **आधुनिक युगका कविता** पुस्तिका भित्र रहेका कविता हुन् । मानिसले आफ्नो जीवनलाई चलाउनका लागि देश विदेशमा गएर दुःख पीडा भोगिरहेको हुन्छ । त्यो पीडाको समयमा उसले आफ्नो ठाउँ परिवेशलाई स्मरण गर्छ र त्यहाँको मौलिक संस्कृति र परम्पराको झझल्को उसलाई हमेशा आइरहन्छ त्यस्तै भावसँग मिल्ने कविताका केही पङ्क्ति तल प्रस्तुत गरिन्छ -

बगैँचा बारी मेरै हो प्यारी फल धेरै कागती
आफन्त भन्ने बुझेर छिट्टै इशारा गऱ्यौनी
पर्वत घुमे मैदान घुमे नदीमा तैरिएँ
ती लालुपाते औ सयपत्री फूलमाला पैह्रिएँ ।

(कागती ६ चिनु : पृ. ३)

त्यस्तै स्थानियतालाई नै प्राथमिकता दिएर 'कविता लेखियो' भन्ने कविता रचना गरेका छन् जुन कविता मार्फत कविले आफ्नो जन्मभूमि प्रति अगाध स्नेह र प्रेम दर्साएका छन् ।

अर्चलेबारी हिमाली काख मिलेर बसेको
हिम अन्नपूर्ण र माछापुच्छ्रे मुसुक्क हाँसेको
हिमालपारि फलफूल घारी अरवी फूलबारी
सुनहिरा सम्झौं पत्थर सम्झौं मनै हो पियारी ।

(कविता लेखियो : पृ. ५)

**घ) राष्ट्रियता र देशभक्ति चित्रण**

**आधुनिक युगका कविता** कृति भित्रका केही कविताहरू राष्ट्रिय भावनाले ओतप्रोत भएका छन् । देश प्रेमबाट अभिप्रेरित भएका छन् । राष्ट्र र राष्ट्रियता हामी नेपालीहरूको सर्वस्व हो । यो माथि उठ्न सके हामी माथि उठ्न सक्छौं । यसको प्रतिष्ठा गिरे संसारका अगाडि हाम्रो शिर झुक्दछ । त्यस कारण विश्वका सामु राष्ट्र उठाउन सम्पूर्ण नेपालीहरू हातमा हात मिलाएर अगाडि बढ्नु पर्छ । उनले आफना कविताहरूमा राष्ट्रिय एकताको शङ्खघोष, नेपाली गौरवताको गान, देश समृद्धिको अभिलासा आदिलाई प्रकट गरेका छन् । त्यस्तै देशभक्ति प्रति समर्पित कविता यहाँ प्रस्तुत गरिएका छ -

पहाड राम्रो हिमाल राम्रो हिमाल भन्दा दून
यो मेरो देशको रहस्य खोल्न जन्मनी होला कुन
तलाउ भन्दा झन नदी राम्रा ती भन्दा झरना
यै देशले गर्दा विश्वमा राम्रा काव्यको कल्पना ।

('तीन काव्यका एक एक टुक्रा' : पृ. १०)

कविले आफना कविताका माध्यमबाट आफ्नो राष्ट्र प्रतिको जिम्मेवारी लाई दर्साउन खोजे पनि कविता कतै कतै प्राकृतिक रूपमा नै प्रस्तुत भएको छ । तर पनि कविताको भित्री मर्म बुझ्दै राष्ट्रियताले ओतप्रोत भएको अर्को कविता यहाँ प्रस्तुत छ । जुन कवितामा घाँस काट्ने घसिँयाले आफ्नो कर्तव्य पूर्ण गरी जीवन यापन

गरेको देखिन्छ भने बारी कन्दरा पहाड, आदिले नेपाललाई सुरम्य बनाएको आभास पनि कविताबाट पाइन्छ ।

पखेरी वनमा कोइलीबोली बारीमा जुरेली
घँसिया गीत खोलीमा गाउँथिन् सँगीनी अकेली
बिउँझेको पहाड बिउँझेको बारी बिउँझेको हिमाल
त्यो वेला हेर्दा अचम्म सुन्दर झल्केको नेपाल ।

(गाइ रहूँ झैं लाग्दछ : पृ. ९)

कविले माटोको महिमा र आँकुराको बारेमा प्रस्ट पार्दै त्यो आँकुरालाई हरेर मात्र नबसी त्यसको वृद्धि र विकासमा लाग्नु पर्नेमा जोड दिँदै कविताबाट यसरी प्रस्तुत गर्छन् ।

के कति फड्के धेरै नै चड्के उक्लेर टाकुरा
सब यत्न विफल माटोमा मिल्छ र बन्छु आँकुरा
आँकुरा सानो जतन गरेस इमान खेतीवाल
हुर्केको मात्र हेरिछस् भने आउने छ तेरो काल ।

(कागती छ चिनु : पृ. ९)

**ङ) खोज अनुसन्धान मूलक विषयवस्तु :**

**आधुनिक युगका कविता** कृति भित्र खोज र अनुसन्धानमूलक विषयवस्तुको पनि चित्रण गरिएको छ । आजको वैज्ञानिक युगमा मानिसले गरेको विकासका कार्यहरू र सफलता पूर्वक देखाएको साहसीपनलाई कविले यसै कविता मार्फत झल्काएका छन् । वैज्ञानिक खोजी नीतिबाट अगाडि बढिरहेको विश्वमा सौर्यमण्डलका विभिन्न सदस्यहरूको अझ बढी नयाँ कुरा पत्ता लगाउने कुरामा जोड दिएको आभाष हुन्छ । पृथ्वीको मान्छे बुध, शुक्र, शनि, अरूण र वरूण ग्रहमा पुगेर अझ बढी नयाँ कुरा पत्ता लगाई विध्वंश गर्छ भन्ने कुरालाई कविले संङ्केत गरेका छन् ।

ए बुध ए शुक्र ए मङ्गल
ए शनि ए अरूण ए वरूण
ए कुवेर
तिमीलाई भेट्न आउँदैछ पृथ्वीको मान्छे
तिम्रो सत्य पत्ता लगाउने छ उसले
यो असम्भव के
सम्भवले
तिमीलाई भेट्न आउँदैछ पृथ्वीको मान्छे
के विधिवंश पार्छ उसले
के विधिवंश पार्छ उसले

(के विधिवंश पार्छ उसले : पृ. ११)

यसै गरी खोज अनुसन्धानको चित्रणमा नयाँ संसारको खोजीमा मानिस भौतारी रहेका छन् । किनकि मानिस जब कुण्ठित हुन्छ वर्वरताले गाँजेको हुन्छ र मासु पकाए जस्तै कसौडीमा पकुवा बने जस्तो हुन्छ तब सहन नसकी उसले छुट्टै आनन्दित संसारको चाहना राख्छ भन्ने कुरा कविता मार्फत व्यक्त गरेका छन् ।

सोच्नु पर्‍यो सोच्नु पर्‍यो
साँच्चै त्यसै हो भने त
हामीले पकाएको वस्तु उम्लेर
बिर्के उछिट्टिएर गए झैँ
हामी पनि आकाश तोडेर बाहिर जानु पर्‍यो ।

(आकाश तोडैं झैँ पृष्ठ २२)

## च) कर्मवादी चिन्तन

आधुनिक युगका कविता भित्र रहेका कविताहरूमा कर्मवादी चिन्तन पनि रहेको पाइन्छ । आफूले गर्नुपर्ने कर्तव्यलाई पूरा गरी जिम्मेवार भई सेवामा समर्पित हुनु नै कर्मवादी चिन्तनको विशेषता हो । जसले गर्दा आफू स्वावलम्बी हुन सकिन्छ र त्यसमा समर्पित हुँदा जीवनमा अगाडि पनि बढ्न सकिन्छ भन्ने भाव उनका कविताबाट पाउन सकिन्छ । वास्तवमा मानिसको कर्म क्षेत्र भनेको खेतबारी र यही

धर्ती हो । कुनै ठूलो महलमा वसेर मात्र कर्म हुने होइन जहाँ रहेर पनि आफू इमान्दारी भएर केही गरूँ भन्ने भावना जाग्नु नै कर्मवादी चिन्तन हो । यस्तै भावसंग मिल्ने कवितालाई तल प्रस्तुत गरिन्छ ।

कविको सुन्दर हेर न साथी यो मेरो गमला
फूलमा सुन्दर त्यो लाली गुराँस फेरि इन्द्रकमल
पखेरी मेरो उपवन बारी पर्वत मेरो घर
गण्डकी कोशी कुला हुन मेरा खेत पर्छ डाँडा पार
गगनको बादल ओडने हो मेरो बिछ्यौना सागर
चन्द्र र सूर्यवती र ऐना यति हो नाच घर ।

(यो नाच घर हो : पृ. ८ )

त्यस्तै, कर्ममा सङ्घर्षशील प्रस्तुतिलाई अँगाल्दा उनले कविता मार्फत आफूले यस धर्तीमा गर्न चाहेको कुराहरू गर्न चाहँदा चाहँदै पनि पूरा भएको छैन तैपनि सत्यलाई अगाल्दै निस्वार्थ भावनाले पूरा गर्नुपर्छ भनी त्यसमा लाग्नु कर्मशील चित्रणको विशेषता मान्न सकिन्छ । यस्तै यस्तै भावलाई समेटेर लेखिएको कविता यहाँ प्रस्तुत गरिएको छ -

म गर्जन चाहान्थेँ ।
म चड्कन चाहन्थेँ
म उड्न चाहन्थेँ
म सलल बग्न चाहन्थेँ
म यो परिस्थितिलाई फाड्न चाहन्थेँ
म यो नदी नदीसागरलाई सोस्न बाल्न चाहन्थेँ ।

(म होसियार हुन्छु : पृ. १६)

यसरी सामाजिक प्राकृतिक, स्थानीयता राष्ट्रियता जस्ता विषयवस्तु बाहेकका यस कविता कृतिमा खोज अनुसन्धानमूलक विषयवस्तु, कर्मवादी चिन्तनमा आधारित विषयवस्तु पनि रहेका छन् ।

### ४.३.४ भाषाशैली :

भाषा मान्छेले आ-आफ्ना विचार तर्कहरू आदान-प्रदान गर्ने एउटा विचार विनिमयको साधन हो । यसमा साहित्यकार वेदनाथ अधिकारी सरल भाषा शैलीका कवि हुन । उनका कविता, गीत, निबन्ध र कथाहरूमा प्रयुक्त भाषा शैली माधुर्य गुणयुक्त देखा पर्दछ । उनको साहित्यिक यात्राका दुबै चरणका लेखहरूमा भाषा शैलीको सरसर्ती अध्ययन गर्दा पहिलो चरणका लेख रचनामा कुनै विशिष्ट शब्दको प्रयोग नभई ग्रामीण क्षेत्रमा बसोवास गर्ने र त्यही परिवेशमा बोल्ने निक्खर कथ्य जनबोली भाषा प्रयोग भएको पाइन्छ । यसबाट के प्रमाणित हुन्छ भने अधिकारी सच्चा जनताको भाषालाई प्रयोग गरी मिठासपूर्ण कविता लेख्ने कवि हुन् । उनले यस **आधुनिक युगका कविता** कृतिमा गद्यात्मक, पद्यात्मक र गीति गरी तीन वटा शैलीमा कविता रचना गरेका छन् । यसमा प्रयोग गरिएको भाषाशैली आलङ्कारिक नभएर सरल सुबोध्य र वर्णनात्मक  रहेको छ ।

उनको यो पहिलो कृति भएकाले ठाउँ ठाउँमा भाषिक त्रुटिहरू पनि देखा पर्दछ । यसमा चलन चल्तीमा रहेका कवितालाई मिठासपूर्ण बनाउने आगन्तुक तद्भव, ठेट नेपाली शब्दहरूको पनि प्रयोग भएको छ । कविता झ्याउरे लयमा भएकाले कविताको अन्त्यानुप्रास कतै कतै नमिलेको पाइन्छ । कतै कतै अनुकरणात्मक शब्दहरूको प्रयोगले पनि उनका कवितामा केही मिठास भरेको पाइन्छ ।

### ४.३.५ छन्द वा लय :

कुनै पनि कविता रचना गर्नका लागि आवश्यक पर्ने महत्त्वपूर्ण तत्त्व भनेको छन्द वा लय हो । लयको विशेष व्यवस्थाले नै कवितालाई साहित्यका अरू विधाबाट अलग्याएको हुन्छ । छन्दले कविको भावलाई बेगिलो बनाई सलल बगाउँछ । लयको कठोर अनुशासन पालन गरी लेखिने कविता छन्दबद्ध कविता हुन्छ ।

साहित्यकार अधिकारीको यस **आधुनिक युगका कविता** कृतिका कवितामा अधिकांश लोकलय, गीति लय र गद्यलयको प्रयोग सफलतापूर्वक  गरेको पाइन्छ । उनले कविताको भाव अनुसारकै शब्दहरूको प्रयोग गरी भाषा र भावबीच नजिकको सम्बन्ध सिर्जना गर्नका अतिरिक्त सन्तुलन पनि कायम गरेका छन् । यस कृतिको

कविताहरूमा सबैभन्दा बढी लोक झ्याउरे छन्द कै प्रयोग भएको छ । उनको यो कृति प्रथम भएकाले अन्त्यानुप्रासमा त्यति निक्खार आएको पाइँदैन । यस बाहेक केही गद्य लयका कविताहरू पनि रहेका छन् । उनले गद्य शैलीमा रचना गरेका कविताहरूको सङ्ख्या जम्मा १८ रहेका छ्न । अन्तिममा ३ वटा गीत पनि समावेश गरिएको छ यिनीहरूमा पनि लोक लय नै रहेको छ । यसरी अधिकारीका पद्य कविताहरू झ्याउरे लोक लयमा छन् भने बाँकी कविता छन्द मुक्त लयमा रचना गरिएका छन् । लोक लयमा रचना गरिएको हुनाले कहीँ कतै अन्त्यानुप्रास नमिल्दा नमिल्दै पनि मिठासपूर्ण नै बन्न गएको पाइन्छ ।

**४.३.६ निष्कर्ष :-**

**आधुनिक युगका कविता** कृति वेदनाथ अधिकारीको प्रथम प्रकाशित कृति हो । यसमा उनले सबैभन्दा बढी प्रकृतिको चित्रण गर्न खोजेका छन् । त्यसका अलावा कर्मयोगी विषयवस्तु, नदीनालाहरूको प्रतिको प्रणय प्रेम, मातृभूमिप्रति प्रेम, प्रकृति ईश्वर, पौरखी वीर रस पूर्ण भावना सांसारिक वस्तुप्रतिको प्रणय त्याग, लोक गीत संगीतप्रतिको आस्था, खोज अनुसन्धानप्रति रुचि, सामाजिक एकतागत विषयवस्तु, कर्ममा संघर्षशील प्रवृत्ति, निराशावादी, जीवनवादी विषयवस्तु, मानवभित्रको अमानवीय प्रवृत्ति बोकेको विषयवस्तु, प्राकृतिक विम्वहरूलाई मानवीकरण गर्ने कौशलगत विषयवस्तु सत्यमार्गी जीवन जीउने प्रवृत्ति, बन्द मौलिक सांसारिक जीवनप्रति आक्रोश, मानसिक विद्रोहको चेतनागत प्रवृत्तिको चित्रण, अन्तः कोणबाट जीवनलाई हेर्ने प्रवृत्ति, अर्काको भरपर्ने परिपाटीप्रति कटाक्ष, प्रकृतिको बहुरूपको चित्रण गर्ने विषयवस्तु र शान्ति प्रतिको आस्था फरक फरक विषयवस्तुलाई आफ्ना कवितामा समावेश गराएका छन् । यस कृति भित्रका सबै विषयवस्तुलाई समग्रमा समेट्न नसके पनि केही विषयलाई सार संक्षेपमा माथि व्याख्या गरिएको छ । उनका कविताहरूमा प्रश्नात्मक, वर्णनात्मक, उपदेशात्मक शैलीको प्रयोगको साथै भाषालाई पनि सरलीकृत गरिएको छ । कविताको आकारको हिसाबमा कुनै लामा कुनै छोटा पनि छन् । उनको यो प्रथम प्रकाशित कृति भएकाले ठाउँठाउँमा त्रुटिहरू भेटिनुका साथै कविताको मर्म पनि एक पछि अर्को अल्लि नमिल्दो खालको पाइन्छ ।

## ४.४ शम्शेर बहादुरको जीवनमा आधारित दुःखान्त खण्डकाव्यको अध्ययनः

### ४.४.१ परिचय

**शम्शेर बहादुरको जीवन कथामा आधारित दुःखान्त खण्डकाव्य** यथार्थ घटनालाई लिएर लेखिएको वेदनाथ अधिकारीको दोस्रो प्रकाशित कृति हो । सरल भाषा शैलीमा लेखिएको यो कृति जम्मा २० मा फैलिएको छ । जसलाई पाठ १ देखि पाठ ४ सम्म विभाजित पनि गरिएको छ । कास्की जिल्लाको कालिका गा.वि.स.शान्ति मैदान स्थित शम्शेर बहादुको घरको यथार्थ चित्रण र गाउँका सामन्ती वर्गले आफू भन्दा तल्लो वर्गलाई गरेको अमानवीय व्यवहारलाई कविले औँल्याएका छन् । नितान्त यथार्थ सामाजिक विषयवस्तुलाई आधार बनाएर लेखिएको यो कृति भित्र शम्शेर बहादुरले समाजका ठूलाबडा भनाउँदाहरूबाट पाएको जातीय तिरस्कार भारतीय सेनामा उसले देखाइएको त्याग र तपस्या भारतीय सेनामा आफू काम गर्दा आफ्नै श्रीमतीले सासू ससुराप्रति गरेको अभद्र व्यवहार, आफूलाई साह्रो - गाह्रो पर्दा छिमेकीहरू मुकदर्शक भएर बस्ताको अवस्था निकै मार्मिक र कारूणिक रूपमा प्रस्तुत गरिएको छ ।

शम्शेर बहादुर आफ्नो अन्तिम जीवन सुखसँग बिताउँला भनी अनेक कष्ट सही नेपाल भारत गरी उनले आफ्नो परिश्रमले ५,६ घर बनाएको १०० रोपनी भन्दा बढी जग्गा स्कुललाई चन्दा दियो । आफ्नो उन्नति नै देशको उन्नति हो भन्ने सम्झेर उसले धेरै काम गऱ्यो तर आज उसको बाँच्न पाउने बाटो छैन भनी कविले कविता मार्फत चिन्ता व्यक्त गरेका छन् । सत्य यस जीवन कथाले समाजलाई पथ भ्रष्ट नहोस् भन्ने उद्देश्य लिनुका साथै फट्याइँ गर्नेहरूको निकै उपहास गरेको पाइन्छ । यो लघु खण्डकाव्य यथार्थ समाजको ऐना मात्र नभई सजीव व्यक्तिहरूसँग सल्लाह गरेर नै लेखिएको हुनाले समाजमा यस्ता खालका पीडाहरू सबैको सामूहिक एकताको भरमा चिर्दै अगाडि बढ्नु पर्छ भन्ने आशय उनका यस कृति भित्रका कवितामा दर्साइएको छ । त्यति मात्र नभई समाजका शोषक वर्गप्रति घृणाको भाव जातीय असमानता, सामाजिक विसङ्गति आदिलाई पनि उनले कवितामा दर्साएका छन् ।

### ४.४.२ संरचना

कुनै पनि कवि एवम् साहित्यकारले रचना गरेको साहित्यिक कृतिको आकार प्रकार, स्वरूप, रूप, कार्य, बनावट आदिलाई रचनाको संरचना भन्ने बुझिन्छ । 'शम्शेर बहादुरको जीवन कथामा आधारित दुःखान्त खण्डकाव्य' एक सानो कृति हो । यस भित्र पृष्ठ संख्या जम्मा २० रहेको छ । पाठ एक देखि चार सम्म विभक्त यस कृतिमा विषयवस्तुको सिलसिला पनि मिलेको पाइन्छ । यो काव्य लोकलयमा आधारित झ्याउरे छन्दमा रहेको छ । प्रत्येक पाउमा १६ अक्षर रहेका छन् भने दुई पाउको एक श्लोक बनेको छ ।

मनको वेथा यो आत्म कथा म रूदै पोख्दछु
किन हो आज संसार सारा दुःखान्त देख्दछु

(शम्शेर बहादुर जीवन कथामा......पृ. १)

### ४.४.३ कथावस्तु

कुनै पनि काव्यमा कथावस्तुले महत्त्वपूर्ण स्थान ओगटेको हुन्छ । खण्डकाव्यको कथावस्तु ऐतिहासिक, पौराणिक, सामाजिक, र स्वैरकल्पित मध्ये कुनै हुन सक्छ । **शम्शेर बहादुरको जीवनकथामा आधारित दुखान्त खण्डकाव्य** यथार्थ सामाजिक विषयवस्तुमा आधारित रहेको छ । प्रस्तुत लघुखण्डकाव्यको कथावस्तु मानिसले मानिसप्रति गरिने दुर्व्यवहार र जातीय असमानताको कारण सानो जातिले भोग्नु परेका सामाजिक समस्यामा केन्द्रित रहेको छ । कास्की जिल्ला कालिका गा.वि.स ठूलाकोट नजिकै शान्ति मैदान स्थित शम्शेर बहादुर नेपाली एक गरिब परिवारमा जन्मिएको पात्र हो । उसको बुबाको मुख्य पेसा भनेको बिस्टहरूकोमा जुत्ता सिउने र हलो जोत्ने नै थियो, तर शम्शेर बहादुरले त्यति बेला कुशल तरिकाले शिक्षा प्राप्त गर्न नसके पनि जुत्ता सिउने र बिस्टहरूकहाँ गई हलो जोत्ने कार्यलाई आफ्नो परिवारको सदस्यको नाताले तोड्न चाहन्थ्यो र कुनै नयाँ वैकल्पिक पारिवारिक पेसा अपनाउन चाहन्थ्यो ।

जब शम्शेर बहादुरको विवाह सेतीमायासँग भयो त्यसपछि त उसका झन् कारूणिक दिनहरू शुरू भए । बिहान बेलुका छाक टार्न पनि मुस्किल अवस्थामा बाबु आमाको करले वैवाहिक बन्धनमा बाँधिएको शम्शेर बहादुरलाई अब ऋणको चिन्ताले

दिनरात सताउन थाल्यो र उसको मनले के गरूँ ? कसो गरूँ ? भन्ने तर्क वितर्क गर्न  थाल्यो । यसै सन्दर्भमा कविले यस्तो कविता प्रस्तुत गर्छन् ।

सेपमुनि खेती ऋणमुनि छोरो हुर्कन सक्दैन
दबाबमुनि मानिसको कुनै उन्नति हुँदैन
ती पितृ पिता अति नै मलाई मायाले छोप्दथे
दबेको वर्ग उठला कि भनी ईश्वर जप्दथे

यसरी दिनहरू बित्दै जाँदा परिवारमा विविध चिन्ताले रडाको मच्चिने कार्य भैइरहेको थियो । बाबु छोराको झगडाले झन नराम्रो रूप लिन पुग्यो र गाउँका भलाद्मीले झगडा मिलाउने निहुँमा दमन गरेको त्यो तिक्ततालाई सहन नसकी ऊ विदेश जाने निधो गर्छ । ऊ भारतको गोरखपुरमा पुगी भारतीय सेनामा भर्ती भइसकेपछि जीवनलाई आशातीत मोडमा पुर्‍याउने सपना देख्दै निकै बुद्धि र विवेकले काम गर्न पुग्छ ।

उराठ भए शम्शेर त्यसै के गरूँ के गरूँ ?
भै गयो अब त्यो मातृ भूमि छोडेर म हिडेँ
गोरखपुर गए त्यैँ भर्ती भए भारती सैनिकमा
भाग्यको तारा उदायो प्यारो त्यो बेला मनमा

जब ऊ भारतीय सेनामा भर्ती भयो तब उसले आफ्नो परिवारको दु::ख सम्झ्यो ।  अब नुनतेलको समस्या नहुने भयो भन्ने उसको मनले सोच्यो उसले भारतीय सेनामा लगनशील भएर आफ्नो कर्तव्य पूरा गर्‍यो । जसरी आफ्नो समस्यालाई हल गर्न नसक्दा विदेश भौँतारिन पुग्यो त्यसरी नै उसले त्यहाँ देखाएको साहस र कलाकौशलताले उसलाई धेरै नै माथि उठायो । विदेशीभूमिबाट कमाएर ल्याएको पैसाले गाउँमा बाटोघाटो, स्कुल, निर्माण गर्ने कुरामा धेरै नै सहजताका पाटाहरू अगाडि देखिन थाले । तर उसलाई जातको निचो भनेर बाहुन क्षेत्रीहरूले हेपी सामाजिक कामबाट वञ्चित गर्न चाहन्थे । त्यति मात्र नभई सामाजिक अपहेलना पनि सहन पर्‍यो तैपनि शम्शेरले हार मानेन । पछि समाजका ठूलाबडा भनाउँदाहरूले घरमा गुन्डा लगाई आक्रमण गर्न उक्साए जसले गर्दा ऊ बसाइँ सराइँ गरी भरतपुर पुग्छ र त्यहाँबाट पनि माडी पुग्छ । अन्ततः आफ्नो जन्मभूमिलाई

बिर्सन नसकी फेरि ठूलाकोटमा नै आइपुग्छ । ठूलाकोटमा उसको सम्पत्ति माथि आँखा लगाउनेहरू धेरै थिए । उसको छोरालाई र श्रीमतीलाई उचालेर ऊ माथि अनावश्य दोष थुपार्न उद्यत थिए ।

भँडुवा बन्यो समाज त्यसै शम्शेरलाई अत्याए
न भोगी आपद हुर्केकालाई कष्टको थाहा के
उसैका छोरा उचाली उस्कै धनमा नाटक
मानिसलाई आपत ठूलो क्या पार्छन् जासुस ।

यसरी शम्शेर बहादुर माथि भएको थिचोमिचो र अमानवीय व्यवहारले उसको जिन्दगीमा ठूलो उतारचढाव आएको कुरा थाहा हुन्छ । अन्ततः शम्शेर बहादुर पागल जस्तै बनी अरूसँग मागेर जीवन धान्ने अवस्थामा पुग्छ । त्यति वेला आफ्नै छोराले पनि बाबुलाई तिरस्कार गरी बाबुको दर्जा दिँदैन भने श्रीमतीले पनि लौराले हानेर ऊ भित्रको अहंकार प्रस्तुत गर्छे । जसले गर्दा उसले आफ्नो मन धर्काउँदै समाज भ्रष्ट भैसक्यो अब बाँचेर के भयो भन्दै जीवन जीउनुको मूल्यलाई निरर्थक सम्झन बाध्य हुन्छ । उसलाई समाज परिवार र अन्य शत्रुहरूले गरेको यो व्यवहारले उस भित्रको आत्मबल गिर्दै जान्छ र अन्त्यमा ऊ एक्लो जीवन बिताउन बाध्य हुन्छ । कवि आफ्ना कविताहरूमा शम्शेर बहादुर सत्यवादी र कर्तव्यनिष्ठ हुँदाहुँदै पनि उसले पाएको दुःख कष्टलाई समाज र घरपरिवारले बुझ्न नसकेकोमा चिन्ता व्यक्त गदर्छन् । आफ्ना बाबु बाजेले धान्दै आएको पुर्ख्यौली पेसा हलो जोत्ने र जुत्ता सिउने कामलाई त्यागी स्वाभिमानी जीवन जीउन खोज्दा गाउँका उच्च वर्गका भनाउँदाहरूले गरेको अन्याय, अत्याचार र आफ्नै श्रीमतीले गरेको दुर्व्यावहारप्रति शम्शेर बहादुर आक्रोशित भएको छ । जातीयताका विरूद्धमा उठाएको आवाज अन्त्यमा आवाजमा मात्रै सीमित रहेको पाइँन्छ । परिवार र समाज परिवर्तनको आशा लिएर विदेशीभूमिमा रगत पसिना बगाई अथाह पैसा कमाउँछ । त्यही कमाएको पैसाले थुप्रै सामाजिक कार्यहरू पनि हुन्छन् घरपरिवारलाई सुख पनि दिन्छ तर तिनै समाजमा बस्ने सामन्ती हुल्याहा वर्गले र स्वयम् उसकै परिवारले उसलाई थिचोमिचो र दुर्व्यवहार गर्छन् र जोगीको जस्तो एक्लो जीवन बिताउनु पर्ने परिस्थिति सिर्जना हुन्छ ।

अन्त्यमा परिवारको खुसी र समाजको परिवर्तनको चाहना राख्ने शम्शेर बहादुरले सबैबाट अपहेलित भएर एक्लो जीवन बिताउन बाध्य भएको यथार्थ कुरालाई देखाएर कथावस्तु दुखान्तमा टुङ्गिएको छ ।

छहरेको पानीलाई खाइयो जीवनधारा
चरित्रको नाटकमा गयो जीवन प्यारा ।

(श.ब.जी.क.पृष्ठ २०)

**४.४.४ पात्र**

खण्डकाव्यमा पात्रको भूमिका महत्त्वपूर्ण हुन्छ । कथावस्तुलाई अगाडि बढाउने काम पात्रले गर्दछ । **शम्शेर बहादुरको जीवन कथामा आधारित दु:खान्त खण्डकाव्य**मा एउटा घरका परिवार शम्शेर बहादुर, बूढा बाबु, आमा, उसकी श्रीमती सेतीमाया र उनीहरूका छोराहरू रहेका छन् । त्यस्तै शम्शेर बहादुर यस खण्डकाव्यको प्रमुख पात्र हो ।

शम्शेर बहादुर आफ्नो श्रम, लगनशीलता र कर्तव्यलाई जीवनको महत्त्वपूर्ण तत्त्वका रूपमा सम्झँदै नेपालको त्यति बेलाको परिवेशमा अशिक्षाका कारण पढ्न र बुझ्न नपाएर पनि वैदेशिक रोजगारीमा गई धन कमाएर आफ्नो र समाजको उन्नति गर्नु पर्छ भन्ने सोच राख्ने प्रमुख पात्र हो । नेपालको ग्रामीण समाजमा जन्मे हुर्केको जवान छोरो भए पनि हजुरबुवाले अँगाल्दै आएको पेसालाई नै निरन्तरता दिनु पर्छ भन्दै पढ्नमा मन नदिने अल्छी छोराको रूपमा साथै बुवाको परिवर्तनशील विचारलाई आत्मासात गर्न नसक्ने अर्को पात्रको रूपमा शम्शेर बहादुरको छोरो देखा पर्छ । त्यस्तै आफ्नो श्रीमान्लाई सधैँ अवरोधहरू सृजना गर्दै प्रगतिको पथतिर लम्कन खोज्दा निरूत्साहित बनाउने र आफ्नो पतिको ज्यानमाथि नै समाजको उक्साहटबाट साङ्घातिक आक्रमण गर्ने नकारात्मक सोच राख्ने कुपात्रका रूपमा सेतीमाया देखा पर्छे । त्यस्तै, समाजमा आफूले अँगाल्दै आएको पेसालाई बुढ्यौली हुँदासम्म अपनाएर अर्काको जुत्ता सिउँदै र बिस्टहरू समक्ष गई उनीहरूको घरमा हलो जोतेर परिवार चलाउने अर्का अशक्त पात्रका रूपमा शम्शेर बहादुरका बुवा आमा छन् । आफ्नो छोराहरूलाई राम्रो काम गर्न अग्रसर नगराई हुल्याहा झुन्डहरूको पछि दौडँदा पनि प्रोत्साहन गर्ने आमा ममतामयी आमा बनेर कथामा प्रस्तुत हुन सकेकी छैन । त्यस्तै

त्यति बेलाका समाजसेवी जगन्नाथ पनि शम्शेर बहादुरको जीवनलाई रक्षा गर्नु पर्छ भनी गौण पात्रका रूपमा भूमिका खेलेका छन् । शम्शेर बहादुरको अति मन पर्ने नाति रमेश अर्का पात्रको रूपमा छ । जसलाई शम्शेर बहादुरले आफ्नो काखमा लिएर हिँड्दा छोरा बुहारीले काखमा बस्न नदिई खोसेर कसैको माया चाहिँदैन भन्दै जान्छन् जसले गर्दा एउटा अबोध बालकप्रति हजुरबुवाले देखाएको स्नेहलाई बुझ्न नसकी आफ्नै बुबाप्रति गरिएको तिरस्कृत व्यवहारले मान्यजनप्रति सम्मान गर्न नसक्ने कुपात्रका रूपमा छोराबुहारी देखिएका छन् । त्यस्तै, कवि पनि स्वयम् शम्शेर बहादुरका गाउँले नै भएकाले उसको जीवनको मोडहरूलाई राम्ररी बुझेर राम्रा सुझावहरू प्रस्तुत गर्ने र सकभर पारिवारिक झैझगडा घरभित्र नै मिलेर जाओस् भन्ने विचार राख्ने सशक्त तटस्थ पात्रका रूपमा प्रस्तुत भएका छन् ।

यसरी यस लघुखण्डकाव्यका पात्रहरूको उपस्थिति भिन्न भिन्न रूपमा रहेको छ ।

### ४.४.५ परिवेश

खण्डकाव्यलाई पूर्ण रूप दिनका लागि देश काल परिस्थितिको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । प्रस्तुत काव्यको परिवेश गाँउको रहेको छ । जसमा ग्रामीण समाजमा ठूला वर्गले सानो वर्गलाई जातीयताका आधारमा हेप्ने प्रवृत्ति र सत्यवादी, परिश्रमी र सोझो मान्छेलाई कसरी फसाउन सकिन्छ भन्ने सामन्ती सोचका फटाहाहरूलाई यसबाट प्रष्ट्याउन खोजिएको छ । यो कृति वास्तविक घटनालाई आधार बनाएर कास्की जिल्ला कालिका गा.वि.स.-१ शान्ति मैदान निवासी शम्शेर बहादुर नेपालीको पारिवारिक र गाउँले परिवेशलाई यहाँ चित्रण गरिएको छ । समाज परिवर्तन सँगै मानिस परिवर्तन हुनुपर्दछ भन्ने सोचमा नगई यथास्थितिमा रहन जाँदा मानिस रूढीवादी र परम्परामा फस्न जान्छ र त्यसबाट प्राप्त हुने परिणामले शम्शेर बहादुर जस्तो कर्तव्यनिष्ठ पात्र सिकार हुन परेको हुनाले त्यही वेलाको वा त्यो परिवेशमा त्यहाँका मानिसहरूको चिन्तन कस्तो रहेछ भनी सोच्न सकिन्छ । यस कृतिलाई त्यस परिवारको राम्रो नराम्रो दुबै कोणबाट निहाल्न खोजिएको छ । कुनै अवस्थामा शम्शेर बहादुरको दुःखान्त अवस्था झल्किएको छ भने अर्को परिवेशमा

उसको दुखलाई उसैले मात्र आत्मसात् गर्नुपर्छ, हामी त समाजका सुखी र कुशल हौं भनी उन्मादले भरिएको परिवेशलाई चित्रण गरिएको छ ।

### ४.४.६ भाषाशैली

कुनै पनि काव्यको अनुभूति अभिव्यक्ति कलात्मक हुनु पर्दछ । **शम्शेर बहादुरको जीवन कथामा आधारित दुःखान्त खण्डकाव्य**मा सरल भाषा शैली प्रयोग गरिएको छ । कविले एउटा परिवारलाई रोजेर त्यसको यथार्थ घटनालाई लोकलयमा आधारित झ्याउरे छन्दमा खण्डकाव्यलाई प्रस्तुत गरेका छन् । यस लघु खण्डकाव्यमा देवकोटाको मुनामदनमा रहेको झ्याउरे शैलीलाई प्रयोग गरिएको छ । तत्सम, तत्भव र झर्रा नेपाली शब्दहरूको प्रयोग गरी लेखिएको उक्त खण्डकाव्य शैली र शिल्पका दृष्टिले सशक्त नै देखिन्छ । विभिन्न ठाँउमा ठेड नेपाली शब्दहरूको प्रयोग भएको छ भने कतिपय ठाउँमा अनुकरणात्मक शब्दावलीको प्रयोग भएको देखिन्छ । झ्याउरे छन्दमा रचित काव्य अन्त्यानुप्रास युक्त शब्दावलीहरूको प्रयोगले पढ्दा अत्यन्त मिठासपूर्ण रहेको छ । भाषा जसले पढ्दा पनि बुझिने सरल खालको छ ।

### ४.४.७ शीर्षक

शीर्षक विना कुनै पनि साहित्यको कल्पना गर्न सकिँदैन । खण्डकाव्यको शीर्षक कहीँ नायकको नामबाट रहेको छ भने कहीँ नायिकाको नामबाट राखिएको हुन्छ । यस खण्डकाव्यको शीर्षक नायकको नामबाट राखिएको छ । यस खण्डकाव्यलाई अध्ययन गर्दा शम्शेर बहादुर समाज परिवर्तन हुनुपर्छ र जातीय छुवाछुतको अन्त्य हुनुपर्छ भन्ने विचार राख्ने कर्तव्यनिष्ठ एवम् प्रगतिशील पात्र हो । उसकै जीवनको यथार्थ घटनालाई जस्ताको तस्तै यस खण्डकाव्यमा राखिएको छ । समाजमा रहेको जातीय छुवाछुत र गरिबको उन्नति प्रगतिमा ठूलाबडा भनाउँदा उच्च वर्गका सामन्तीहरूले गरेको अमानवीय व्यवहारलाई यस खण्डकाव्यमा देखाउन खोजिएको छ । परिवारको खुसी र समाज परिवर्तनको चाहना राख्दै आफ्नो श्रम र पसिना बगाएको शम्शेर बहादुर अन्त्यमा सबैबाट अपहेलित भई एक्लो जीवन बिताउन बाध्य छ । जातिय असमानताका कारण सानो जातीले भोग्नुपरेको सामाजिक समस्यालाई यहाँ प्रस्तुत गरिएको छ । सानो जातिको उन्नति प्रगतिमा उच्च वर्गले गरेको थिचोमिचो र सामन्ती प्रवृत्तिलाई प्रस्टसँग देखाइएको छ । शम्शेर

बहादुरको जीवन कथामा आधारित दुखान्त खण्डकाव्य भन्ने शीर्षक भद्वा खालको भए पनि यथार्थ जीवनसँग सम्बन्धित भएकाले भाव र शीर्षक बीच मेल खाने विषयवस्तुको शीर्षक सार्थक रहेको छ ।

### ४.४.८ निष्कर्ष

साहित्यकार वेदनाथ अधिकारीको **शम्शेर बहादुरको जीवनमा आधारित दुखान्त खण्डकाव्य** दोस्रो मौलिक कृति हो । यसको संरचना जम्मा २० पृष्ठमा संरचित छ । पाठ एक देखि पाठ चारसम्म विभक्त यस कृतिमा विषयवस्तुको सिलसिला मिलेको पाइन्छ । खण्डकाव्य यथार्थ सामाजिक विषयवस्तुमा लेखिएको छ । समाजमा मानिसले मानिसप्रति गरिने दुर्व्यवहार र जातीय असमानताका कारण सानो जातिले भोग्नु परेका सामाजिक समस्यालाई यहाँ प्रस्तुत गरिएको छ । सानो जातको भनिने शम्शेर बहादुरको परिवर्तित सोचले उसलाई अर्काको घरमा हलो जोत्ने र जुत्ता सिलाउने बाबुबाजेले धान्दै आएको पुर्ख्यौली पेसालाई अपनाउन दिँदैन । त्यति बेलाको समयमा धेरै पढेलेखेको नभए पनि आफ्नो हक अधिकार र समाजमा केही गरौँ भन्ने सुधारात्मक सोचे उसमा हमेसा जागिरहन्छ । आफ्नै गाउँ ठाउँमा बसेर जीवन निर्वाह गर्न धौ धौ परेपछि भारतीय सेनामा भर्ती हुन्छ र प्रशस्तै पैसा कमाउँछ । त्यही कमाइले बाटो, घाटो, कुवा, पँधेरो, स्कुललाई चन्दा पनि प्रशस्त दिन्छ । तल्लो वर्गको भनिने शम्शेर बहादुर उच्च वर्गका व्यक्तिहरूको भन्दा बिल्कुल फरक र परिवर्तनशील सोचाइ राख्ने व्यक्ति हो । यति हुँदाहुँदै पनि समाजका ठूला भनाउँदाहरूको दुर्व्यवहार र आफ्नै परिवारले गरेको तिरस्कारले एक्लो जीवन बिताउन बाध्य हुन्छ । यस खण्डकाव्यको प्रमुख एवम् केन्द्रीय पात्र भनेकै शम्शेर बहादुर हो । यसका साथै श्रीमती, बाबुआमा, छोरा, नाति आदि गौण पात्र रहेका छन् । यो खण्डकाव्यमा २००७ साल पूर्व शोषक सामन्तीहरूले जरा गाडेको ग्रामीण परिवेश रहेको छ । भाषाशैली सरल, सहज र सबैले बुझिने खालको छ । गरिबीको चपेटामुनि पर्दा पर्दै पनि समाज परिवर्तनको चाहनासँगै कथावस्तु अगाडि बढेको छ । यसमा समाजमा रहेका उच्च वर्गका शोषकहरूले निम्नवर्गकाहरूलाई गरेको सामाजिक शोषण र परिवारले दुःखमा साथ नदिएको विषयवस्तुलाई अत्यन्त मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । भाव र विषयवस्तुमा तालमेल भएकाले र कारूणिक

भाव यस खण्डकाव्यमा देखाइएकाले शीर्षक सार्थक बनेको छ । यसमा झ्याउरे लोक छन्दको प्रयोग भएको छ । साथै लयमा कविता वाचन गर्न मिल्ने भएकाले खण्डकाव्य मार्मिक र मिठासपूर्ण बनेको छ । अन्त्यमा उच्चवर्गका भनाउँदा ठूलाबडाले तल्लो वर्गका जातिलाई माथि उठ्न नदिने रूढिवादी भाव यस खण्डकाव्यमा देखाइएको छ ।

## ४.५ 'गुराँस बुट्टे पछ्यौरी' कृतिको अध्ययन

### ४.५.१ कृति परिचय

साहित्यकार वेदनाथ अधिकारीको तेस्रो कृतिको रूपमा **गुराँस बुट्टे पछ्यौरी** प्रकाशित भएको हो । शंकर वसन्त प्रकाशक रहेको यो कृति वि.सं.२०४७ सालको आषाढ महिनामा प्रकाशित भएको हो । कविले यस कृतिलाई जम्मा चार खण्डमा विभाजित गरेका छन् । खण्ड एक अन्तर्गत १० वटा गीतहरू रहेका छन् । त्यस्तै खण्ड दुई मा ३१ वटा गद्य कविताहरूलाई राखिएको छ भने खण्ड तीन मा चार वटा सांस्कृतिक वीर रसका कविताहरू सङ्कलित छन् । खण्ड चार मा १६ वटा गीति छन्द कविताहरूलाई राखिएको छ । यस कृति भित्रका कविता तथा गीतहरूमा "जनताको आवाज", "माटोको सुवास", यथार्थ सत्य साहित्य एवम् जनस्तरका मर्म र व्यथा आदिलाई झल्काउन खोजिएको छ । यस कृति भित्र रहेका गीत तथा कविताहरूलाई सरसर्ती अध्ययन गर्दा गीत, कविताको भित्री भाव र शीर्षकको सङ्गति व्यवस्था राम्रो देखिएको छ । कतै साङ्केतिक र प्रतीकात्मक सङ्गतिहरूको प्रयोग भएको छ, भने कुनै कविताहरूले व्यङग्यात्मक सङ्गतिको रूप ग्रहण गरेको पनि पाइन्छ । **'गुँरास बुट्टे पछ्यौरी'** पहिलो खण्डमा रहेका गीतहरूको आन्तरिक भाव देशभक्ति, राष्ट्रियता, प्रकृतिको चित्रण, प्रणयमूलक प्रवृत्ति, गरिबहरूको सामाजिक अवस्था र कतै कतै राजनीतिक सन्दर्भहरूलाई जोडेर प्रस्तुत गरिएको छ भने कविताहरूमा पनि तिनै विषय वस्तुहरूलाई पहिलो प्राथमिकता दिँदै मानिसले मानिसप्रति गर्ने व्यवहार, 'शहिद' र 'शान्ति' को भाव झल्किने कविताहरू अझ थप ओझिला छन् । यस्तै यस्तै भाव रहेका यस कृति भित्रका गीतहरू "नेपाली वीर यूवक", "मेरो देश बाँचे मलाई भो", "आत्मा हाँसे जगत उज्यालो", "पहराको विरूवा", " गए उनी वोल्दै नबोली", "मनको व्यथा मनै भित्र छ", "अझ मैले दुःख

भोग्नु छ", "तेरो मेरो चल्ती नभए", "यो धर्तीमा चिनु छाड्नु छ", "आँसु काडी नरोउ सँगी हो" रहेका छन् ।

त्यस्तै गद्य कविताहरूमा "सित्यै खालास यो पृथ्वी", "जागिरैं नखाने अठोट", "हिडदै छस पाइला मेटदै छस्", "हार्नै नहुने मुद्धा", "अहिले यसै ठिकै छ", "प्रियतमाहरूसँगको कथा", "आउने छ यस्तो बेला", "महाजाल भित्रबाट", "मुक्त को छ", "मनको आगो", "क्रान्ति र संक्रान्ति", "विकाशको अर्थ शहिदको आवाज", "बिउँझेर हेर त", "म बत्ती तिमी पुतली", "बिर्सनै नसकिने दवाव", "ब्रह्माण्डको निद्रा खुल्दा", "शिशिरको बादल", "कुखुरी र चल्ला जस्ता" आदि प्रमुख रूपमा रहेका छन् । सांस्कृतिक वीर रसका कविताहरू पनि यहाँ राखिएको छ जसमा "भएन भो अब भैरव जाग" र "चक्रदेवी सँग" दुई कविताहरू रेडियो नेपाल सांस्कृतिक कार्यक्रमबाट प्रसारित भैसकेका छन् । त्यस्तै सांस्कृतिक खोजिबाट "गोरखकाली दक्षिणकाली" कविता पनि यसमा छ । जुन कविताहरूमा दैवी शक्तिको प्रभाव र लुकेर रहेका सांस्कृतिक धरोहरहरूको खोज र प्रचार आवश्यक छ, जसले राष्ट्रिय महत्त्व बोकेको हुन्छ भन्ने कुरालाई औँलाइएको छ । यसै गरी खण्ड चार का गीति छन्द कविताहरू "तारा खसालौ" देखी "जग जनताका व्यथा" सम्म पन्ध्र कविताहरू पर्दछन् । छन्द कविता सङ्ग्रह भित्र एक सय उनानसी पद्यसम्मको विस्तारित आयाममा फैलिएको छ । अन्त्यमा केही कथाहरू पनि छन् तर यी कथाहरूको भाव र कथावस्तुलाई छुट्टै रूपमा पछाडि विश्लेषण गरिएको छ ।

माथि उल्लेखित गरिएका गीतहरू गद्य र पद्य कविताहरूले जनस्तरका भावना पिर र मर्काहरूलाई नै साङ्केतिक रूपमा दर्साएका छन् । कवि शिरोमणि लेखनाथ पौडेलका झैँ कवि अधिकारीले पनि आफ्ना कवितामा प्रकृति, देशभक्ति र राष्ट्रियताको भावबाट ओतप्रोत भएका कविता अलि बढी रचना गरेको पाइन्छ । यो कृति कविको तेस्रो कृति भएकाले भाषा शैलीलाई अली बढी परिमार्जित रूपमा अगाडि ल्याएको पाइन्छ । यस कृति भित्र रहेका कविताहरूमा "मातृभूमि प्रति", "बेहोसी नहोऊ", "शहिदको आवाज" "विकासको अर्थ" आदि कविताहरू बढी महत्त्वका छन् ।

### ४.५.२ संरचना

कृति ठूलो हुँदैमा त्यसमा भएका कुराहरू ठूलो हुने होइन, सानै भए पनि त्यसमा देखिएका भाव र प्रवृत्तिले पाठक वर्गहरूको मन कति जित्न सक्छ भन्ने आधारमा त्यसको मूल्याङ्कन हुन्छ । यस **"गुराँस बुट्टे पछ्यौरी"** को बाहिरी बनावटलाई हेर्दा कृति मझौला खालको छ । त्रियानब्बे पृष्ठमा विस्तारित भएको यस कृतिमा गीत, गद्य, पद्य र सांस्कृतिक वीर रसका कविता साथै केही कथाहरू पनि छन् । केही कविताहरू **आधुनिक युगका कविता** बाट पनि लिइएको छ । कविताका हरफहरू पनि एकैनासका नभई फरक-फरक छन् । कृतिको अन्त्यमा राखिएको झ्याउरे लयमा रहेको "राष्ट्र भाषाको फिराद पत्र" भन्ने कविता सबैभन्दा लामो छ भने "तारा खसालौं" भन्ने कविता जम्मा दुई पद्यमा विभाजित सबैभन्दा छोटो कविताको रूपमा रहेको छ ।

### ४.५.३ विषयवस्तु वा भावविधान

कविताको विषयवस्तुका रूपमा कविको अर्न्तआत्मामा रहेको अनुभूति एवम् भाव कवितामा प्रकट भएको हुन्छ र त्यो विचारसँग एकाकार भएर प्रस्फुटन हुन पुग्छ । यसै सन्दर्भमा वेदनाथ अधिकारीको यस सङ्ग्रहभित्र रहेका गीत तथा कविताहरूलाई अध्ययन गर्दा उनले कृति रचना गर्दा विभिन्न विषयको छनोट गरेका छन् । **गुराँस बुट्टे पछ्यौरी** गीत, कविता तथा कथा सङ्ग्रहमा देखा परेका विभिन्न विषयवस्तुको चर्चा परिचर्चा क्रमबद्ध रूपमा तल प्रस्तुत गरिएको छ ।

#### ४.५.३.१ राष्ट्रियता र देशभक्तिको चित्रण

राष्ट्रवादी तथा देशप्रेमको उच्च भावनाले प्रभावित भएका कवि वेदनाथ अधिकारीको **'गुराँस बुट्टे पछ्यौरी'** कृति भित्रका कविता तथा गीतमा राष्ट्रभक्तिको न्यानो भाव प्रकट भएको पाइन्छ । राष्ट्रियतालाई सर्वोपरि ठानी आफ्नो देशलाई माथि उठाउन सके हामीले राष्ट्रप्रति गरेको कर्तव्य र मायाको सार्थकता देखिन्छ । यस सङ्ग्रह भित्र धेरै कविता तथा गीतहरू राष्ट्रियता र देशभक्तिको भाव झल्किने खालका छन् । तर पनि केही महत्त्वपूर्ण गद्य खण्डहरू, पद्यहरू र गीतहरूलाई यहाँ उल्लेख गरी व्याख्या गरिएको छ ।

धर्तीको  उपज दुई थोपा रगत धर्ती मै चढाउँला ।
हँसिया कुटो हातमा लिई अगाडि बढौंला ।
उम्लेर आयो रगत मेरो म अब चम्कन्छु ।
पटुका वाँधी खुकुरी भिरी कार्यमा लम्कन्छु ।

('यो देशको पालुवा' : पृ., ६३)

कविले आफ्नो कविताको माध्यमबाट नेपाली वीरहरूले देखाएको पौरखको कारणबाट आज हाम्रो शान र मान रहेको छ भन्दै ज्ञान र सीप हामीमा कमी भए पनि राष्ट्रिय अखण्डतालाई कायम गर्ने सुन्दर विचार नेपालीमा छ भन्ने भाव प्रकट गरेका छन् । त्यसले यो सहिदहरूको रातो रगतले सिञ्चित यस धरातलमा शक्ति र शानका साथ हामीले गौरव गर्ने आधारहरू छन् भन्दै पद्यांशद्वारा यसरी व्यक्त गर्छन् ।

धनको कमी ज्ञानको कमी सीपको कमीले
पाएनौं छिटो अगाडि बढ्ने मौका नै हामीले
वीरताको रगत भिजेको रातो यो देशको धरातल
शक्ति र शानमा कोही छैन होला नेपाली बराबर

('अँध्यारो हटाऊ', पृ., ६१)

कविले आफ्ना कविताका माध्यमबाट राष्ट्रप्रतिको जिम्मेवारी प्रकट गरेका छन् । यस नेपाल भूमिलाई नेपाली आमाको इज्जत दिई यसलाई छोडेर विदेश जान नपरोस् भन्ने भाव देखाएका छन् । जति आफ्नो मुलुकको भू-भाग छ त्यहीँ नै स्वर्गीय आनन्द लिन सक्नु पर्छ अन्यथा हामी पछाडि पर्नेछौं भन्ने कुरामा कविले जोड दिएको पाइन्छ । मातृभूमिप्रति अगाध प्रेम र विश्वासलाई झल्काएर लेखिएको कविता तल प्रस्तुत गरिन्छ -

सिमाना पारि सागर भरी चले छाल लहर
यै मेरो देशको बयान गर्न लाग्दछ रहर
मलाई आमा तिमीलाई छाडी कहि जान नपरोस्
क्षितिज भित्र देखेको मात्र त्यही मेरो स्वर्ग होस् ।

('मातृभूमि प्रति', पृ., ५२)

कवि अधिकारी नेपालको राष्ट्रियता भने पछि सदा हुरूक्क हुने कवि हुन् । राष्ट्रियता भनेको राष्ट्रलाई जीवनवादी बनाउनका लागि आवश्यक पर्ने प्राणवायु हो । त्यसैले कविले कोही पनि नेपाली अशिक्षा, बेरोजगारीबाट प्रताडित हुन नपरोस्, उसले राज्यबाट प्राप्त हुने नैसर्गिक अधिकार प्राप्त गर्न सकोस् भनी सदिक्षा प्रकट गर्दछन् । अँध्यारोमा रोइरहेका ती गरिब निमुखाहरूको वस्तीहरूमा बत्तीको जस्तै उज्यालो छर्न सकिएको खण्डमा मात्र आफ्नो देश बाँचेको अनुभूति हुने कुरा व्यक्त गर्दछन् । यो देशलाई बचाउन र यहाँका बासिन्दाहरूको जीवनस्तर उठाउन सबैको माया एकै ठाउँमा केन्द्रित हुन पुगे र एकता भएको खण्डमा राष्ट्र बाँचेको ठहर्छ भन्ने भावलाई गीत मार्फत यसरी प्रस्तुत गर्दछन् ।

बिर्सन त सक्तिन
अँध्यारोमा रोएको
अब बत्ती बले मलाई भो
तिर्सनाको डोरो
सम्झना छ एकोहोरो
मेरो देश बाँचे मलाई भो ।

('मेरो देश बाँचे मलाई भो' पृ. २)

### ४.५.३.२ सामाजिक यथार्थको चित्रण

हाम्रो नेपाली समाज सामन्तवादी सोच र चिन्तनले पोसित भएको समाज हो । गरिबहरू माथि थिचोमिचो गरी धनीमानीहरूले श्रम र पसिनालाई चुस्ने परम्परा अझै सम्म पनि हाम्रो समाजमा छ भन्ने आशय कवि अधिकारीले यस कृति भित्रका केही कविताहरूमा झल्काएका छन् । समाजमा व्याप्त कुसंस्कारहरूलाई चिर्दै परिवर्तन र सु-संस्कृतिको बाटोतिर लम्कनु आजको आवश्यकता हो । विसङ्गतिपूर्ण कार्यहरू गरी समय खेर फाल्नु उपलब्धि विहीन जीवन हो । यस्तै समाजमा भैरहने र घटिरहने विभिन्न परिवेशसँग नजिक रहेर कविले कविता मार्फत सामाजिक यथार्थ प्रस्तुत गरेको पाइन्छ । समाजका गरिब र अन्यायमा परेका मानिसहरूको पीरमर्कालाई बुझी उनीहरूलाई न्याय प्रदान गर्नु र जातीय विभेदको अन्त्य गरी वर्गीय दृष्टिकोणबाट अगाडि बढेमा समुन्नत समाजको सिर्जना हुने कुरामा कविको

जोड रहेको छ । देशमा परिवर्तन ल्याउन ज्यान अर्पेका ती शहिदहरूले राज्यको विकास चाहेका थिए । परिश्रमी र इमान्दारीताको सधैँ प्रशंसा गर्नु पर्छ भन्दै भोकालाई गास र नाङ्गालाई कपास दिन सके सामाजिक दायित्व पूरा हुन्छ भन्दै कविले गद्य कविताको एक खण्डमा प्रस्तुत गर्छन् ।

एक ज्यान अर्पे युग त पल्टला
यो सानो स्वर्गीय राज्यमा
यहाँ परिश्रमी परमेश्वरलाई वास दिनु छ
यहाँ त नाङ्गालाई छोपी भोकालाई गास दिनु छ ।

('सहिदको आवाज' : पृ. ६)

त्यस्तै समाजमा घटिरहने घटनाहरूलाई विषयवस्तु बनाएर कविले आफ्ना कवितामा पीडितहरूको भावलाई झल्काएको पाइन्छ । धन कमाई ल्याएर छोराछोरी र परिवारको भविष्य उज्ज्वल बनाउने सपना बोकेर विदेशी भूमिमा फौजीमा काम गर्दागर्दै बितेको छोराको घटनालाई आधार बनाई उसकी श्रीमती ती साना लालावालाहरूलाई छोडी अलपत्र पारेको कुरालाई कविले मार्मिकताका साथ व्यक्त गरेका पाइन्छ । छोराको अभावमा ती कलिला नानीहरूको जीवनलाई बचाउनका लागि हजुरबाले पाएको दुःखलाई सामाजिक यथार्थका रूपमा कविले यसरी व्यक्त गर्छन् ।

त्यो जेठो छोरो अर्काको देशमा फौजीमा मरी गो
बुहारी हिंडी दूध खानी सानी नातिनी छोडेर
कलिला बाला के गर्ने होला कसरी बँचाउने
छानाट पानी जाँदैन बाहिर घर भयो पुरानो ।

समाजमा दिन प्रतिदिन बढेको विकृतिले गर्दा समाजमा सुधार आउन नसकेको तितो यथार्थ सबैका सामु छ । रक्सी र जाँडको कुलतमा हजारौँ पैसा खर्च गरी उन्मातलाई थाम्न नसक्दा ठूला ठूला घटना घट्ने गरेकेमा सजग हुनुपर्नेमा जोड दिँदै त्यस्तो अवस्थालाई कविले यसरी कविता प्रस्तुत गर्छन् -

मान्छेको समाज जम्मा भो
भर्खर एक बोतल रक्सी पिएको
नशाको तेजमा आगोको प्रतिविम्ब मनमा
महल डडे झैँ लाग्छ
ऊ गुहार माग्दै
धुरीमा चढ्छ
सारा अलमल्ल
यहाँ के भैरहेछ यो बुझ्नै पर्छ ।

(मनको आगो : पृ.२५)

### ४.५.३.३ प्रकृति चित्रण

कवि वेदनाथ अधिकारीले आफ्नो काव्य यात्राको दौरानमा आफ्ना कविताहरूलाई प्रकृतिमय बनाउन कोसिस गरेका छन् । प्रकृतिमय कविताहरूले चेतनाको सुन्दरतालाई बढाउनुका साथै लुकेर रहेका प्राकृतिक सम्पदाहरूलाई उजागर गरेको पाइन्छ । वेदनाथ अधिकारीको **गुँरास बुट्टे पछ्यौरी** गीत कविता सङ्ग्रहमा रहेका कविता तथा गीतहरूमा पनि प्रशस्त प्रकृति चित्रण रहेको पाइन्छ । उनका कवितामा हाम्रै देश नेपालमा रहेका पाखा, पखेरा, गाउँ, बेँसी, उकाली, ओराली, जस्ता वस्तुको चित्रण पाइन्छ । विशेष गरी चराहरूको वर्णन उनका कवितामा पाइन्छ । यसका अलावा हिमाल, रमणीय वातावरण, ताल तलैया, ढुङ्गामाटो आदि प्रकृतिका छटाहरूलाई पनि आफ्नै कवितामा चित्रण गरेको पाईन्छ । यस सङ्ग्रहमा रहेका कविताहरूमा “हाँकेर भन्छु म” “ध्यान दिई सुन त”, “कविता लेखियो” आदि कविताहरूमा प्रकृतिको तनमय र मनमय चित्रण गरेका छन् ।

हाम्रो देशको भौगोलिक बनावट र यहाँ भित्र मिलेर रहेका विभिन्न समुदायहरूको र आपासी सहयोगले सुन्दरताको आन्तरिक मर्मलाई प्रतिविम्बित गर्छ । त्यसको सँगै विभिन्न झरना, नदी, तालतलैया, खोला, र भूगोल-भूगोलमा पाइने फूलहरूको प्रकारले नेपाललाई अझ सुन्दरता तुल्याएको कुरालाई कविले कविता मार्फत चित्रण गर्छन् । अझ नेपालको हिमाली भेगमा पाइने लाली गुराँसले त यहाँको रौनकलाई छुट्टै रूपमा प्रस्तुत गरेका छन् ।

तराई, पहाड, हिमाल राम्रो छ मेरै भन्छु म
संसार भर यै मुलुक राम्रो रहेछ ठान्छु म
झरना, नदी, तलाउ, खोला विचित्र ठान्छु म
गुराँस बुट्टे हिमाली वनका बिरूवा गन्छु म

(हाँकेर भन्छु म : पृ.६४)

त्यस्तै, प्रकृतिको चित्रण गर्ने क्रममा हाम्रो देशमा रहेका अमूल्य फूल र फलको बगैँचा आदिको वर्णन पनि उनले गरेका छन् । त्यस्तै, हाम्रो देशको वनजङ्गलमा पाइने थरीथरीका सानासाना चरी भुर्र भुर्र उड्दाको दृश्यले झनै हृदयलाई मोहित गराउँछ । भारी बोकेर थकाई मार्न चौतारीको छहारी मुनि बस्ता शीतल र स्वच्छ हावाले दिएको स्पर्श सँगै गाएको गीत कहिल्यै बिर्सन सकिँदैन भन्ने कुरालाई यहाँ यसरी देखाएका छन् -

फूलको वन अमूल्य धन फलको वगैँचा
सान-साना चरी भुर्र भुर्र उड्दा हृदय रमाउँछ
बोकेर भारी पसिना काडी शितलो छाहारी
विश्राम लिदाँ गाएको गीत मर्मको छ भारी ।

('ध्यान दिई सुन त' : पृ. ५९)

नेपालको उत्तरी भेगमा रहेका हिमालहरूको दृश्य र त्यस हिमालमा परेको बिहानी सूर्यको किरणले अझ सुनौलो बनाएको कुरालाई कविले छर्लङ्ग पारेका छन् । जसरी हिमालको सुन्दरताले तानेको हुन्छ त्यसै गरी गरिबहरूको मन भित्रको सुन्दरतालाई पनि हामीले सम्मान गरौँ भन्दै यस्तो कविता प्रस्तुत गरेका छन् ।

हिउँमा पऱ्यो त्यो सेतो प्रकाश टलटल टल्कियो
हाँसेको हिमाल दुःखीलाई देखि मन मेरो कल्पियो
आकाश भरी नौलाखे तारा चन्द्रमा एउटै हुन
हिमाल दृश्य दर्दमा शान्त कल्पन्न कस्को मन

(कविता लेखियो : पृ. ६०)

#### ४.५.३.४ सांस्कृतिक वीर रसको चित्रण

सांस्कृतिक वीर रसको चित्रण गर्ने क्रममा कविले सांस्कृतिक धरोहरहरूको उत्थान र दैवी शक्तिको प्रभावलाई देखाउन खोजेका छन् । सांस्कृतिक सम्पदाहरूको जगेर्ना गर्नु पर्छ भन्ने भाव प्रकट गर्दै सत्य युगमा देवताहरूले देखाएको पुरूषार्थको बारेमा यहाँ वर्णन गरेको पाइन्छ । त्यस्ता खालका कविताहरूमा “भएन भो अब भैरव जाग” चक्रदेवीसँगै र “गोरख काली दक्षिण काली” रहेका छन् । समाजमा रहेका राक्षसी प्रवृत्तिका मानिसहरूले सोझा, निमुखा जनतालाई गरेको शोषणलाई सहन  नसकी कविले भैरवनाथसंग प्रार्थना गदै व्यङ्ग्यात्मक रूपमा कवितालाई यसरी प्रस्तुत  गर्छन् -

चोर काट
गुन्डा काट
काला  मान्छे
खाऊ दिन रात
पूर्व कथाको लेउ छाँट
चम चम चम्कि लेउ आँट
अन्यायको भयहरू वा वा
जाग हो जाग भैरव जाग

(भएन भो अब भैरव जाग : पृ.४४)

त्यस्तै चक्रदेवी भगवतीको गुणगान गाउँदै असत्य माथि सत्यको विजय हुन्छ भन्ने शाश्वत सत्यलाई सबैले अनुकरण गर्नु पर्ने र दैवी शक्तिलाई पनि आत्मबोध गर्नु पर्ने कुरामा कविले यस कवितामा व्यक्त गरेका छन् । जब जब सङ्कट र पापहरू बढ्दै जान्छन् तब एक न एक रूपमा दैवी शक्तिको प्रादुर्भाव हुन्छ भन्दै चक्रदेवीले पनि नयाँ अवतार लिएर दुर्जनहरूको नाश गर्छिन् भन्ने भावको कविताको एक नमुना तल प्रस्तुत छ -

देख्यो लेख्यो भ्रमले छेक्यो ।
देवी जब तिम्रो शक्ति लुकेथ्यो ।
कड्की चकडी दिँदै थर्की
निद्रा जगाई अमृत छर्की ।
गण उठाई वीर गीत गाई ।
नव अवतार लिई देऊ माई ।

चक्रदेवी सँग, पृ.४६

त्यसै गरी नव दुर्गा भगवती "गोरखकाली दक्षिण काली" भन्ने कविता मार्फत पनि यस्तै यस्तै भावहरू व्यक्त गर्ने खोजिएको छ -

नव दुर्गाको यौटा मन्त्र
जगमा कौतूहलको यन्त्र
काली शक्ति फेरि फिजाउ
पूर्व वीरताको युग गीत गाऊ

('गोरखकाली दक्षिण काली' : पृ. ४८)

### ४.५.३.५ वैयक्तिक अनुभूति र आत्मकहानीको चित्रण

साहित्यकार वेदनाथ अधिकारीले जीवनमा भोगेका विभिन्न क्षणका विविध घटनाहरूलाई आत्मपरक रूपमा चित्रण गरेको छन् । आफ्ना व्यक्तिगत घटनाहरूलाई निकै रोचक र मार्मिक तरिकाले कविता मार्फत सार्वजनिक बनाउने कौशल पनि उनमा देखा पर्दछ । आफूले जीवनमा अनुभूति गरेका घटनाको क्रममा ठूला वडालाई मात्र कविता वाचन गर्न दिने, तर हामी जस्ता लाई कहीं पनि स्थान नदिने यो तितो यथार्थ आफैँले विभिन्न ठाउँमा भोगेको बताउँदै कविता मार्फत यसरी प्रस्तुत गर्छन -

मान पदक तक्मा पाए पछि पो
कविता पढ्न माग्नु !
गाउँमा गाउने गीत रेडियोमा !
अनुशासन नै छैन !
यहाँ कस्ता कस्ता डा. साहेबहरूलाई !
कविता बाँच्ने मौका दिन सकिएन ।
जाऊ पाउँदैनौ !
श्रीमान्हरूको पाउमा कविता पढ्ने इच्छा, "धिक्कार"
यस्ता कुरा के कोट्याउने बिर्सनै नसकिने दबाब !

बिर्सनै नसकिने दबाब, पृ. ३४

त्यस्तै, आफ्ना सबै इष्टमित्रहरू ठूलो पोस्टमा जागिरे भए पनि आफूलाई कसैले जागिर को लागि पहल नगरिदिएकोमा दुःख व्यक्त गर्दै, आफ्नै बल बर्कतले जागिर खाने तर कसैको अगडि नझुक्ने प्रतिज्ञा गर्दै उनले कविता मार्फत यसरी व्यक्त गदर्छन् -

मीत अञ्चलाधीश भिनाजु मन्त्री !
बहिनी शिक्षिका जुवाइँ जि.शि.नि.
भान्जा मुखिया !
भान्जी बहिदार
गुरू स्वयम् वडा गुरू
म के गरूँ
सबै सँग एक एक ओहोदा मागौँ भने म एउटा छु
यसैले मैले जागिर नखाने अठोट गरेको छु ।

(जगिर नखाने अठोट : पृ.१३)

### ४.५.४ भाषाशैली

भाषा विचार विनिमयको साधन हो । भाषाकै माध्यमवाट मानिसले आफ्ना मनका कुराहरू दोस्रो व्यक्ति समक्ष पुऱ्याएको हुन्छ । भाषा विभिन्न माध्यमवाट व्यक्त हुन्छ । कुनै पनि स्रष्टाले गद्यात्मक वा पद्यात्मक शैलीमा आफ्नो भाषालाई प्रस्फुटन

गरेको हुन्छ । वेदनाथ अधिकारीले आफ्ना काव्य रचनामा प्रायजसो गद्य र पद्य दुबै शैलीको अवलम्बन गरेका छन् भने कतिपय ठाउँमा गीति शैलीको पनि प्रयोग देखिन्छ । उनको यस **गुराँस बुट्टे पछ्यौरी** कृति भित्र उनले गीति, गद्यात्मक, पद्यात्मक शैलीलाई प्रयोग गरेका छन् । यस कृतिभित्रका कविता गीतहरूमा प्रयोग गरिएको भाषा शैली बुझ्नै नसकिने असहज छैनन् । सबै जनमानसले सजिलैसँग बुझ्न सकिने भाषाको प्रयोग भएको छ । ठाँउठाँउमा भाषिक त्रुटि भने पाइन्छ । उनले वर्णनात्मक प्रश्नार्थक, संवादात्मक र आदेशात्मक भाषा शैलीको पनि प्रयोग गरेका छन् । यसमा चलन चल्तीमा रहेका तद्भव शब्दहरूको समुचित प्रयोग गरेका छन् । कवितालाई रोचक बनाउन आगन्तुक, तद्भव र झर्रो ठेट नेपाली शब्दको पनि प्रयोग गरेका छन् । बढी नै मात्रमा आगन्तुक शब्दहरूको प्रयोग भएको कविता "राष्ट्र भाषाको फिराद पत्र" भन्ने हो र यसमा रहेका केही पङ्क्तिलाई यहाँ प्रस्तुत गरिन्छ -

मेजर उसको नेपाली हो
टिचर ठीक हुँदैन
विश्व भाषा नजान्नेलाई
स्थान दिने छैन ।
कस्तो कविता अंग्रेजीको एउटा वर्ड नै छैन
चाइनिज भाषा नमिसिए रसिलो हुँदैन् ।

(राष्ट्र भाषाको फिराद पत्र : पृ.९१)

यस 'राष्ट्रभाषाको फिराद पत्र' मा साहित्यकार अधिकारीले आफ्नो मातृभाषा नेपालीलाई बोल्न छोडेर अर्न्तराष्ट्रिय भाषा जानी नजानी बोल्दै, लेख्दै, हिँड्ने व्यक्तिहरू प्रति पनि व्यङ्ग्य प्रहार गरेका छन् । यसै सङ्ग्रहका सबै कविताहरू, गीतहरू गद्य पद्य दुबैमा भएकोले अन्त्यानुप्रासीय मेल त्यति नभएको हो कि जस्तो देखिन्छ । सबै खाले पाठकले बुझ्ने खालको भाषा उनको कवितामा पाइन्छ । चड्कन, थरहर, रमझम, झलल, सलल, पुर्लङ्ग, चमचम आदि जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले पनि कवितालाई मिठासपूर्ण बनाएको छ ।

#### ४.५.५ छन्द वा लय

कविताका निम्ति आवश्यक तत्त्व भनेको लय हो । कवितालाई अरू विधाबाट छुट्याउने आधार नै लय हो । कवितामा लय सिर्जनाका निम्ति छन्दको प्रयोग गरेको पनि हुन सक्छ । छन्दका दृष्टिले कविता छन्दोबद्ध वा छन्द मुक्त स्थितिमा रचिन सक्छ । छन्दोबद्ध कवितामा परम्परागत शास्त्रीय छन्द अन्तर्गत पर्ने वर्णमात्रिक, मात्रिक वा वार्णिक छन्द प्रयोग गरिएको हुन सक्छ । यसै गरी छन्दमुक्त कवितामा आधुनिक कालमा विकसित गद्य कविता आउँछ, जसमा लयको स्वतन्त्र प्रयोग गरिएको हुन्छ । अधिकारीका यस सङ्ग्रहका कविताहरू गद्य, पद्य र झ्याउरे तीन वटा छन्दमा रचिएका छन् । यस सङ्ग्रहका धेरै कविताहरू गद्य छन्दमा छन् भने पद्यमा रहेका कविता तथा गीतहरू झ्याउरे छन्दमा छन् । प्रायजसो १६ अक्षरे झ्याउरे छन्दलाई प्रयोग गरिएको छ -

यो साल पनि बाढीले खेत बगाइ लगी गो ।
हिउँदे खेती भएन राम्रो बीचल्ली हुने भो ।

यसरी लय छन्दको कतिपय ठाँउमा त्रुटि हुँदा हुँदै पनि कविताको मिठासपनमा भने कमी देखिएको छैन् ।

#### ४.५.६ निष्कर्ष

**गुराँस बुट्टे पछ्यौरी** कृति वेदनाथ अधिकारीको तेस्रो प्रकाशित मौलिक कृति हो । यसमा उनले आफ्ना मनका भावनाका साथै हाम्रो समाजमा रहेका विद्यमान समस्यालाई विषयवस्तु बनाएर कविता मार्फत व्यक्त गरेका छन् । उनले विभिन्न विषयवस्तुहरूलाई समेटेर कविता लेखे पनि बढी देशभक्ति र राष्ट्रियताप्रति नै झुकाव राखेका छन् । यसका अलावा प्रकृतिको चित्रण, पलायनवादी स्वर अस्तित्वको खोजी, जीवनवादी धारणा, यथार्थवादी जीवन दृष्टि आदिलाई पनि उनले आफ्ना कवितामा समेटेका छन् । समाजमा रहेका गरिबी, अन्याय, अत्याचार जस्ता पक्षलाई पनि आफ्ना कविताका विषयवस्तु बनाएका छन् । यस सङ्ग्रहमा समाविष्ट गरिएका गीतहरू लोकलयमा आधारित छन् भने गीतबाट विविध पक्षहरूलाई उठान गरिएको पाइन्छ । कुनै कुनै पद्य कविताहरूको अन्त्यानुप्रास राम्रो मिलेको छ तर कुनै कुनै पद्यहरूमा भाव एक पछि अर्कोको मिल्दो भए पनि अन्त्यानुप्रास मिलेको देखिँदैन ।

भाषाको प्रयोग सरल सहज खालको पाइन्छ । उनले अन्य कविताहरूमा प्रश्नात्मक, विस्मय, वर्णनात्मक, वीर रसलाई प्राथमिकता दिएको पाइन्छ । कुनै कुनै कविताहरूमा कविता पूरा पढेपछि मात्र भाव पूर्ण आउने हुँदा पङ्क्तिहरूलाई मात्र उल्लेख गर्दा अर्थ नआउने कृति भित्रका प्रमुख कविता तथा गीतहरूको मर्म र भावलाई गोडेर कृतिको अध्ययन गर्ने कोसिस गरिएको छ ।

## ४.६ धरती काँप्दै रुन्छिन् खण्डकाव्यको अध्ययन

### ४.६.१ परिचय

**धरती काँप्दै रुन्छिन्** खण्डकाव्य वेदनाथ अधिकारीको प्रकाशित चौथो कृति हो । २०३९ सालमा मनाङ जिल्लामा अध्यापन गर्दा देखि २०५६ सालसम्मको अवधिमा लेखिएको यो खण्डकाव्य प्रकाशित गर्ने उद्देश्यले विभिन्न कवि, साहित्यकारसँगै शुभकामना समेत लेखाए पनि उनको आर्थिक अभावका कारण प्रकाशित गर्न सकेका थिएनन् । पछि वि.सं. २०६२ साल पुस महिनामा लेखनाथ जयन्तीको अवसर पारेर लेखनाथ साहित्य प्रतिष्ठान, नेपाल प्रमुख प्रकाशक रही यो खण्डकाव्यको प्रकाशन भएको हो । यसको बाहिरी कभर डिजाइन गर्ने कलाकार रमेश श्रेष्ठ हुन् । मानवले आफू बाहेकका प्राणीहरू तथा प्रकृतिमाथि गरेको अतिक्रमणलाई समेटेर रचना गरिएको **धरती काँप्दै रुन्छिन्** खण्डकाव्य **सर्वेश्वरी** सहित दुई खण्डकाव्यमा विभाजित छ । पहिलो खण्डकाव्य **धरती काँप्दै रुन्छिन**मा सृष्टि स्थिति र मानवीय क्रियाकलापलाई समेट्ने प्रयास गरिएको छ । उनले सृष्टि संरचनाको औचित्य माथि गम्भीर प्रश्न उठाउँदै परमेश्वरले दिएको अन्य उपहारहरूलाई मानवजातिले संरक्षण गर्न नसकेको प्रति इङ्कित गरेका छन् । मानव भगवान् भन्दा पनि बाठो हुन खोज्दा प्रकृतिको नाश भैरहेको छ । आखिर प्रकृतिको नियममा चल्ने सबै सजीवहरू कुण्ठित अवस्थामा भए भने उनीहरूले संसारमा दिनु पर्ने स्वरूप दिन सक्दैनन् र अन्तत विलयको स्थितिमा पुग्छन् भन्ने मार्मिक विचारहरू यस खण्डकाव्यमा प्रस्तुत गरेका छन् । विनाश र निर्माणको दुबै शृङखलामा संलग्न रहेको मानवले विनाशलाई छोडेर निर्माणको पक्षमा अग्रसर हुनु

पर्नेमा खण्डकाव्यको प्रमुख भाव रहेको छ । नेपाली साहित्यमा भक्तिधारालाई निरन्तरता दिँदै लेखिएको खण्डकाव्य संस्कृत छन्द र लोकलयका रूपमा मिश्रित बनेको छ । भावना र विचारहरू मान्य हुने गरी लेखिएको खण्डकाव्य पृष्ठ १ देखि ५० सम्म फैलिएको छ । कविताका शीर्षकहरू र त्यसले बोकेको भावहरू एक पछि अर्को विषयवस्तुसँग मेल खाने गरी खण्डकाव्य टुङ्गिएको छ । कविका आफ्ना सपना र चेष्टाहरूको गतिविधि पनि यसै खण्डकाव्य भित्र समाविष्ट भएको पाइन्छ । मूलतः आध्यात्मिक चिन्तनबाट ओतप्रोत भएको खण्डकाव्य ईश्वरीय शक्ति र मानवीय क्रियाकलापसँग अन्तर सम्बन्धित रहेको छ ।

### ४.६.२ संरचना

संरचना भन्नाले कवि एवम् साहित्यकारले रचना गरेको कृतिको आकार प्रकार, स्वरूपलाई जनाउँछ । **धरती काँप्दै रुन्छिन्** खण्डकाव्य लघु आयामको छ । जुन पृष्ठ १ देखि ५० सम्म फैलिएको छ । यस खण्डकाव्यभित्र चार सय दुई वटा पद्यहरू समावेश गरिएको छ भने कवितालाई एक्काइस वटा शीर्षकमा छुट्टाइएको छ । सबैभन्दा पहिलो कवितालाई सबैभन्दा बढी जम्मा ६६ वटा पद्यमा छुट्टाइएको छ । विषयवस्तुलाई समेट्दै जाँदा कुनै कविताहरू अलि लामा रहेका छन् त कुनै छोटा पनि रहेका छन् । कविले यस खण्डकाव्यलाई अत्यन्त रसयुक्त बनाएका छन् भने शैलीलाई पनि संस्कृत छन्द र लोकलयका रूपमा मिश्रित गरी भावना र विचारलाई पस्केको पाइन्छ । विषय दार्शनिक जस्तो भए पनि शैली र लयले गर्दा काव्य सरल बनेको छ । प्रत्येक पाउमा अक्षरहरू एकै गर्न खोजिए पनि केही पाउहरूमा फरक फरक अक्षरहरू रहेका छन् । दुई पाउको एक पद्य वा एक श्लोक बनेको छ ।

### ४.६.३ कथावस्तु

कुनै पनि काव्यमा कथावस्तुको भूमिका अग्रस्थानमा रहेको हुन्छ । खण्डकाव्यको कथावस्तु ऐतिहासिक, सामाजिक, पौराणिक स्वैरकाल्पनिक आदि हुन्छन् । **धरती काँप्दै रुन्छिन्** खण्डकाव्यको कथावस्तु पौराणिक विषयवस्तुमा आधारित रहेको छ । प्रस्तुत खण्डकाव्यको कथावस्तु मानिसले पृथ्वीमाथि गरेको अतिक्रमणप्रति आक्रोश व्यक्त गर्दै सम्पूर्ण जीवहरूको सञ्चालन अदृश्य ईश्वरी

शक्तिबाट भएको छ भन्ने कुरामा जोड रहेको छ। जमिनमा परेको उद्भिज अङ्कुरण भई संसारै ढाक्ने बोटबिरुवाहरू जसरी तयार हुन्छन् त्यसै गरी प्राकृत नियम अनुसार फूलमा भएको अन्डज फुटेर फल लाग्दछ र फेरि बिउ तयार हुन्छ। यस्तो प्राकृत नियम वा स्वतन्त्रतालाई मानिसले मिचेर उद्भिजहरूलाई अङ्कुरण हुन नदिनु ईश्वरीय शक्तिको विरुद्धमा कार्य भएको ठहर्छ। उर्वर जमिनलाई चट्टानमय बनाउँदै उद्भिजहरूलाई कुण्ठित पारी जमिन भित्र नै सडाउने र उनीहरूको आकाश छुने सपनालाई तुषारापात गर्ने काम मानिसले गरेको छ। यस्ता क्रियाकलापले गर्दा मानिस भौतिक संसारमा क्षणिक रूपमा रमाउन त सजिलै होला तर यसको दीर्घकालीन प्रभाव मानिसले आँकलन गर्न नसकेको कुरा व्यक्त गरिएको छ। वातावरण सफा र स्वच्छ राख्न उद्भिजहरू उम्रनै पर्ने र सृष्टिलाई कायम राख्न पनि अन्डजहरू फुटेर प्रजनन हुनै पर्ने हुन्छ। अन्यथा उत्पादनको चक्र नै बन्द हुन पुग्छ र सबै नासिने संम्भावना हुन्छ। त्यसैले ईश्वरीय शक्ति सबै प्राणीहरूले महसुस गर्न सकून् न कि तिनीहरूको शक्तिलाई क्षीण बनाउँदै सैतानको रूपमा मानिसले उनीहरूमाथि आधिपत्य नजमाओस् भन्ने खण्डकाव्यको कथावस्तु रहेको छ। यसलाई कविता मार्फत यसरी व्यक्त गरिएको छ।

आकाशै ता कि गर्दथ्यौँ ध्यान साँझ र बिहान।
फलाई दिन्थ्यौँ प्रशस्तै खान प्राणीलाई फलअन्न ॥
हे विश्वभर के भूल छ र यो भार हामीलाई।
सम्पूर्ण हामी ठिक्क छौं अब गर्भ भै मर्नलाई ॥

सालनाल सहित गर्भमा बसेर आउने प्राणीलाई 'जुरायुज' र पसिना, मैलाबाट निस्कने प्राणीलाई 'स्वेदज' भनिएको छ। यसरी जरायुज र स्वदेजहरू पनि बाँच्ने आधार पृथ्वी नै हो। यसरी साना साना प्राणीहरू माथि मानिसले गरेको थिचोमिचो र उनीहरूको बाँच्ने स्वतन्त्रतालाई कुल्चेर आफैँ मात्र बाँचौं भन्ने विचारलाई ईश्वरले राम्रो नमानेको पुष्टि हुन्छ। यसै प्रसङ्गमा ईश्वर कालसँग बसेर मित्रता गाँस्दै अन्याय र अत्याचारमा परेकालाई सहयोग गर्दै दमन गर्ने माथि नष्ट गर्ने आग्रह हुन्छ। तैपनि चतुर मान्छेले काललाई पनि हैरान पारी आफू बाँच्न सफल हुन्छ। केही नलागेपछि ईश्वर परमप्रभु ब्रम्ह्माण्ड यात्रामा निस्कन्छन्। यसरी ब्रम्ह्माण्ड यात्रा गर्दा ईश्वर

प्रत्येक ठाउँमा पुगेर छायाँ चित्र खिच्छन् । छाँया चित्र खिच्दा पनि उद्भिज उम्रनै नपाई माटोभित्र नै सडेको, अण्डज फूटेर फूल फूल्दा मानिसले फूल नै नष्ट गरेको र अन्य जीवहरू माथि पनि आफ्नो प्रभाव कायम राखेको देख्दा परमेश्वर दिक्क मान्दै सृष्टिको नियममा मानिसको जन्म दिनु भूल भएको स्वीकार छन् । ईश्वर मगन्तेको रूप धारण गरी घुम्दा नोकरको उद्धार गरी उसकी श्रीमतीलाई भेटाइँ दिएको कारुणिक घटनालाई पनि यहाँ जोडिएको छ । परमपिता परमेश्वर मानिसको परीक्षा लिनका लागि यसरी हिँड्दा मानिसले आफू भन्दा निर्बलियो मानिसलाई गरेको दमन र असमानताको व्यवहारले गर्दा उनीहरूप्रति निगाह प्रदान हुन्छ । मानिसले गरेको व्यवहारले सहन नसकी पृथ्वी, काल, जरायुज, उदबीज, अन्डज र ईश्वर मिलेर मानिसलाई मार्नका लागि ठूलो भूकम्प ल्याउने निर्णय हुन्छ । आखिर चलाख मान्छेले ती सबै गुप्त कुराहरूलाई थाहा पाएर घर छोडी खुला आकाशमुनि बस्न पुग्छ । भुकम्प जान्छ आखिर सबै प्राणीहरूलाई मर्का पर्छ भने मानिस त्यसबाट पनि बाँच्न सफल हुन्छ । यसरी ‘रात्रि चर’ भनेर ईश्वरले आन्तरिक कुरा भित्र राख्न नसक्ने मानिसकै सहयात्री भनेर भन्न खोज्नु भएको छ । आखिर केही नलागेर मानिसलाई तँ मात्र पृथ्वीमा बाँच्न लायक रहिछस्, तँ बढ्दै जा अरूको कुनै अस्तित्व नगर भनी मानिसलाई व्यङ्ग्यात्मक शैलीमा गरेको कुरा प्रस्ट बुझ्न सकिन्छ । जसलाई कविले यसरी व्यक्त गर्छन्-

पृथ्वी, काल, जरायुज, उद्भिज, अन्डज ईश्वर ।
मिलेर ठूलो गराउन खोजे गम्भीर भुकम्प ॥
मानिसलाई थाहा नदिने भन्ने निर्णय गरियो ।
सृष्टिको नियम विपरीत चल्ने मान्छे नै ठहऱ्यो ॥

यसरी मानिसलाई सुधार गर्नका लागि ईश्वर कहिले रात्रिचर बनेर बसेको कुरा कथा मार्फत बुझ्न सकिन्छ । यसरी रात्रि चर भई बस्दा पनि मानिस आफ्नो सुख सयलमा भुलिरहेको र ठूलाबडाले सानालाई हेपिरहेको देख्छन् । मानिस सांसारिक सुख सयलमा रमाउँदा र असमानताको व्यवहारले भगवान् आत्तिएर मानिसलाई अब केही गर्न पर्छ भन्ने निर्णय गरी मानिसको निद्रा खोसेर सजायँ दिन्छन् र मानिस विपद्मा पर्दछ । यसरी मानिसले अब पृथ्वीमा भयावह स्थिति

आउन लाग्यो भनेर भगवान्को प्रार्थना गर्न पुग्छ । सोझा गरिबहरूले भगवानको प्रार्थना गर्न पुग्छन् र तर ठूलाबडा मानिसहरूले यो भयावह स्थितिको सामना गर्न आन्तरिक रूपमा लाग्छन् । तर ईश्वर परमात्माको अगाडि केही लाग्दैन र सबैले ईश्वरको पूजन तर्फ लाग्छन् । यसरी कथाकै प्रसङ्गमा पापिनी आमाले गर्भपतन गरेको कुरालाई पनि दर्साइएको छ । ब्राम्हणहरू दुःखी बनेर चिन्तित मुद्रामा रहेको र यो सम्पूर्ण समस्याबाट उन्मुक्ति चाहेको कुरालाई पनि कथावस्तुमा समाविष्ट गरिएको छ । मानिसले जति उत्पात गरे पनि ईश्वरको दया, कृपा र मायाले संसार अडिएको छ । ईश्वरीय शक्तिलाई बुझ्न सकेमा सबै प्राणीहरूको कल्याण हुनेमा दुईमत छैन भन्ने कविको मत पाइन्छ । यो सम्पूर्ण सृष्टि र यसलाई निन्तर चलाईराख्ने शक्ति ईश्वरमा छ । प्राणी र वनस्पतिहरूलाई बाँच्ने अनुकूलता प्रदान गर्नु साथै तिनीहरूको वृद्धि र विकासमा प्राकृतिक नियमलाई निरन्तर कायम राख्नु पनि ईश्वरीय चैतन्य स्वरूप नै हो । यी सम्पूर्ण उत्पातहरूलाई दृष्टिगत गर्दै ईश्वरले मानिस लगायत अन्य सबै प्राणीहरूलाई बोलाई सभाको आयोजना गरे । त्यस बखतमा मानिस उपस्थित भएन । जलचर, नभचर सबैले मानिसलाई दोषी ठहऱ्याए । अन्तमा एउटा लुरे मान्छे उपस्थित भएर संसार नै उडाउने धम्की दिँदै सभाको अपमान गऱ्यो । ईश्वरले उसलाई निकै हप्काए तर पनि परमेश्वर मानिसको कुकृत्य कर्म देखेर दिक्क हुँदै बेहोस भए । यस अवस्थामा **धरती पनि काँप्दै**, रूदै आफ्नो कक्षमा घुम्दै रहिन् । अन्त्यमा सभा नै सबै बेहोसमा परिणत भयो । यसरी यस खण्डकाव्यको कथावस्तु टुङ्गिएको छ । यसलाई कविता मार्फत यसरी व्यक्त गरिएको छ ।

दिग्दारै लाग्यो मान्छेको चाल देखेर ईश्वरलाई ।
उसको भनाइ सुनेर तर्सी बेहोसै भए है ॥
धरती पनि काम्दै र रुँदै घुमिन् है कक्षमा ।
सब नै बेहोस् त्यसै सभाकै क्षेत्रमै ॥

### ४.६.४ पात्र

पात्रको भूमिकाले नै खण्डकाव्यलाई मार्मिक बनाएको हुन्छ । कथावस्तुलाई सिलसिलाबद्ध रूपमा अगाडि बढाउने काम पात्रले गर्दछ । खण्डकाव्यमा कुनै पात्रहरू प्रधान हुन्छन् भने कुनै सहायकका रूपमा देखा पर्दछन् । त्यस्तै कुनै पात्रको क्रियाकलाप सकारात्मक हुन्छ भने कुनै पात्रहरू मानवीय गुण विपरीत नकारात्मक रूपमा पनि प्रस्तुत भएका हुन्छन् । यस खण्डकाव्य भित्र संसारको सृष्टि गर्ने र त्यसलाई निरन्तर चलाइ रहने परम दयालु ईश्वर सम्पूर्ण प्राणीको कल्याणमा अदृश्य शक्ति जगाई रहने हितकारी प्रमुख पात्रका रूपमा लिन सकिन्छ । त्यस्तै संसारलाई हरियाली बनाउँदै प्राणीहरूको आवश्यकतालाई पूरा गर्नका लागि अङ्कुर भई जमिनबाट बाहिर निस्कने 'उद्भिज' अर्को पात्रका रूपमा देखा पर्दछ । प्राकृत नियम अनुसार अन्डज फुटेर प्रजनन् हुँदै नयाँ सन्ततिको स्वरूप प्रदान गर्ने 'अन्डज' अर्को सशक्त पात्रका रूपमा कथामा प्रस्तुत भएको पाइन्छ । ईश्वरको अदृश्य ईश्वरीय शक्तिलाई भिनो सम्भँदै आफ्नै बल, वर्कत र ज्ञानले नै संसार अडेको छ, अन्य शक्ति यहाँ छैन, हामी नै यहाँको सर्वशक्तिमान् प्राणी हो भन्ने सम्भने घमन्डी पात्रका रूपमा मानिस देखा पर्दछ ।

अन्य पात्रका रूपमा पसिना र फोहोर मैलाबाट जन्मिएका स्वेदज प्राणीहरू संसार आफ्नै मात्र हो यहाँ हाम्रो राज हुनुपर्दछ भन्दै अर्कालाई टोक्ने र रगत चुस्ने डसाहा पात्रका रूपमा कथामा देखिएका छन् । संसारमा जसले कुकर्म पाप, हत्या र आतङ्क मच्चाउँछ त्यस्ता कुकर्मीहरूलाई सजायँ दिनका लागि 'काल' अर्को पात्रका रूपमा रहेको छ । मानिसले यस पृथ्वीमा गरेको उत्पातका कारण यसलाई नजिकबाट नियाल्नका लागि 'मगन्ते' 'रात्रि चर' र 'गुप्तचर' का रूपमा हिँड्ने ईश्वर यहाँ विभिन्न स्वरूप ग्रहण गर्दै मौन पात्रका रूपमा देखा परेका छन् । बच्चालाई जन्म दिएर जिउँदै सिस्नाको घारीमा फाल्ने पापिनी आमा एक कुपात्रका रूपमा कथामा रहेकी छ भने उक्त बच्चालाई देखी एउटा पुलिसले घरमा लगी लालनपालन गराएर उसको जीवनलाई पुर्नजन्म दिने सहयोगी पात्रका रूपमा रहेको पाइन्छ । पृथ्वीमा मानिसले गरेको अतिक्रमण र दुःखी, गरिब र सतमार्गमा हिड्ने व्यक्तिहरूले भेल्नु परेको अपमानले गर्दा सत्यवादीहरू पछाडि परेको स्विकार्दै त्यसबाट

उन्मुक्तिको चाहना राख्ने अर्का कर्मशील पात्रको रूपमा दुःखी ब्राम्ह्माण रहेका छन् । यसरी मानिसले गरेको कार्य र सोचप्रति सामीप्यता राख्ने मानवीय कुपात्र र ईश्वरीय शक्तिलाई आत्मसात् गर्दै प्राकृतिक नियम अनुसार चल्न खोज्ने मानवेत्तर सुपात्रहरू खण्डकाव्यमा देखिएका छन् ।

### ४.६.५ परिवेश

कवि एवम् साहित्यकारले खण्डकाव्य रचना गर्दा त्यति बेलाको देश, परिस्थिति, समयलाई बुझेका हुन्छन् र खण्डकाव्यमा त्यसलाई ढालेर पूर्णरूप दिएका हुन्छन् । प्रस्तुत खण्डकाव्यको परिवेश पृथ्वीको धरातलसँग सम्बन्धित छ । अर्को तर्फ पृथ्वीमा रहने सबै वस्तुहरूलाई कुनै न कुनै शक्ति प्रधान छ, त्यो अदृश्य शक्ति ईश्वरले स्वतन्त्र रूपमा प्रधान गर्दै सबै आ-आफ्नो अस्तित्वमा रहन सकून् भन्ने अभिप्रायले ममता भाव राखी दया, माया र स्नेहको अपार परिवेशलाई झल्काउन खोजिएको छ । निरञ्जन निराकार ईश्वर सबैको भलो चाहने र जसले कुकर्म, पाप हत्या जस्ता अपराधहरू गर्दछ तिनीहरूलाई सत्मार्गमा हिँडाउन चाहन्छन् । सबै परिवर्तन हुँदै अगाडि बढेमा शान्ति प्राप्त भई बाँच्नका लागि सहज हुने हुँदा शान्ति र समृद्धिको आशा गर्दै त्यही परिवेशको कल्पनामा रहेर यो खण्डकाव्य रचित छ । ईश्वरले सबै प्राणी तथा वस्तुहरूको सृष्टि गरिसकेपछि मानिसलाई उच्चस्तरको प्राणी बनाए । तर मानिस आफू बाठो हुँदै ईश्वरीय शक्तिको खिलाफमा उभिनुले मानिसको चिन्तन कस्तो रहेछ भन्ने परिवेश पनि समेटिएको छ । मानिसले पृथ्वी माथि गरेको निर्मम प्रहार र अन्य जीवहरूमाथि गरेको थिचोमिचोले प्राकृत नियमलाई नै मिचेको आभास हुन्छ भन्दै मानवीय स्वभावलाई पनि चित्रण गरिएको छ ।

'उद्भिज'हरू अङ्कुरण हुन नपाउने र अन्डजहरू फुटेर प्रजनन् हुन नपाउने अवस्थामा उनीहरूको रोदन र क्रन्दन भगवान्ले सुनेर प्राकृत नियम अनुसार उनीहरूको अधिकारलाई संरक्षण गर्नुपर्छ भन्ने परिवेशलाई यहाँ उतार्न खोजिएको छ । मानिस र मानवेतर जीवहरूको अवस्थालाई आँकलन गर्दै मानवेतर जीवहरूको अस्तित्व र अधिकारलाई मार्न नहुने परिवेशलाई झल्काउन खोजिएको छ । समग्रमा यसको परिवेशलाई हेर्दा विधिको व्यवहार, प्राकृत नियम र ईश्वरीय शक्तिलाई

आत्मबोध गर्दै सबैको बाँच्न पाउने अधिकारलाई संरक्षित गर्नु चेतनाको अभिवृद्धि र धरातलीय स्वरूप जस्ताको तस्तै राख्नु पर्छ भन्ने नै हो । त्यति मात्र नभई ब्रह्माण्ड परिवेशलाई पनि खण्डकाव्यमा प्रमुख रूपमा राखिएको छ ।

**४.६.६ भाषाशैली**

भाषाले काव्यलाई सरल र सहज रूपमा बुझ्नका लागि सहयोग गरेको हुन्छ । **धरती काँप्दै रुन्छिन्** खण्डकाव्यमा कविले ठेट नेपाली शब्दहरूको प्रयोग गरेका छन् । कविले आफ्ना अनुभूतिलाई लोक, लय र संस्कृत छन्दमा मिश्रित बनाएर खण्डकाव्यमा प्रस्तुत गरेका छन् । तत्सम, तत्भव र झर्रा नेपाली शब्दहरू प्रयोग गरी लेखिएको उक्त खण्डकाव्य शैली र शिल्पका हिसाबले अत्यन्तै निखारिएको पाइन्छ । विशेष गरी नेपाली साहित्यमा भक्ति धारालाई निरन्तरता दिँदै नैसर्गिक भाषा प्रवाहमा नेपाली लोक, लयका स्वरहरू प्रसारित गर्ने कवि अधिकारी नेपाली संस्कृति र लोक प्रवाहका संवाहक कविको रूपमा चिनिन्छन् । अधिकारी कठोर र क्लिष्ट भाषाशैलीलाई प्रयोग नगरी लेखनाथ पौडेलको शैली र भावको तरिकालाई अनुशरण गर्दै कविता लेख्ने कवि हुन् । उक्त जनबोलीलाई आफ्नो गीत कविताको भाषिक माध्यम बनाएर जनताका अन्तरआत्मादेखि निस्कने मिठासपूर्ण र लयदार भाषाशैलीको आयोजना गरेर कविता लेखेका हुन् । अधिकारीका यस भन्दा पहिला प्रकाशित भएका कृतिहरूमा भन्दा यस खण्डकाव्यमा स्तरीय भाषा शैलीको प्रयोग भएको छ । यस खण्डकाव्यलाई रोचक बनाउनका लागि भूत, झाँक्री, हाम्लाई चिप्लेकीरा, लाम्खुट्टे जस्ता ठेट नेपाली शब्दहरूको प्रयोग भएको पाइन्छ भने घक्रक्क, सुटुक्क, थरथर, ढुकढुक जस्ता अनुकरणात्मक शब्दको प्रयोग भएको पाइन्छ । त्यस्तै नभ, खजाना, गगन, मेघाग्नी, भूकम्प जस्ता तत्सम तत्भव शब्दहरूको प्रयोगले पनि यस खण्डकाव्यलाई अझ रोचकता प्रदान गरेको छ । डाक्टर, इन्जिन, स्केल, बारूद, जीवधारी जस्ता आगन्तुक शब्दहरू पनि यस खण्डकाव्यमा प्रयोग भएका छन् साथै **'हुनेहार दैव नटार'** जस्ता उखान टुक्काको प्रयोगले यस खण्डकाव्यलाई अझ उचाइमा पुऱ्याएको छ ।

यसरी अधिकारीको यस खण्डकाव्यमा विभिन्न खालका शब्दहरूको प्रयोग भएको भए पनि भाषाशैली क्लीष्ट नभई सरल र सुवोध्य रहेको छ ।

### ४.६.७ शीर्षक

कृतिको रचना गरे पछि त्यसको शीर्षकले महत्त्वपूर्ण भूमिका लिएको हुन्छ । कतिपय खण्डकाव्यका शीर्षकले नै त्यसभित्र रहेको खास कुरालाई अभिव्यक्त पारेको पाइन्छ । यस खण्डकाव्यको शीर्षक भने अत्यन्तै साहित्यिक तवरले राखिएको छ । जसमा धर्तीलाई प्रमुख नायकका रूपमा राख्दै यसले सहनु परेको पीडालाई कारुणिक रूपमा व्यक्त गरिएको छ । यस खण्डकाव्यलाई अध्ययन गर्दा ईश्वरीय शक्ति सबै प्राणीहरूमा निहित छ, त्यही अदृश्य शक्तिका कारणले नै यो सृष्टिको निरन्तरता सम्भव भएको हो । त्यसैले यहाँ ईश्वर एक प्रमुख पात्र छन् भने मानिस ईश्वरीय शक्तिको एक अंश भएर पनि ईश्वरसँग नै चुनौती लिदै संसार मेरो हो र यी सबै शक्ति मानिसबाटै परिचालित छन् भन्ने विचार राख्ने अर्को पात्र हो । यी दुवै पात्रको द्वन्द्वलाई खण्डकाव्यमा पारदर्शी तरिकाले देखाइएको छ । प्राकृत नियम अनुसार उत्पत्ति भएका जीवहरू आफ्नो स्वतन्त्रताको नियम अनुसार चल्न नपाउनु अर्को दु:खदायी पक्ष हो । सबै परिस्थितिलाई मूल्याङ्कन र अवलोकन गर्दै ईश्वर विभिन्न रूप धारण गरी मानिसको समीपमा पुग्दा पनि मानिस सुध्रन नचाहनु र आफ्नै मनोमानी गर्दै हिड्नु अर्को घमण्डको पक्ष हो । मानिसको यस्तो घमन्डी प्रवृतिले गर्दा ईश्वर पनि दिक्क मान्दै बेहोस् भएको र धर्तीले पनि निर्मम चोटहरू सहन नसकी काँप्दै आफ्नै कक्षमा घुमेको भाव झल्किने गरी खण्डकाव्यको शीर्षकको सार्थकता देखाइएको छ । विषयवस्तु अल्लि फरक र मार्मिक भए पनि खण्डकाव्यको कथावस्तुको भाव र शीर्षक बीच मेल खाने भएकाले शीर्षक सार्थक रहेको छ ।

### ४.६.८ छन्द/लय

खण्डकाव्यको रचनामा चाहिने एक महत्त्वपूर्ण तत्त्व छन्द वा लय हो । छन्दको प्रयोग गरिएका खण्डकाव्यमा वर्णमात्रिक, मात्रिक, वार्णिक, लोकछन्द वा मुक्त रहन सक्छन् । अधिकारीको चौथो सौगातका रूपमा रहेको **धरती काँप्दै रुन्छिन्** खण्डकाव्यमा संस्कृत र लोक छन्दको प्रयोग गरिएको छ । खण्डकाव्यलाई विभिन्न शीर्षकमा छुट्याइएको हुनाले प्रत्येक शीर्षकको अन्त्यमा त्यसको भाव स्पष्ट हुने गरेर संस्कृत छन्दमा गाढा अक्षरमा लेखिएको छ । यस खण्डकाव्यमा अधिकारीले अत्यन्त परिश्रम र लगनशीलताका साथ शब्दहरूको चयन गरेको पाइन्छ । वाचन गर्दै जाँदा

अन्त्यानुप्रासमा कमी झल्किए तापनि शब्दको गहनताले यस काव्यलाई रसयुक्त बनाएको छ । यस खण्डकाव्यमा धेरै भन्दा धेरै श्लोकहरू झ्याउरे छन्दमा छन् । त्यसमा पनि प्रत्येक शीर्षक भित्र झ्याउरे र संस्कृत छन्दलाई मिश्रित गरिएको छ । जस्तै :

उम्रन यहाँ मन छैन तर उम्रनै पर्दछ ।
उम्रनै हामी पर्दैन बीचमै कलमी गर्दछ ॥
पाइन्न आफैंले सुरले चल्न अर्कोको अधिन
मेटियो सबै अधिकार हाम्रो केवल छ दीन ॥

(उद्भिजः पृ. ४)

यसरी प्रकृतिलाई सुन्दरता प्रदान गर्न चाहना राख्ने बोटबिरुवाप्रति मानिसले गरेको कुकार्यलाई अत्यन्त मार्मिक र कारुणिक भाव सहित झ्याउरे लयमा व्यक्त गरिएको छ । त्यस्तै, शीर्षकमा रहेको विषयवस्तुलाई स्पष्ट पार्नका लागि संस्कृत छन्द रचना गरिएको यस खण्डकाव्य भित्रका केही पङक्तिलाई तल दिइन्छ । जस्तै :

सबै बोक्रे खोक्रे खबर लिई हल्लाहरू गरी ।
जरो आफ्नै काटी पतन पथ लाग्ने हरिहरि ॥
अहो ! यस्तै सुन्दर म अति डरले थर्थर्थर भएँ
दिइन् शान्ति फेरि प्रकृति जननीले घर गएँ ॥

(जरायुज : पृ. १०)

यसरी यस खण्डकाव्यलाई सुन्दर बनाउनका लागि साहित्यकार अधिकारीले संस्कृत र झ्याउरे लयको प्रयोग गरेका छन् । छन्द र लयको उचित संयोजन गरिएको यस काव्यले पाठक वर्गको मनलाई सजिलै लोभ्याउने किसिमको रहेको छ ।

### ४.६.९ विम्ब/प्रतीक र अलंकार

काव्यमा व्यक्त गरिने भाव विचारलाई प्रभावकारी ढङ्गमा प्रस्तुत गर्न विभिन्न विम्ब प्रतीक र अलङकारको प्रयोग गरिन्छ । रचनाहरूमा प्रयोग गरिएका अलङकारहरूले प्राय मन र मस्तिष्कमा एक किसिमको कौतूहल वृत्तिलाई उत्पन्न गरेर मनलाई जागृत बनाउँछ र रसानुभूतिमा पनि सहयोग पुऱ्याउँछ । अलङ्कारले अतिशय चमत्कारद्वारा हाम्रा मानसिक वृत्तिलाई उद्दीप्त गरेर तीव्र बनाउनमा मद्दत

गर्दछ । यी उद्दीप्त वृतिहरू जब अन्वित हुन खोज्छन् त्यसपछि रसमानुभूतिमा पनि तीव्रता र एकाग्रताको स्थिति देखा पर्दछ । कविले कहिले अर्को वस्तुसँग तुलना गरेर, कहिले घुमाई फिराईकन, कहिले सुन्दर वर्ण र शब्द विन्यासद्वारा आफ्नो अभिव्यक्तिलाई चमत्कारपूर्ण र आकर्षक बनाउन चाहन्छन् । यस्तो क्रिया अलङकारबाट मात्र सम्भव हुन्छ । अलङ्कार एक प्रकारको सौन्दर्य हो र सौन्दर्य प्रेम मानव मात्रको जन्मजात प्रवृत्ति हो । आयोजित वा आभ्यासिक अभिव्यक्तिमा होइन स्वतः स्फूर्त अभिव्यक्तिमा नैसर्गिक सौन्दर्य लुकेको हुन्छ । त्यस्तै, अधिकारीका अधिकांश कविता काव्यमा अलङकार र विम्ब प्रतीकको प्रयोग भएको पाइन्छ । धरती काँप्दै रुन्छिन् शीर्षक रहेको खण्डकाव्यको शीर्षक अलङ्कारको रूपमा आएको छ । जसमा धरती भन्नाले आमालाई बुझिन्छ भने यस पृथ्वीमा बसेर आमा माथि अतिक्रमण गर्ने दुष्टहरूले आफ्नो स्वार्थ पूरा गर्नका लागि आमालाई रुवाई रहेका छन् भन्ने बुझिन्छ । त्यस्तै 'उद्भिज' कवितामा उद्भिज भन्नाले बीउ भन्ने बुझिन्छ । बीउ अंकुरण भई बोट बनेपछि त्यसले जतातत‌ै हराभरा बनाउँछ र वातावरणलाई पनि स्वच्छ राख्न मद्दत पुऱ्याउँछ भने 'अन्डज' कविताले फूलभित्रको अन्डज फुटेर रङ्गीचङ्गी फूलहरूको उत्पत्ति भई वातावरणलाई सुरम्य बनाउन सहयोग गर्दछ । जरायुज कवितामा जरायुज भन्नाले साल नाल सहित निस्कने प्राणी भन्ने बुझिन्छ । जुन प्राणीहरूले पृथ्वीमा उत्पात मच्चाएर विध्वंस गरेको रूपमा चिनिएका छन् त्यस्तै स्वेदज भन्नाले उपियाँ, उडुस, जुम्रा, भाइरस आदिलाई चिनाउँछ । पृथ्वीमा रहेका दुष्ट, फटाहा, शोषक र सामन्तीहरूले जसरी अरूलाई दुःख दिएर, आफू बाँचेका छन् त्यस्ता प्रवृत्तिका व्यक्तिहरूलाई स्वेदज भनेर भनिएको छ । 'ईश्वर' र 'काल' कवितामा ईश्वर भनेर सबैको कल्याण र हित गर्ने र चेतनाका बाहक हुन् भने 'काल' जसले पृथ्वीमा बसेर विकृति र विसङ्गति फैलाउँछ त्यसलाई सजाएँ दिने अर्को शक्ति हो । छायाँ चित्र कवितामा छायाँ भनेर आकाश मुनिरहेको पृथ्वी हो र चित्र भनेको त्यसको तस्बिर हो । आकाश मुनि रहेको पृथ्वीको तस्बिर खिच्दा ईश्वरले धेरै कुकर्महरू गर्ने पात्रहरूलाई भेटाएको पाइन्छ । त्यस्तै 'मगन्ते' कवितामा मगन्ते भन्नाले मागेर जीवन निर्वाह गर्ने मान्छे हो भने अर्को अर्थमा कवितामा ईश्वर मगन्ते बनेर सबैको घरघरमा पुग्दा उनलाई गरेको अवहेलना र

घृणाले समाजमा रहेका मानिसहरूको स्वभाव र प्रवृत्तिलाई प्रस्ट पार्ने साधन पनि हो भने 'गुप्तचर' भन्नाले खराब र असल छुट्टाउने व्यक्ति हो । 'रात्रि चर' कवितामा रात्रि भन्नाले रातमा र 'चर' भन्नाले जाग्राम बस्ने भन्ने बुझिन्छ । रातिमा जाग्राम बसी ईश्वरले मानवीय स्वभाव र व्यवहारलाई नियालेको पाइन्छ । 'पापिनी' कवितामा आफूले शिशु जन्माएर बेवारिसे अवस्थामा फाल्न सक्ने खराब चेतना भएका नारीलाई देखाइएको छ भने दुःखी ब्रामहृण भनेर सोझो, सत्कर्म र निष्ठानवान व्यक्तिलाई इङ्कीत गरिएको छ । कर्मयोगी भन्ने कवितामा कर्मयोगीको अर्थ, मिहेनत र परिश्रम गर्ने स्वावलम्बी व्यक्तिहरूलाई चिनाउँछ । त्यस्तै, 'विधिको व्यवहार' कविताको अर्थ जसले नियम, कानुन बनाई पालन गर्छ र असल चरित्रबाट आफूलाई स्थापित गर्छ त्यो असल हो भनी चिनिन्छ । 'हुने हुनामी' कविताको अर्थ धन सम्पत्तिको आडमा मानिसले जे पनि गर्छ भनी विभिन्न विम्बात्मक पङ्क्तिहरू प्रस्तुत गरेका छन् ।

त्यस्तै प्रतीक पनि यस कृतिभित्र धेरै नै प्रयोग भएको पाइन्छ । कवि अधिकारी सामान्य पाठकवर्गले सहजै तरिकाले बुझ्न सक्ने सरल विम्ब प्रतीकहरूका माध्यमबाट आफ्नो भावना एवम् कल्पना अभिव्यक्त गर्न कविका रूपमा चिनिन्छन् । विम्ब प्रतीक प्रयोगका कोणबाट हेर्दा उनका कतिपय कविताहरू उच्च कोटीका मानिन्छन् । यस कृतिभित्र साँडे, वन ढाडे, किरा, मुसा, चरा, फट्याङ्ग्रा, भालु, अजिङ्गर, बंगुर, चण्डाल, बोक्रे, खोक्रे, ठालु, उपियाँ, उडुस, भाइरस, लाटो, लामखुट्टे, बुढो, चिप्ले किरो, भ्यागुता, बीचछी, झिल्को, धमिरा, भूकम्प, घोडा, नास्तिक, कुल्ली, असुर, धूर्त, ओजनतह, उल्का, उत्पात, झाँक्री, भूत जस्ता धेरै प्रतीकको प्रयोग भएको पाइन्छ ।

**४.६.१० निष्कर्ष**

साहित्यकार वेदनाथ अधिकारीको चौथो कृतिका रूपमा बाहिर आएको यो कृति अत्यन्त मौलिक रहेको छ । यसको संरचना जम्मा ५० पृष्ठमा संरचित छ भने कविताहरू जम्मा २१ वटा राखिएका छन् । खण्डकाव्यको कथावस्तु पौराणिक र स्वरैकाल्पनिक तरिकाद्वारा मिश्रित गरी छुट्टै नयाँ ढाँचाबाट नविनतम् विचारहरूलाई पस्किने प्रयास गरिएको छ । जीवहरूको उत्पत्ति र विकाससँगै उच्चस्तरको प्राणी

बनेको मानिसले यस धर्तीमा गरेका विभिन्न क्रियाकलापहरूलाई समेटिएको छ । त्यसको सँगसँगै ईश्वरीय शक्तिको प्रभाव र त्यसलाई उपयुक्त तरिकाले प्रयोग गर्न नसक्नु मानिसको कमजोरी हो भन्ने आशय पनि खण्डकाव्यमा पाइन्छ । पृथ्वीमा रहेका हरेक जीवहरूलाई कुण्ठित बनाएर उनीहरूको आफ्नो क्षमता अनुसार विकसित हुन नदिई बीचमा नै खतम गरिदिने मानिस प्राकृत नियमको विपरित चलेको पुष्टि हुन्छ । 'उद्भिज' हरू पृथ्वीको गर्भभित्र नै सडेर जाने अवस्था र अन्डजहरूले आफ्नो स्वरूप ग्रहण गर्न नपाउने अवस्था कसले निम्त्याएको छ भनी ईश्वरसँग प्रश्न गरिएको छ । 'अन्डज', उद्भिज, जरायुज र स्वेदजको विलौनालाई ईश्वरले सुन्दै उनीहरू माथिको दमनलाई हटाउन ईश्वरले पटक पटक मानिसलाई आग्रह गरेको पाइन्छ । तर मानिस त्यो आग्रहलाई लत्याउँदै घमन्डी र स्वार्थी बन्दै ईश्वरसँग नै चुनौती दिदै हिडेको पाइन्छ । ईश्वरले कालसँग सम्बन्ध गाँस्दै कालसँग नै गई वास बसेको र मानिसले गरेको विभिन्न कुकृत्यको सँजाय उसलाई दिनुपर्छ भन्ने निर्णय हुन्छ ।

## ४.७ सर्वेश्वरी खण्डकाव्यको अध्ययन

### ४.७.१ परिचय

**धरती काँप्दै रुन्छिन्** खण्डकाव्य भित्र राखिएको अर्को खण्डकाव्य 'सर्वेश्वरी' उनको पाचौं कृतिका रूपमा प्रकाशित भएको हो । अति सरल भाषामा लेखिएको यो कृति जम्मा ४६ पृष्ठमा फैलिएको छ । जसलाई खण्ड काव्यमा पृष्ठ ५१ देखि पृष्ठ ९६ सम्म राखिएको पाइन्छ । **सर्वेश्वरी** १ देखि **सर्वेश्वरी** ११ सम्म विभाजित यो काव्य जम्मा पाँच सय पन्ध्र पद्यहरूमा संरचित छ । **सर्वेश्वरी** १ देखि ११ सम्म दैवी शक्तिका बारेमा लेख्दै आफूले भोगेका असहज परिस्थिति, आफ्ना सपना र चेष्टाहरूको गतिविधिलाई समाविष्ट गरेको पाइन्छ । शक्तिकी खानी र संसार सागरमा मायाको बन्धनमा डुबाइ दिने सर्वेश्वरीलाई मूल पात्र बनाएर लेखिएको खण्डकाव्य नव दुर्गा भगवतीको महिमा र देवीले दानवमाथि गरेको विजयको सन्दर्भपूर्ण रसयुक्त भएर कविता मार्फत प्रस्तुत छ । सर्वेश्वरी भनेर खण्डकाव्यमा देवी भगवतीलाई जनाउन खोजिएको छ । उनलाई विभिन्न नामले पुकार्दै कविले यो

संसारको चक्र उनबाट नै सम्भव भएको र त्यही अदृश्य शक्तिबाट सम्पूर्ण जीव, जीवात्माहरूको जीवन सम्भव भएको प्रति जोड दिइएको छ । भगवतीले सबैको कल्याण गरून् र सबैको सुख समृद्धिमा भगवतीको आशीर्वाद र नजर परोस् भन्ने कामना पनि यसै भित्र पाइन्छ । यस्ती सिद्धिदात्रीको महान् शक्तिलाई मानिसले भुलेर पनि उपेक्षा गर्न नहुने उपदेश मूलक भाव पनि पाइन्छ ।

साहित्यकार वेदनाथ अधिकारीले मनाङ्ग जिल्लामा अध्यापन गराउँदा घटेको घटनाबाट आफूले पाएका दुःख र पीडाको अनुभूतिलाई पनि 'सर्वेश्वरी' २ मा राखेका छन् । मनाङ्गको चामेमा रहँदा आफू त्यहाँको चिसो वातावरणमा रहन गाह्रो परेको र कर्मेष्ठी, निष्ठावान् ब्रामह्ण पुत्रले गर्नुपर्ने दैनिक शुद्धाशुद्धि आफूले गर्न नसकेको प्रति भगवतीसँग क्षमा मागिएको छ । पोखराबाट घाचोक हुँदै चामे जाँदा भीरबाट लडेर मर्स्याङदी नदीको किनारमा पुग्दा आफूलाई केही नभएको प्रति भगवती दुर्गाको कृपा रहेको कवि सम्झन्छन् । पछि उनलाई दुई वटा भोटिनी युवतीले डोरीले तानेर संरक्षण गरेको कुरा पनि खण्डकाव्यमा रहेको छ । देवीले दानवमाथि गरेको विजयले विजया दशमीको सुरूआत् भएको र देवीले सबै देवताहरूको रक्षा गरेको यथार्थ घटनाको चित्रण पनि यस भित्र रहेको छ । ब्रामह्ण, क्षत्री, वैश्य, शुद्र र नगरा लगाउने, सबै विजया दशमीको दिन देवी भगवतीकहाँ टीका थाप्न ठूलो कोसेली लिएर गएको तर देवी दुर्गा माताले तिमीहरू आ-आफ्नो विभाग सम्हालेर काम गर्नु भन्दै आशीर्वाद दिएको कुरा पनि यस सर्वेश्वरी भित्र छ । कास्कीको मिजुरेडाँडामा गएको पहिरोले पुरिएर ठूलो मानवीय र धनको क्षति भएको कुरालाई देखाउँदै उक्त घटना त्यहाँका मानिसहरूले देवीलाई गरेको अपमानका कारण हो भनी कविले बताएका छन् । नेपालको प्राकृतिक सौन्दर्यको वर्णन गर्दै उत्तरी भेगमा रहेको हिमालयको वर्णनले पनि विविध विषयवस्तुलाई चित्रण गरेको पाइन्छ ।

**४.७.२ संरचना**

**सर्वेश्वरी** लघु आकारको कृति हो । यसको स्वरूप र बनावटलाई हेर्दा **सर्वेश्वरी** १ देखि ११ सम्म रहेका कविताहरू कुनै लामा त कुनै छोटा किसिमका छन् । यस खण्डकाव्यको जम्मा पृष्ठ ४६ रहेको छ । **सर्वेश्वरी** १ देखि ११ सम्म विभक्त खण्डकाव्य विषयवस्तुको सिलसिला मिलेको पाइन्छ । पाँच सय पन्ध्र

पद्यहरूमा रचना गरिएको कृति लोक लयमा आधारित झ्याउरे छन्द र संस्कृत छन्दको प्रयोग मिश्रित रूपमा रहेको छ । प्रत्येक पाउमा एकै अक्षर रहेका छैनन् । दुई पाउको एक पद्य बनेको छ । प्रत्येक कविताका अन्त्यमा गाढा अक्षरमा एक एक श्लोक राखिएको छ । भक्ति रसले भरिएको उक्त कविता पनि संस्कृत छन्दमा नै लेखिएको पाइन्छ । यहाँ एक पद्यलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ ।

कता के भो के भो कुन किसिमको काम गरियो ।
दिनुभो आमाले अमर कृति यो भक्ति रसको ॥

(**सर्वेश्वरी**-११, पृ. ९६)

### ४.७.३ कथावस्तु

**सर्वेश्वरी** खण्डकाव्य ईश्वरीय अदृश्य शक्तिका बारेमा चिन्तन गर्दै शक्तिको विराट् स्वरूप सबै प्राणीहरूका हृदयको केन्द्र वरिपरि घुमिरहेको विषयवस्तुसँग आधारित छ । शक्तिका कारणले नै सृष्टिको नियम चक्र चलिरहेको र त्यसैमा निर्भर रहेर जीवहरूमा आन्तरिक शक्ति जड बनेर रहेको छ । यही कुरा सदा जीवहरूमा प्राप्त भैरहोस् भनेर कविले कृति भित्र दुर्गे देवीसँग शुद्धाचरणमा रहेर प्रार्थना गरेका छन् । भगवतीको कृपाले हामी अडिएका छौं र यो सृष्टिको सबै नियमहरू उनीमा नै निर्भर छन् । फूलको गन्ध, स्पर्श, जलको शक्ति, जरायुज, उद्भिज, अन्डज, स्वेदज आदि सबैमा तिम्रो शक्ति निहित छ र तिनीहरू त्यही शक्तिले आफ्नो चक्र पूरा गरेका छन् । मानिसलाई त्यही सतबुद्धि भगवान्ले हालेको हुनाले उसले विभिन्न आविष्कार गरी आफ्नो जीवन सुखी बनायो तर मानिस आध्यात्मिक रूपमा सुखी भएर बाँच्न सकेन भन्ने कुरा कथावस्तुमा समेटिएको छ । मानिसले आफ्नो स्वार्थ पूरा गर्नका लागि दुर्गे देवीका मठमन्दिरमा बलि चडाउने प्रथा ल्यायो । अर्काको हत्या गरी आफ्नो भोजन बनाएर चढाउने प्रथा ल्यायो । अर्काको हत्या गरी आफ्नो भोजन बनाएर सन्तुष्टि प्राप्त गर्ने शैलीले विकार ल्याएको कुरालाई कथामा स्थान दिइएको छ । कथामा यो प्रकृतिका सम्पूर्ण संरचनाहरू त्यही शक्तिबाट अडिएको छ जुन भगवती माताबाट निरन्तर प्रदान भैरहेको छ । बोटबिरूवाको उत्पादन, नदी ताल, तलैया, काली, सेती नदीको पानीको रङ्ग सबै देवीको लीला हो भन्दै कवि कवितामा लेख्छन् -

हिमाल काख महेन्द्री नदी गुराँस फूलबारी ।
त्यो भन्दा तल दूधकै नदी सलल बगेनी ॥
काली रे अर्को आवाजै विना सरसर बगेकी ।
यो दैवी लिला होइन भनी भनौं र कसरी ॥

(**सर्वेश्वरी**-१ पृ.५३)

विजया दशमीको महत्त्वलाई बिर्सेर मानिसले आफ्नो अस्तित्वलाई कायम राख्न अन्य जीवमाथि निर्मम प्रहार गरेको छ । आफू यश आरामले जीवन बिताउन चाहाने तर अन्य जीवहरूको हत्या गरी चोक्टा चोक्टा बनाउँदा हृदय नपग्लिने स्वार्थी र घमन्डीपन मानिसमा छ भन्ने यथार्थ कुरा पनि खण्डकाव्यमा समाविष्ट छ । देवी माताले राक्षसहरूलाई परास्त गरी देवताहरूको सुरक्षा गर्दै सम्पूर्ण सत्यवान् कर्मेष्टि जनहरूको रक्षा गरेको कुरालाई र खण्डकाव्यमा जोडिएको छ । विजया दशमीका दिनमा टीका थाप्न जाँदा, ब्रामहृण, क्षेत्री, वैश्य, शूद्रलाई आ-आफ्नो कामको जिम्मा लगाएर देवीले  पठाउँछिन् । ब्रामहृणले सबैभन्दा पहिला टीका लगाई उसलाई आफ्नो धर्म नछोड्नु र सत्कर्ममा हिड्नु भनी आशीर्वाद दिइन् । क्षत्रीलाई तिमीले शत्रुको सामु लड्दा लिने लौरो राजदण्ड होस् भनी सधैं निडर भई आँट र जाँगरका साथ काम गर भनी आशीर्वाद दिइन् । वैश्यलाई आफ्नो श्रम गरेर तिमीलाई सधैं खान पुगोस् र शूद्रलाई तिम्रो सीपले संसारै भरि नाम चलोस् भनी वरदान दिइन् । यही कुरालाई जोड्दै क्षत्रीहरूलाई दिएको वरदानको भाव झल्कने कविता यहाँ प्रस्तुत गरिएको छ -

संसार हाक्ने विचार तिम्रो सदा नै हुनेछ ।
निर्धक्कसँग सत्यकै पक्ष लिने छौ अवश्य ॥
हातमा लौरो टेकेर आयौ त्यो राजदण्डै होस् ।
तिमीमा सदा रहिनै रहोस् अत्यन्त जाँगर जोश ॥

(**सर्वेश्वरी**-५, पृ. ६९)

देवी दुर्गाका कृपाले नै राजा पृथ्वीनारायण शाहले सम्पूर्ण नेपाल एकीकरण गर्न सफल भएको कुरालाई खण्डकाव्यमा जोडिएको छ । जसले जन्मनुदेखि मृत्यु पर्यन्त जिन्दगीका राम्रा नराम्रा भोगहरू बेहोर्दै जान्छ तिनीहरू आफ्नो-आफ्नो कर्मको फल

हो । त्यसैले सकभर सबैले पृथ्वीमा आएपछि राम्रो गर्ने तर्फ नै अग्रसर हुनु पर्छ, होइन भने गल्ती गर्नेले अवश्य सजाएँ पाउनु पर्छ भन्ने भाव कथावस्तुमा समेटिएको छ । पृथ्वीको उत्पत्ति र जीवहरूको विकासक्रमसँगै विभिन्न जाति र प्रजातिका जीवहरू देखिए । ती सबै जीवहरूलाई चिन्नका लागि दिइएको नाम र तिनीहरूमा आएको फरक वर्ण, रङ्ग पनि ईश्वरी माताले नै रचना गरेकी हुन् । जीवहरूमा आउने निन्द्राको रचना सँगै शरीरमा आउने विभिन्न प्रक्रियाको सञ्चालन पनि दुर्गा माताले नै गरेकी हुन् । कविले खण्डकाव्यमा दुर्गा माताको अपमान गरेको कारणले नै विभिन्न दैवी प्रकोपहरू आएर नरसंहार भएको कुरा बनाएका छन् । यसै सन्दर्भमा कथावस्तुमा पहिरोलाई जोडिएको पाइन्छ । दुर्गा माता रिसाउँदा त्यत्रो ठूलो जङ्गल र कहिल्यै नभत्किने खालका पहराहरू लच्किएको घटनालाई कविता मार्फत यसरी व्यक्त गरिएको छ :

देवीकै भरमा नपर्दा भयो यो दैवी घटना ।
पर्नेछ मर्का नसम्झे फेरी यै गाउँघरमा ॥
यो ठूलो घना वनका रूख कसरी लच्किए ।
विश्वासै गर्न कठोर कडा पहरा भत्किए ॥

(**सर्वेश्वरी**-७, पृ. ७८)

खण्डकाव्यमा विभिन्न कुराहरूको चित्रण गर्ने क्रममा कविले हिमालय र त्यसबाट उत्पत्ति भएका नदीहरू र हिमाल, पहाड, तराईमा पाइने किसिम किसिमका फूल भनी विभिन्न जातका चराहरूको वर्णन गरेको पाइन्छ । नेपालको उत्तर तर्फ पर्ने नौ वटा उच्च हिमालको काखमा नौ वटै कुमारीहरू हिउँमा खेल्दै बसेका छन् । उनीहरूको पूजा गुराँसले गरेको छ भने चौरीले दूध खुवाएकी छन् । बाघले उनीहरूको संरक्षणको सेवा दिएको छ । भने गोकुलले मिठो धूपको वास्ना छरेको भन्ने कुरा कथावस्तुमा समेटिएको छ । स्याउका दाना उत्पादन गरी भोजन गराएको र सुगन्ध फूलहरू अर्पण गरेको कुरालाई जोड्दै कविता मार्फत कविले व्यक्त गरेको कविता यस प्रकार छ -

नौ वटै उच्च हिमालका काख नौ वटै कुमारी
हिउँमै खेल्दै हिउँमै नाँच्दै भैगए उत्पत्ति
गुराँसले गऱ्यो कुमारी पूजा चौरीले खुवाईन् दूध
बाघले गऱ्यो रात दिन सेवा वासना गोकुल धूप

(**सर्वेश्वरी**-११, पृ. ९३)

यस खण्डकाव्य नारी प्रधान खण्डकाव्यको रूपमा रहेको छ । नारी माथि गरिएको शोषण, अत्याचार, दमनका बारेमा दर्साउँदै अवसर र साथ पाए भने नारीले पनि केही अवश्य गरेर देखाउन सक्छन् भन्ने कुरालाई दर्साइएको छ । कथावस्तुमा देवी दुर्गा एक नारी पात्र नै हुन् उनले निमुखा गरिब र कर्मेष्टि मानिसहरूलाई साथ दिएर उद्धार गरेको कुरालाई दसाउँदै कथावस्तुको अन्त्य भएको छ ।

**४.७.४ पात्र**

एक पछि अर्को हुने घटनाहरूमा पात्रको संलग्नताले उसको स्वभाव, चरित्र, व्यवहार आदिलाई प्रतिविम्बित गरेको हुन्छ । पात्रको क्रियाकलापले नै उसको छवि सकारात्मक र नकारात्मक रूपमा बाहिर आउँछ । यस खण्डकाव्य भित्र शक्तिको प्रमुख हर्ताकर्ताको रूपमा रहेको सबैको कल्याण गर्ने दुर्गे देवी प्रमुख पात्रका रूपमा रहेकी छन् । देवताहरूलाई सधैँ दुःख दिएर वितण्डा र अप्ठ्यारो परिस्थिति सृजना गरिरहने साथै विना सर्त सबै आफ्नो राज्य बनाई आफ्नै शासन लागु हुनुपर्छ भन्ने घमन्डी प्रवृत्तिलाई प्रतिनिधित्व गर्ने दानव अर्को पात्रका रूपमा रहेको छ । कविका कतिपय आफ्ना भावना, कल्पना, चेष्टा र यथार्थ घटनाहरू पनि यहाँ जोडिएको हुनाले उनी पनि खण्डकाव्यका प्रतिनिधि पात्रका रूपमा रहेका छन् । देवी माताले दानवसँग लडाइँ गरी प्राप्त गरेको विजय देवताहरूका लागि खुसीको उपहार हो । यस संग्राममा देवी मातालाई हरतरहबाट साथ दिने देवताहरू सहयोगी पात्रका रूपमा रहेका छन् । देवीले महिसासुर दानवलाई वध गरी विजय प्राप्त गरेको हुनाले विजया दशमीको सुरुआत भएको पौराणिक मान्यता छ । यस सत्यलाई आत्म बोध गर्दै ब्रामहण, क्षत्री, वैश्य र शूद्र देवीले दिएको आज्ञा अनुसार चल्ने सकारात्मक पात्रको रूपमा रहेका छन् । कवि मनाडबाट चामे जाने क्रममा भीरबाट लडेर नदीको किनारमा पुग्दा उनलाई बचाएका दुई भोटिनीहरू पनि कथामा सहयोगी पात्रको

रूपमा चिनिन्छन् । त्यस्तै देवीले दिएको ज्ञान मार्गलाई नसमाती आफ्नै स्वार्थका लागि अगाडि बढ्ने मानिस कथामा कतै कतै कु-पात्रको रूपमा देखा परेको छ ।

### ४.७.५ परिवेश

**'सर्वेश्वरी'** भन्नाले सबै कुरामा पूर्ण भन्ने बुझिन्छ । यस्तो शक्ति देवी दुर्गा मातासँग छ र त्यही शक्तिबाट जीव र सबै चराचर प्राणीहरू आफ्नो अस्तित्वलाई कायम राख्दै बाँचिरहेका छन् । देवी माताको यो सम्पूर्ण क्रियाकलापहरू सत्य र विजयसँग सम्बन्धित भएकाले सबै ठाउँमा बस्ने जीवहरूले उन्मुक्ति पाएका हुन् । त्यसैले धरातलीय परिवेशलाई प्रमुख रूपमा लिन सकिन्छ । देवीले महिसासुरको वध गर्ने क्रममा हिमालको जङ्गलमा एक्लै सुन्दरीको रूपमा रहेर बसेकी थिइन् । त्यही सुन्दरी प्राप्त गर्ने लोभले महिसासुरको वध भएको हो । यसबाट हाम्रो धरातलको परिवेशलाई झल्काउँदै सुन्दरता र प्राकृत परिवेशलाई पनि समेट्ने प्रयास गरिएको छ । कविले मनाङ जिल्लामा रहँदा त्यहाँको चिसोले गर्दा आफू ब्रामह्ण शुद्धाशुद्धिमा चुकेको स्विकारेका छन् । हिमाली भेगमा हुने चिसो पना र त्यहाँको जनजीवनको परिवेशलाई पनि कथावस्तुमा समेटिएको छ ।

पृथ्वीमा हुने विभिन्न दैवी प्रकोप, नरसंहार आदि भगवतीप्रतिको अनादरको कारण उत्पन्न घटना हुन् भनेर बुझ्नुपर्छ । यसरी भगवतीले सेवा नपाएको र अपमान सहेर बस्नु परेको परिवेशलाई आँकलन गर्दै भगवतीप्रतिको आस्था अकाट्य हुनुपर्नेमा जोड दिइएको छ । संसारमा भएका जति पनि प्राकृत चिजहरू छन् तिनीहरूको स्वरूप, कार्य, बनावट आदि सबै अदृश्य ईश्वरीय शक्तिबाट बनेका हुन् भन्दै ईश्वरले हरेक वस्तुहरूलाई गरेको माया र स्नेहको परिवेशलाई झल्काउन खोजिएको छ ।

### ४.७.६ भाषाशैली

खण्डकाव्य भाषाका माध्यमले व्यक्त हुने साहित्यिक विधा हो भने त्यसको शैली काव्यात्मक हुनुपर्दछ । कवित्व गुणले भरिएको शैलीले खण्डकाव्यलाई मार्मिक तुल्याउँछ । कुनै काव्यको भाषाशैली जटिल हुन्छ भने कुनैको सरल । अधिकारीको **धरती काँप्दै रुन्छिन्** शीर्षक भित्र रहेको खण्डकाव्य सर्वेश्वरीको भाषाशैली सरल सुबोध्य रहेको छ । त्यस्तै यसको शैली कतै वर्णनात्मक छ त कतै आत्मपरक रहेको

छ । आफ्नै जीवनको यथार्थ घटनालाई आधार बनाएर साथै शक्तिस्वरूप देवी भगवतीले देखाएको साहस र वीरताको महिमा गरिएको यस खण्डकाव्यमा कविले अत्यन्त सरल र सहज भाषाशैलीको प्रयोग गरेका छन् । कतै कतै गाउँघरमा बोलिने ठेट नेपाली शब्दको प्रयोग गरेका छन् भने कतै आगन्तुक र पारिभाषिक शब्दको पनि प्रयोग गरेका छन् । झ्याप्प, टक्रक्क, अलमल भुतुक्क, सलल, सरसर, झपक्क जस्ता अनुकरणात्मक शब्दको प्रयोगले पनि भाषालाई रसिलो बनाएको पाइन्छ । यस कृतिभित्र अधिकारीले विभिन्न प्रतीक, विम्ब अलंकार आदिको प्रयोग समुचित ढङ्गले गरेका छन् । त्यस्ता विम्ब अलङ्कारले काव्यलाई क्लिष्ट नबनाई रसयुक्त बनाएको पाइन्छ ।

यसरी यस **धरती काँप्दै रुन्छिन्** खण्डकाव्य भित्र रहेको **सर्वेश्वरी**को भाषाशैली सरल सहज र स्वभाविक रहेको पाइन्छ ।

### ४.७.७ शीर्षक

काव्य रचना गरेपछि त्यसको शीर्षकले रचना भित्रको चुरो कुरालाई प्रतिविम्बित गरेको पाइन्छ । कतिपय कृतिहरूको विश्लेषण त्यसको शीर्षकका आधारबाट मात्र पनि गर्न सकिन्छ । कतिपय खण्डकाव्यको शीर्षक भावका आधारमा राखिन्छ भने कतिपय खण्डकाव्य महत्त्वपूर्ण भूमिका खेल्ने नायक र नायिकाका नामबाट पनि राखिन्छ । यस खण्डकाव्यको शीर्षक नायिकाका नामबाट राखिएको छ । सर्वेश्वरीको अर्थ सबै कुरा बुझ्न र जान्न सक्ने दुर्गे देवीलाई भन्न खोजिएको हो । दुर्गा माताको शक्ति अपरम्पार छ र त्यही शक्तिले जगत् र जगत्मा रहेका प्राणीहरू बाँचिरहेका छन् । प्रत्येक प्राणीहरूको संरचनामा ईश्वरीय अदृश्य शक्तिको भूमिका रहेको छ । प्राकृतिक संरचना र तिनीहरूको चक्र पनि त्यही शक्तिबाट अडिएको छ । जसमा दुर्गे देवीको अपार कृपा र दया रहेको छ । सर्वेश्वरीलाई दया, माया र स्नेहको खानीकै रूपमा पनि चिनिन्छ । सबैलाई दयाको भावले हेर्ने र ममतामय भावना राखेर सबै जीवहरूको अस्तित्वलाई कायम राख्न उनी सफल भएको गर्व गर्ने आधारहरू छन् । जसलाई आपद् विपद्को भुमरीबाट गुज्रनु परेको छ र समस्यामा जगडिएर जीवन जिउनु परेको छ, तिनीहरू सबैको समाधान देवी माताले गर्छिन् तर धैर्य र लगनशीलताको जरुरी सदैव हुनु पर्नेमा देवी भगवतीको

चाहना छ । एउटा नारी पात्र त्यति ठूलो शक्ति लिएर पृथ्वीमा जन्मनु र खराब प्रवृत्तिहरूलाई परास्त गर्दै सत्यको विजयका लागि सम्झौता नगर्नु सबै नारीहरूका लागि अनुकरणीय अवश्य हुनुपर्छ । मानिस सत्कर्म, कर्मेष्टि र लगनशील भएर अगाडि बढेमा उसले आँटेको कुरा अवश्य पूरा हुन्छ भन्ने भाव खण्डकाव्यको शीर्षकबाट थाहा पाउन सकिन्छ । **सर्वेश्वरी** एक प्राकृतिक स्वरूप पनि हो । खण्डकाव्यका कविताहरूमा प्राकृतिक भाव राखेर प्रकृतिको वर्णन गर्दै थुप्रै विषयवस्तु समेटिएका छन् । हिमालय भूमिमा बसी ठूलाठूला तपस्वीहरूले गरेको तपस्या र उनीहरूले प्राप्त गरेको ज्ञानको आधारमा नेपालको हिमालय भूमि पनि त्यस्तै तपस्या गर्न लायक भएको सर्वेश्वरीको भाव छ । यसरी **सर्वेश्वरी** १ देखि ११ सम्म यसरी देवी दुर्गा माताको पराक्रम र उनीबाट नै प्रतिपादित नियमहरूको पालनाको विषयलाई प्रमुख रूपमा जोडिएको छ । अन्त्यमा यस खण्डकाव्य भाव र शीर्षक बीच स्पष्ट मेल खाने किसिमको भएकाले शीर्षक सार्थक रहेको पुष्टि हुन्छ ।

### ४.७.८ छन्द/लय

कवि अधिकारीले यस खण्डकाव्यमा पनि अन्य काव्य कवितामा जस्तै झ्याउरे र संस्कृत छन्दको प्रयोग गरेका छन् । आफ्नै वैयक्तिक आत्म कहानी लगाएत अन्य भावलाई सरल र सुबोध्य ढङ्गले प्रस्तुत गर्न सक्नु उनको मौलिक खुवी रहेको छ । यस **सर्वेश्वरी** खण्डकाव्यकमा पनि कतै संस्कृत छन्दको प्रयोग गरेका छन् त प्रायजसो ठाउँमा लोक छन्दको प्रयोग गरेका छन् । सबैले सजिलै पढ्न बुझ्न सकिने गरेर यस काव्यलाई पूर्ण बनाएका छन् । उनले कविताको भाव अनुसारकै शब्दहरूको प्रयोग गरी भाषा र भावका बीच तालमेल सिर्जना गरेका छन् ।

### ४.७.९ विम्ब/प्रतीक र अलङ्कार

विम्ब अलङ्कार भनेका कविता काव्यको सौन्दर्य बढाउने तत्त्व हुन् । यिनीहरू कविताको भाव वा विचारका छायाँ जस्तो भएर आएका हुन्छन् । अधिकारीका अधिकांश कविता काव्यमा विम्ब प्रतीक र अलङ्कारको प्रयोग भएको पाइन्छ । अधिकारीले विम्ब प्रतीक र अलङ्कारलाई बुझेर कविता रचना गर्ने कवि त हैनन् तर लेख्दै जाँदा स्वाभाविक रूपमा विम्ब प्रतीकहरू काव्यमा प्रयोग भएका छन् ।

**सर्वेश्वरी**को कवितामा मानिस बाँच्नको लागि कुनै न कुनै अदृश्य शक्तिको आवश्यकता पर्छ, जुन शक्ति सर्वेश्वरीबाट प्राप्त हुन्छ भनिएको छ भने सर्वेश्वरी २ मा जस्तै दुःख र विपद् परे पनि आत्तिन नहुने कुरालाई दर्साइएको छ । सर्वेश्वरी ५ मा ब्रामह्ण, क्षत्री वैश्य, शुद्रहरूले आ-आफ्नो काम गर्नु पर्छ भन्दै आफ्नो जातले पाएको जिम्मेवारीको बोध गराइएको छ । सर्वेश्वरी ७ मा दुर्गे देवीको अपमानले दैवी दुर्घटना सम्म हुन सक्छन् भन्दै शक्तिका बारेमा लेखिएको छ । सर्वेश्वरी '११' मा प्राकृतिक स्वरूपका बारेमा चित्रण गर्दै प्रकृतिको संरक्षणका लागि आह्वान गरिएको छ । त्यस्तै विम्ब प्रतीकहरूमा, बोका, राँगो, सुँगुर, भेडो, कुकुर, दुष्ट, रवाफ, गुड्डी, आगो, सिंह आदि रहेको छन् ।

**४.७.१० निष्कर्ष**

साहित्यकार वेदनाथ अधिकारीको पाँचौं मौलिक कृतिको रूपमा प्रकाशित **सर्वेश्वरी** मा शक्ति सम्बन्धी विषयवस्तुलाई प्राथमिकता दिइएको छ । जम्मा ४६ पृष्ठसम्ममा फैलिएको खण्डकाव्य भित्र **सर्वेश्वरी**-१ देखि ११ सम्म एघार वटा कविताहरू रहेका छन् । खण्डकाव्यलाई पौराणिक शैलीबाट लिपिबद्ध गर्दै आफ्ना भोगाइका घटनाहरूलाई यसमा जोडिएको छ । भगवती दुर्गा माताको शक्तिका बारेमा चित्रण गरिएको खण्डकाव्य देवीका विभिन्न रूपहरू र देवीले महिसासुर वध गरी सत्यको विजय गराएको कुरालाई पनि समेटिएको छ । भगवतीको कृपा र दयाले नै सबै प्राणीहरू बाँचेका छन् । यो सृष्टिको चक्रहरू सबै उनैको हातमा रहेको र जीव भित्र रहेको शक्ति पनि उनैको सहायताले सञ्चालन भएको छ । मानवलाई उच्चस्तरको प्राणी बनाएर सबै कुराहरू भरिदिनु र त्यही शक्तिलाई शिरोधार्य गर्दै प्रगति गर्दै जानु मानवीय गुण भित्र पर्न आउँछ । तर कहिलेकाहीँ मानिस दैवी शक्तिको खिलापमा उभिएर आफ्नो स्वार्थपन प्रदर्शन गर्नुले ऊ भित्र रहेको घमण्ड मौलाउदै गएको छ भन्ने बुझ्न सकिन्छ । खण्डकाव्य भित्र आफूले पाएको दुःख र कष्टहरूलाई जस्ताको तस्तै रूपमा व्यक्त गरिएको छ । शिक्षण पेसामा लागेर मनाङमा रहँदा आफूले भेल्नु परेका समस्याहरूलाई प्रस्तुत गर्दै घटनाहरूको प्रकृतिका बारेमा पनि औंल्याएको पाइन्छ । देवीले लडाइँ गरी दानवहरूको वध गरेको विजयको दिनलाई विजया दशमी भन्ने गरिन्छ । यसै दिनमा भगवतीसँग टीका थाप्न

आएका ब्रामह्ण, क्षत्री, वैश्य, शूद्रलाई उनले आफ्नो-आफ्नो विभागका काममा अगाडि बढ्दा कुनै बिघ्न बाधा आइ नपरून् भनेर दिनुभएको आशीर्वाद पनि खण्डकाव्य भित्र समाविष्ट छ ।

संसारमा भएका सबै प्राकृतिक चिजहरू दैवी शक्तिबाट नै उत्पन्न भएका हुन् भन्दै कविले तिनीहरूको स्वरूपलाई बिगार्न नहुने कुरामा जोड दिएको पाइन्छ । खण्डकाव्यमा सुरथ राजाले दुर्गाको ठूलो ध्यान गर्दा पाएको सफलताको चर्चा गरिएको छ । व्यासजीले दुर्गा ममाताकै भक्ति रसमा कलम चलाउँदा उनको राज्यमा शान्ति कायम हुन गएको कुरालाई जोडिएको छ । प्रकृतिलाई पनि विभिन्न रूपमा चर्चा परिचर्चा गर्दै प्राकृतिक छटाहरूले यस भूमिलाई सुन्दर बनाएको छ र त्यही प्रकृतिको आन्तरिक तत्त्व भित्र दुर्गा माताको शक्ति निहित छ भन्ने कुरा यस खण्डकाव्य भित्र रहेको पाइन्छ ।

# अध्याय पाँच
# उपसंहार तथा मूल्याङ्कन

## ५.१ उपसंहार तथा मूल्याङ्कन

वेदनाथ अधिकारी मोफसलमा रहेर नेपाली साहित्य सेवामा विगत चार दशकभन्दा लामो समयदेखि अनवरत रुपमा लागिरहने स्रष्टा हुन् । वि.सं. २००९ साल असार ८ गते शनिवारका दिन गण्डकी अञ्चल, कास्की जिल्ला कालिका गा.वि.स. वडा नं. ४ विमिरापानी निवासी पिता पं तारानाथ अधिकारी र माता टीकामाया अधिकारीका कोखबाट माहिला पुत्ररत्नका रुपमा जन्मेका हुन् । शान्त स्वभाव, मिष्ठभाषी एकान्तप्रेमी, अत्यन्त मिलनसार र छिट्टै साथी बनाउन सक्ने स्वभाव उनमा पाइन्छ ।

साहित्यकार वेदनाथ अधिकारीको प्रारम्भिक र अनौपचारिक शिक्षा आफ्नै घरबाट बसन्तपञ्चमीको दिन पारी शुरु गराइएको थियो । उनको उपनयन संस्कार वैदिक विधिनियम अनुसार वि.सं. २०२० साल फाल्गुण २० गते ११ वर्षको हुँदा आफ्नै घरमा सम्पन्न गरिएको थियो । उनले अनौपचारिक रुपमा आफ्नै घरबाट थालनी भएको अध्ययनलाई अगाडि बढाउने सन्दर्भमा उनी गाउँकै भाषा पाठशालामा भर्ना भई गुरुको स्नेह, माया ममता पाई गुरुकुलीय परम्परा र पद्धतिमा संस्कृत भाषाको अध्ययन गरेको देखिन्छ । भाषापाठशालामा २ कक्षा उत्तीर्ण गरेका अधिकारीले कक्षा ३ देखि ५ सम्मको अध्ययन सिद्धेश्वरी प्रा.वि. सुर्केमैदानबाट पूरा गरेका हुन् । त्यसपछिको शिक्षा जनज्योति मा.वि.का कालिकाबाट पूरा गरी उच्च शिक्षा बी.ए. सम्मको अध्ययन पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखराबाट गरेका हुन् । उनले बी.ए. सम्मको अध्ययन गरे पनि बी.ए. पास नभएको र त्यसपछि उनको औपचारिक शिक्षामा विराम लागेको हो । वेदनाथको साहित्यिक यात्रा वि.सं. २०२७ सालबाट प्रारम्भ भएको हो । वि.सं. २०२७ सालमा लेखनाथमा आयोजना भएको 'राष्ट्रिय कविता महोत्सव' मा 'अर्चलेवारी' भन्ने कविताका माध्यमबाट

साहित्यमा प्रवेश गरेका अधिकारीको वि.सं. २०६२ साल सम्ममा पुस्तकाकारका रुपमा **धरती काँप्दै रुन्छिन्** खण्डकाव्य प्रकाशन भएको छ । साहित्यिक वातावरण देखि टाढै रहेको र कुनै पनि यातायात एवं सञ्चार सम्पर्क पनि नभएको नेपालको एउटा कुनाको गाउँमा बसेर एक कुशल शिक्षकको भूमिका निर्वाह गर्दै अधिकारीले साहित्य साधन गरी रहे । अतः कुनै पनि समालोचकको नजरमा नपरेका र केन्द्रदेखि टाढै रहेका हुनाले पनि उनी ओझेलमा पर्न गएका हुन् ।

अधिकारीको व्यक्तित्वको निरीक्षण गर्दा शिक्षक, आध्यात्मिक पण्डित-पुरोहित, साहित्यिक र सामाजिक जस्ता आयामहरू भेटिए पनि मुख्यतया शिक्षक व्यक्तित्व र साहित्यिक व्यक्तित्व नै चर्चित र महत्त्वपूर्ण देखापर्दछ । २०२७ सालदेखि नेपाली साहित्यमा उदाएका अधिकारी एक अध्ययनशील एवं चिन्तनशील लेखकका रुपमा पनि देखापर्दछन् ।

अधिकारीको साहित्यिक यात्रालाई मुख्य गरेर दुई चरणमा विभाजन गर्न सकिन्छ । प्रथम चरण अन्तरगत २०२५-२०४२ साल सम्मको समयलाई मान्न सकिन्छ । यस चरणमा उनले विभिन्न समारोहमा वाचन गरेका फुटकर कविता देखि लिएर २०३२ सालमा सानो पुस्तिकाको रुपमा रहेको **आधुनिक युगका कविता** शीर्षकको कविता सङ्ग्रह रचना गरेका छन् साथै यसै चरणको वि.सं. २०३६ सालमा 'शम्शेर बहादुर' भन्ने लघु खण्डकाव्य रचना गरेका छन् अधिकारीका यी दुई कृतिहरूमा पहिलो कृति २०३२ सालको **आधुनिक युगका कवितामा** कविले विविध विषय वस्तुलाई महत्त्व दिएका छन् । कविता र गीतका माध्यमबाट जनताका पीडा, मर्म, व्यथा, अन्याय, अत्याचार, सामाजिक विकृति र विसङ्गतिलाई अत्यन्त मार्मिक ढंगबाट औल्याएका छन् । उनको यसै चरणको २०३६ सालमा प्रकाशित 'शम्शेरबहादुर' लघु खण्डकाव्यमा उनले समाजमा रहेका ठूलावडा भनाउँदा व्यक्तिहरूले सामान्य निम्नवर्गका मानिस माथि गरेको अमानवीय व्यवहारलाई शम्शेरबहादुरको चरित्रबाट निकै मार्मिक र कारुणिक भावमा प्रस्तुत गरेका छन् । समाजमा रहेका मानिसले मानिसप्रति गरिने दुर्व्यवहार र जातीय असमानताका कारण सानो जातले भोग्नु परेको सामाजिक समस्यालाई केन्द्र मानेर रचना गरिएको उनको यो कृति लघु आयामको भएपनि यथार्थ र सन्देशमूलक रहेको छ । उनको

साहित्यिक यात्राको यो चरणमा खारिएको नभै आभ्यासिक लेखनका रुपमा मात्र रह्यो ।

अधिकारीको साहित्यिक यात्राको दोस्रो चरण (२०४३-हालसम्म) पहिलो चरणको तुलनामा खारिएको नै मान्नुपर्छ । यस चरणको शुरुवात अधिकारीले २०४५ सालमा राष्ट्रआवाज, साप्ताहिकमा **"समाजसेवी कार्यकर्ताको अवस्था"** शीर्षकको लेखबाट गरेका थिए । त्यस्तै विभिन्न गीत, कविता र कथालाई एउटै कृतिभित्र समेटी २०४७ सालमा **गुराँसबुट्टे पछ्यौरी** देखा पर्छ । कसैको आड भरोसा, आशा नराखी आफ्नै परम्परा आफ्नै मौलिकता र आफ्नै शक्ति र शैलीमा अधिकारीले यो तेस्रो सङ्ग्रह प्रकाशनमा ल्याएका हुन् । जुन सङ्ग्रहमा उनले हरेक नेपालीका घर धुरीका दुःखसुखका कथालाई गीत कविता र कथा कै माध्यमबाट समाजको यथार्थ चित्रण गर्न खोजेका छन् । यस सङ्ग्रमा उनले राष्ट्रियता र देशभक्तिको सामाजिक यथार्थ प्रवृत्ति, सांस्कृतिक वीर रस, वैयक्तिक आत्मकहानी आदि जस्ता विषयवस्तुलाई समावेश गरेका छन् ।

त्यसै गरी अधिकारीका अर्को महत्त्वपूर्ण कृतिका रुपमा सुपरिचित 'धरती काँप्दै रुन्छिन्' खण्डकाव्य वि.सं. २०६२ सालमा प्रकाशनमा आएको हो । यस खण्डकाव्य भित्र 'सर्वेश्वरी' खण्डकाव्यलाई पनि राखिएको छ । पहिलो 'धरती काँप्दै रुन्छिन्' मा पृथ्वीमाथि मानवहरूले गरेको अतिक्रमणप्रति आक्रोश व्यक्त गर्दै सम्पूर्ण जीवनहरूको सञ्चालन अदृश्य ईश्वरीय शक्तिबाट भएको कुरालाई सबैले बुझ्न र मान्न पर्ने कुरामा जोड दिइएको छ । त्यस्तै गरेर सर्वेश्वरीमा सर्वेश्वरी ९ देखि ११ सम्म दैवी शक्तिको बारेमा लेख्दै आफ्ना सपना चेष्टाहरूलाई र आफूले भोगेका अप्ठ्यारा र असहज परिस्थितिको गतिविधिलाई पनि समाविष्ट गरेको पाइन्छ ।

अधिकारीको प्रारम्भिक चरण आभ्यासिक र कोरा भए पनि द्वितीयचरण देखि उनका रचनामा केही निख्खारता आएको पाइन्छ । यसै चरण देखि नै उनले विभिन्न पत्रपत्रिका मार्फत (दैनिक, साप्ताहिक मासिक) बहुसंख्यक रुपमा लेखहरू प्रकाशित हुँदै आएका छन् । पत्रपत्रिकामा लेख रचनाहरू आजसम्म पनि प्रकाशित भैरहेको पाइन्छ । यिनका विभिन्न पत्रपत्रिकामा प्रकाशित कविता र लेखहरू सङ्ग्रहका रुपमा प्रकाशित भएका भने छैनन् । यिनका फुटकर कविता र लेखहरूमा विशेष गरेर

अध्यात्मकेन्द्री र उपदेशमूलक स्वर सुसेलेको पाइन्छ । सरसर्ती हेर्दा अधिकारीका लेख तथा रचनामा एउटै प्रवृत्ति झल्किन्छ तर वाचन गर्दै जाँदा उनका रचनामा मानवतासम्बन्धी सामाजिक विषमता, नारी चरित्र आदि जस्ता विषयवस्तुलाई दृष्टिगत गरेर समाजमा देखापरेका अन्याय अत्याचार रुढीवादी परम्पराको विरोध गर्दै सामाजिक विकृति, विसङ्गति केलाउने काम गरेका छन् । त्यस्तै गरेर उनले समाजमा भएका शोषक र समन्ती वर्गहरूप्रति व्यङ्ग्यवाण प्रहार पनि गरेका छन् । खास गरी सामाजिकता, राष्ट्रियता र आध्यात्मिक जीवन चिन्तन जस्ता पक्षलाई उनले पहिलो चरण देखि हालसम्म आफ्ना रचनामा प्रस्तुत गरेका छन् ।

आयामका दृष्टिले हेर्दा अधिकारीका काव्य प्रायजसो लघु आयामकै देखा पर्छन् । उनका बहुसंख्यक फुटकर कविता छन् भने अल्पसंख्यक लघु खण्डकाव्य रहेका छन् । उनका कविता छन्द वा लयका दृष्टिले हेर्दा झ्याउरे लोक छन्द र संस्कृत छन्दमा रचिएको छन् । उनले गद्य कविता पनि रचना गरेको पाइन्छ । तैपनि उनको वैशिष्ठ्य भनेको झ्याउरे लोक छन्द नै हो ।

भाषा प्रयोगका दृष्टिले यिनका कुनै पनि कृतिहरूमा दुरुह र क्लिष्ट भाषाको प्रयोग भएको छैन । यिनले आफ्नो रचनामा सरल एवम् सम्प्रेप्य भाषाको प्रयोग गरेका छन् । कहीं कतै प्रसङ्ग अनुसार संस्कृत र अंग्रेजी भाषाको पनि प्रयोग भएको छ भने हिन्दी शब्दलाई पनि आफ्ना रचनामा मिलाएको पाइन्छ । समग्रमा भन्दा उनका रचनामा तद्भव, तत्सम, आगन्तुक र झर्रो नेपाली शब्दहरूको प्रयोग भएको पाइएता पनि भाषा भने दुर्वोध्य नभएर सुवोध्य नै रहेको छ । प्रारम्भिक कालको आभ्यासिक लेखनबाट अगाडि बढ्दै गएको साहित्यिक यात्रा र उनको साहित्य सालाखाला रुपमा उपलब्धिपूर्ण नै मान्न सकिन्छ । उनले आजसम्म पुस्तकारका कृतिहरू जति पनि रचना गरेका छन् ती सबै रचनाहरू सामान्य मध्य स्तरका देखिन्छन् ।

नेपाली साहित्यमा करिब चार दशक लामो यात्रा पार गरिसकेका अधिकारीका लेख, रचना एवम् कृतिहरूलाई गहिरिएर अध्ययन गर्दा कहीं कतै सामाजिक यथार्थको गन्ध भेटिए पनि विशुद्ध सामाजिक यथार्थवादी भने हुन नसकेको देखिन्छ । एउटै कृतिभित्र विविध विधालाई समावेश गरेकाले पनि उनको साहित्यिक व्यक्तित्व जति

हुनुपर्ने हो त्यति प्रौढ हुन नसकेको हो कि भन्ने भान हुन्छ । अहिलेको विश्वव्यापीकरणका कारणले गर्दा मानिसहरूले धेरै कुरा देख्ने र बुझ्ने मौका पाएका छन् । पश्चिमेली मुलुकमा बढी घुम्ने र पढ्ने अवसर नेपालीहरूले पाएका कारण मानिसहरूमा नयाँ नयाँ सोचहरू आई समाज परिवर्तनको मोडमा पुगेको छ । यस्तो अवस्थामा अधिकारीका रचनाहरू अल्लि बढी पुरातन शैली भएका कारण शसक्त परिवर्तनकारी मोडमा नपुगेको आभाष हुन्छ । आजको दुनियामा पूर्ण ईश्वरमाथी भरोसा राखी सबै ईश्वर परमात्माको गुणगानले परिवर्तन ल्याउन सकिन्छ भन्नु र त्यस्तैमा अविछिन्न लिप्त हुनुलाई मानिसहरूले पत्याउन गाह्रो पर्न जान्छ । त्यसैले उनका कृतिहरू लहडीपारामा रचना गरेका जस्ता कता कता देखिन्छन् । उनका कृतिहरूलाई अन्तरमनबाट बुझ्दा राम्रै भए पनि पाठकवर्गका मनलाई सजिलै जित्न सक्ने खालका नभएका हुन कि भन्ने महशुस हुन्छ । कवि आफैमा छाँयामा कहिल्यै पर्दैन, उनका लेख रचना समसामयिक भएमा ढुङ्गाको कापबाट बिरुवा निस्के झैं प्रतिभा प्रस्फुटन भई समाजमा सनसनी फैल्याउँछ । साहित्यकार अधिकारीका रचनाहरूमा ईश्वर सर्वोपरी हो भनी उसैका पछाडि दौडनु र उसकै आराधानाबाट मात्र मुक्ति पाउन सकिन्छ भन्नु समयानुकुल नभएको अवश्य हुन्छ । तैपनि उनका साहित्यिक भावनाहरू अभिव्यक्त गर्ने शैली ईश्वरभक्तिधाराबाट नै बढी भएकाले र त्यस धाराप्रवाहमा बग्न चाहनेको संख्या कम भएकाले पनि उनका कृतिहरूको सही मूल्याङ्कन नभएको हुन सक्छ । कता कता प्रकृति प्रेमी, सामाजिक, राजनैतिक र क्रान्तिकारी छनक भेटिएपनि अन्ततः यो सबै ईश्वरको कृपा र अनुग्रहले गर्दा हो भनी निष्कर्ष निकाल्नुले आजको वैज्ञानिक र प्रगतिशील विचारधारलाई अवलम्बन गर्न नसक्नु उनको कमजोरी देखिन्छ ।

अधिकारीका कविताहरूलाई सरसर्ती अध्ययन गर्दा कविताको भाव पूरा आएपनि शब्द चयन र छन्द मिलानमा कताकता अप्ठेरो परेको हो कि भन्ने आभाष हुन्छ । कविता पढ्दै जाँदा कविताको भेलमा बगेको जस्तो महसुस नहुनु कविताहरूमा अन्त्यानुप्रासीय आकर्षण नहुनु हो । कविता पढ्दै जाँदा कुनैमा अक्षर संख्या कम र बढी हुनाले पनि उनको छन्द प्रतिको झुकाव र छन्दको ज्ञानमा त्यति निख्खार नआएको हो कि भन्ने ठाउँ रहन्छ । शुद्धाशुद्धीलाई हेर्दा पनि त्यतिबेलाको

अन्य उनका समकालिन साहित्यकाहरूका रचनामा राम्रो पाइए पनि उनका रचनाहरूमा केही व्याकरणिक त्रुटिहरू भेटाउन सकिन्छ । यसरी उनका काव्य कृतिहरूमा रस, छन्द अलङ्कार, गुण र रीतिको औचित्यपूर्ण प्रयोग गर्न नसकेकाले उनका कृतिहरू अत्यान्त कमजोर र फितला देखिन्छन् । जे होस् साहित्यकार अधिकारीले ईश्वरभक्तिबाट प्रभावित रहेर मानिसहरूलाई आध्यात्मिक दिशातर्फ डोऱ्याउन सकिन्छ र त्यसैमा मानव कल्याण हुनेछ भन्ने सोचमा रहेर काव्य कृतिको रचना गरी नेपाली साहित्यको भण्डार भर्ने काम गरेका हुनाले उनको साहित्यक व्यक्तित्वको सही मूल्याङ्कन गर्नुपर्ने देखिन्छ ।

संक्षेपमा भन्नुपर्दा विभिन्न खालका बाध्यात्मक परिस्थितिका बाबजुद पनि अधिकारीले आफ्नो कलमलाई नेपाली साहित्यको फाँटमा अविछिन्न रुपमा हुदै आइरहेका छन् । आफ्ना घरयासी कामकाज, परिवारको जिम्मेवारी, सामाजिक सेवा देखि विभिन्न संघ संस्थामा आबद्ध रहेर पनि नेपाली साहित्यमा अनवरत रुपमा कलम चलाइराख्नु सानोतिनो साहसको कुरा होइन । जीवनका आरोह अवरोहमा शिक्षक, पण्डित, पुरोहित र समाज सेवीका रुपमा आफूलाई प्रस्तुत गरेपनि उनको मूलभूत प्राप्तिको क्षेत्र भनेको साहित्य नै हो ।

समग्र कृतिहरूको अध्ययन गर्दा उनी उच्चस्तरमा नपुगेका सामान्य मध्यम स्तरका साहित्यकार देखिन्छन् । पुरस्कार र सम्मानले खासै चर्चामा नआए पनि यिनका रचनाले नेपाली साहित्यको भण्डार भर्नुमा थप योगदान दिएकै देखिन्छ । जुन अवस्थामा रहेर आफ्नो लेखनलाई क्रियाशील बनाएका छन् त्यस आधारमा हेर्दा उनको योगदान महत्त्वपूर्ण सिद्ध हुन्छ । उनका फुटकर रचनाहरूको संख्या प्रशस्तै भए पनि पुस्तकाकार कृतिहरूको संख्या कम रहेको पाइन्छ । समाजको एक तप्काबाट उनका कृतिहरूले ठाउँ ओगटे पनि सबै तप्काका मानिस समक्ष रचनाको भाव सम्प्रेषण गरी मन जित्नु पर्ने हुन्छ तब मात्र साहित्यकार अगाडि आउन सक्छ । उनले पनि आफ्ना कृतिहरूको शैलीलाई परिमार्जित गर्दै आधुनिक समाजसँग मिल्न सक्ने खालका रचना पस्किन सके उनी अगाडि आउन सक्ने सम्भावनाहरू छन् ।

उनका रचनाहरूको आलोचना र विश्लेषण गर्दा उनी सधैँ खुशी देखिनु स्वाभाविक रुपमा उनको साहित्यप्रतिको झुकावको उपज हो भन्न सकिन्छ ।

कमजोरीहरूलाई औँल्याई दिएमा जो कोही पनि प्रगतितिर लम्किन सक्छ भन्ने विश्वासका साथ लागेका अधिकारीलाई सहनशील व्यक्तित्वको रुप मूल्याङ्कन गर्न सकिन्छ । तडकभडक आदर्शलाई कत्ति पनि नरुचाउने उनको स्वभावले उनले आर्थिक र सामाजिक रुपमा पनि साधारण भएर हिडँन रुचाउनुले, स्वार्थ पूर्तिको तानाबाना नबुनी पौरखी हातहरू फैल्याएर आफ्नो जीवनयापन गर्ने सुन्दर मनका धनी भनेर पनि उनलाई चिन्नु पर्दछ । साहित्यमा उनको मन पवित्र र सफा तरिकाले सञ्चालन भइरहेको कुरा उनका समकक्षीहरूको भनाइबाट थाहा पाउन सकिन्छ । यसरी अनेक आरोह अवरोहका बीच संघर्ष गर्दै अधिकारीले आफूले जानेबुझेका कुराहरूलाई साहित्य मार्फत पस्किएर सामाजिक सचेतना फैल्याउने कार्य गरेर नेपाली साहित्यको विकासमा योगदान पुऱ्याएको कुरालाई नकार्न सकिदैन ।

परिशिष्ट १

## सन्दर्भग्रन्थ सूची

अधिकारी, विश्वराज; *'कवि रामप्रसाद अधिकारीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन'*, त्रि.वि.नेपाली स्नातकोत्तर शोधपत्र (२०६७) ।

अधिकारी, वेदनाथ; *'आधुनिक युगका कविता'* माछापुछ्रे प्रेस, पोखरा (प्रथम संस्करण) (२०३२) ।

अधिकारी, वेदनाथ; *'गुराँसबुट्टे पछ्यौरी'* ठूलाकोट काल भैरव साहित्य सदन हिमाली सांस्कृतिक परिवार (२०४७), आषाढ ।

अधिकारी, वेदनाथ; *'शम्शेर बहादुरको जीवन कथामा आधारित दुःखान्त खण्डकाव्य'* सिग्देल मुद्राणालय प्रा.लि., पोखरा औद्योगिक क्षेत्र (२०३६) ।

अधिकारी, वेदनाथ; *'धरती काँप्दै रुन्छिन् खण्डकाव्य सर्वेश्वरी'* सहित लेखनाथ साहित्य प्रतिष्ठान नेपाल, पोखरा (२०६२) ।

अर्याल, नारायण प्रसाद; *'रामनाथ खनालको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन'* त्रि.वि. नेपाली स्नातकोत्तर शोध पत्र (२०५८) ।

पोखरेल, गुरुप्रसाद; नेपाली कविता : *'सिद्धान्त र समीक्षा'* (प्रथम संस्करण) अक्फोर्ड इन्टरनेशनल पब्लिकेसन वाघबजार, काठमाण्डौं (२०६४) ।

पौडेल, डोलकुमारी; *'रविलाल अधिकारीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन'* त्रि.वि. नेपाली स्नातकोत्तर शोधपत्र (२०६०) ।

पौडेल, विष्णुप्रसाद; *'संस्कृत काव्यशास्त्र'* काठमाण्डौं, भुँडीपुराण प्रकाशन (२०५७) ।

भामह; *'काव्यालङ्कार'* पटना विहार राष्ट्रभाषा परिषद् (२०४२) ।

वाग्ले पौडेल शारदादेवी; *'साहित्यकार कुलबहादुर के.सी.को जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन'* त्रि.वि.नेपाली स्नातकोत्तर शोध पत्र (२०६२) ।

शर्मा, सोमप्रसाद; *'नेपाली कविता-काव्य सहयोगी'* एम के पब्लिशर्स एण्ड डिष्ट्रीव्यूटर्स (संस्करण २०५८) ।

## परिशिष्ट २

## प्रश्नावली

१. तपाईको जन्ममिति र स्थान बताइदिन सक्नुहुन्छ ?

२००९ साल आषाढ ८ गते शनिवार औंसी तिथिमा भएको ।

२. तपाईको पारिवारिक पृष्ठभूमिको बारेमा केही प्रकाश पारिदिनुहुन्छ ?

पारिवारि परिस्थिती मध्यम वर्गीय सानु शान्त सुखमय नै रहयो ।

३. तपाईको न्वारनको नाम के राखिएको थियो ?

वेदशाली अधिकारी

४. तपाईको बाल्यकालका बारेमा केही बताइदिनुहन्छ कि ?

बाल्यकालमा, तालमा खेल्न जानु गाई भैंसी हुर्नु, लोकगीत गाउनु ।

५. तपाईको विद्यार्थी जीवन कस्तो रह्यो ?

धनाड्य परिवार नभएको हुँदा खरी पाटीबाट शिक्षा आरम्भ गरियो विभिन्न कृषि साहितका काम कार्यबाट बाधा पुगेकी थियो ।

६. यहाँको औपचारिक अध्ययन कहाँसम्म पुग्यो ?

आइ.ए. पास सम्म ।

७. यहाँका विद्यार्थी जीवनका साथीहरू को-को थिए ?

दाजु तिलकशाली, रामकृष्ण, त्रिपाठी, बद्रिनाथ अधिकारी (काठमाडौं) कालिका ।

८. साहित्य सिर्जनाले मूल प्रेरणा के हो भन्नुहुन्छ ?

प्राकृतिक प्रेम अर्चले कालिकाको सौन्दर्य र अर्चलेको राष्ट्रिय कविता महोत्सव ।

९. तपाईले कुन-कुन विधामा कलम चलाउनुभएको छ ?

कथा, कविता र सांस्कृतिक लेख ।

१०. तपाईको पहिलो सिर्जना कुन हो र यो कहिले प्रकाशित भयो ?

संस्कृतिमा ठूलाकोट भैरवनाथ, कवितामा घुम्दै आ चरी कथामा गुराँस बुट्टे पछ्यौरी ।

११. तपाईको सबैभन्दा रुचिको क्षेत्र कुन हो ?

उच्चस्तरका गद्य कविता जस्तै आफ्नै आकाश तोडौ भ्कैं

१२. अहिलेसम्म तपाईका पुस्तकाकारका कृतिहरू के-के प्रकाशित भएका छन् ?

आधुनिक युगका कविता, संसेर बहादुर कथा गुराँस बुट्टे धर्ती काँप्दै रुन्छिन् ।

१३. तपाईका सिर्जना पत्र-पत्रिकामा प्रकाशित छन् कि छैनन् ?

छन्, संरक्षण गर्ने होस गरिएन ।

१४. तपाईको विचारमा साहित्य केलाई ठान्नुहुन्छ ?

विज्ञानको जन्मदाता उच्च उत्कृष्ट सोचाइ नै हो ।

१५. तपाईलाई राजनीतिप्रति चासो छ कि छैन ?

छैन ।

१६. तपाईले सामाजिक क्षेत्रमा के कस्तो योगदान पुऱ्याउनुभएको छ ?

विद्यालय जन्माउने प्रयास, बाटो खाने पानी आदिमा प्रयास गरियो ।

१७. तपाईले साहित्य र समाजसेवा क्षेत्रमा लागेर के कस्ता सम्मान पाउनुभयो ?

म सम्मानै चाहान्न तर पनि लेखनाथ प्रतिष्ठानले सम्मान गर्यो यो म बुभ्किदन ।

१८. तपाईले आफ्नो जीवनमा भोगेका सुख-दुःखका क्षणहरू केही छन् कि ?

म सुख नै खोन्दिन । त्यो छ जस्तै लाग्दैन । दुःख सबैले देखेकै छन् ।

१९. तपाई आफ्नो बारे केही भन्नुहुन्छ कि ?

मैले आफूलाई के बनाएँ भनेर हेर्दा, एउटा स्कुले मास्टर, अति धेरै दुःख भोग्न रुचाउने दुनियाको पुरोहित, अर्कैले उपाधी दिएको कवि

यी सबै कुरा भन्दा साधारण जीवन उच्चविचार मार्फत "आकाश तोडौ भ्कै" जस्ता नयाँ नयाँ रचना दिनु पर्ला भन्ने सोच्दा सोच्दै म कताबाट 'तेजोबध' गराइएँ पत्तै पाउन सकिन । अभ्कै सक्कली सत्य रचना दिएर जग जनतालाई नअल्मलिने बाटो देखाउन पाए हुन्थ्यो भन्ने ठान्दछु । यस पछि फेरी छन्दे भएर आफै नक्कली नाटकको पात्र बने जस्तो लाग्छ । माटोको सुवास आएको सक्कली साहित्यको रसयान गराउने चाहना पूरा हुन पाउँछ या पाउन्न उही मलाई यो पृथ्वीमा माता

पिता कारण बनाएर पठाउने परमेश्वरै जानून् । तीन बीसे हिउँद बिताइयो अब के को सुख चाहियो ।

लेखनाथ जन्मस्थल मार्फत अनेकौं पुरस्कार स्थापना गरी बहुमुखी प्रतिभाहरूलाई दिई हेर्ने चाहना छ । आरम्भ त भएकै छ । नेपाली पढ्नेहरूलाई समेत विश्व साहित्यको रङ्ग मन्चमा प्रतिस्पर्धाको अवसर मिलाउन पाए आत्म सन्तोष हुने थियो ।

# सन्दर्भ पत्रपत्रिका सूची


१)	स्वर्ण प्रतिक्षा (राष्ट्र आवाज साप्ताहिक पत्रिका) २०५३, पृष्ठ ४८ ।

२)	चौताराको प्रतिष्ठा र हाम्रो हिन्दु धर्म (आदर्श समाज दैनिक पत्रिका) वर्ष ५, अङ्क ५६, पृष्ठ २) ।

३)	राष्ट्रिय प्रतिभा पीडामुक्त नभएसम्म राष्ट्र स्वच्छ हुँदैन (पोखरापत्र) वर्ष १, अङ्क २१६, पृष्ठ २ ।

४)	सुर असुरको अनुसन्धानमा व्यस्त पत्रकारहरु (पोखरा हटलाईन) वर्ष ५, अङ्क १२०, पृष्ठ २ ।

५)	भास्सिने बेलामा कमिलाको प्वाँख (जनमत दैनिक पत्रिका) वर्ष १९, अङ्क १७६, पृष्ठ ३ ।

६)	बबर्रताले वरवाद पारिएको एकादेश, (समाधान दैनिक पत्रिका) वर्ष २, अङ्क ५३, पृष्ठ ४ ।

७)	लेखनाथको जन्मभूमिका स्रष्टाहरु अपमानित (कर्तव्य, राष्ट्रिय साप्ताहिक) वर्ष ३, अङ्क १७, पृष्ठ ३ ।

# अनुसूची
## अधिकारीका लेखहरुको कालक्रमिक सूची

| क्र.सं. | लेख रचना | विधा | प्रकाशित मिति | विषय | आयाम | विशिष्टता |
|---|---|---|---|---|---|---|
| १ | 'घुम्दै आ चरी', 'अर्चले बारी' | कविता | साप्ताहिक | जन्मभूमि | फूटकर | हाम्रो वनजंगलमा पाइने विभिन्न जातका चराचुरुङ्गीको वर्णन र आफू जन्मेको ठाउँको माया स्वर्गभन्दा पनि प्यारो हुने सन्देश |
| २ | आधुनिक युगका कविता | कविता संग्रह | २०३२ साल | समसामहिक | सानो पुस्तिका | सामाजिक, राष्ट्रियता, देशप्रेम, प्राकृतिक रुपहरुको चित्रण |
| ३ | दैवी दुर्घटना संग्राम | कविता | २०३३ जेष्ठ २६ गोरखापत्र | यथार्थघटना | फूटकर | कास्की जिल्ला माझ्ठाना गा.वि.स. गएको पहिरोको बारेमा यथार्थ चित्रण, दैवी दुर्घटनाबाट मानिसलाई परेको प्रभाव । |
| ४ | शम्शेर बहादुरको जीवन कथामा आधारित | खण्डकाव्य | २०३६ साल | यथार्थघटना | लघु (मध्यम) | जातीय असमानताको भण्डाफोर साथै श्रमजीवि व्यक्तिको सफलता । |
| ५ | समाजसेवी कार्यकर्ताहरूको अवस्था | निबन्ध | २०४५ पौष १ विहिबार राष्ट्रआवाज साप्ताहिक | मूल्याङ्कन | लघु | सधैराष्ट्र र समाजप्रति समर्पित व्यक्ति पछाडि परेकोमा रुष्ट |
| ६ | भदौंमा आखाँ फूटेको गोरु सधैं हरियो देख्छ | कथा | २०५२ जेठ ३० गते रा.आ.सा | उखानटुक्का | | समाजका यथास्थितिवादीहरुले परिवर्तन नचाहँदाको पीडा |
| ७ | हात्ती उडाउने बतास लाग्यो प्यूरी खोज्छेस् राँड | कथा | २०५३ मार्ग १३ गते रा.आ.सा. | | | महत्त्वकांक्षीहरुले ठूलो सपना देख्छन् तर त्यसको आधार हुँदैन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | कहाँ जालास् मछली मेरै ढडिया | कथा | २०५३ वैशाख २५ गते रा.आ.सा. | | | दु:ख, कष्ट र संकट बीच गुज्रदा सफलता प्राप्त गर्न गाह्रो हुने सन्देश |
| ९ | पोइ न पोते जोइ न जुरा | कथा | २०५३ भाद्र २० गते रा.आ.सा. | | | |
| १० | घरमा खाने मुलाको साग बजारमा लाउने कोपीका धाक | कथा | २०५३ फाल्गुण २३ गते रा.आ.सा. | | | बढी गफ लगाउनेहरुको विश्वास हुँदैन भन्ने आशय |
| ११ | तित्राको मुखै वैरी | कथा | २०५३ फाल्गुण २ गते रा.आ.सा. | | | |
| १२ | बाघको मुख खाए पनि रातै नखाए पनि रातै | कथा | २०५३ पौष १८ गते रा.आ.सा. | | | जति प्राप्त गरे पनि सन्तुष्ट नहुने लोभी सधैँ अभावबाट गुज्रन्छ |
| १३ | मुखमा राम राम वगलीमा छुरा | कथा | २०५३ मार्ग १३ गते रा.आ.सा. | | | |
| १४ | अमर पूजा | कथा | २०५३ मार्ग २७ गते रा.आ.सा. | | | जे गर्ने त्यो नभन्ने, जे नभन्ने त्यो गर्ने खुनी |
| १५ | देशैभरी हल्ला भोकै परे चल्ला | कथा | २०५३ कार्तिक ३० गते रा.आ.सा. | | | |
| १६ | राँडीलाई लैजाउला नभन्नु दु:खीलाई दिउँला नभन्नु | कथा | २०५३ भाद्र २१ जनमत | | | नचाहिंने कुरामा लोभ देखाउनु व्यर्थ हुन्छ भन्ने सन्देश |
| १७ | विश्व विधा आश्रम | कविता | २०५३ पौष १७ गते रा.आ.सा. | | | |
| १८ | बाऱ्ह वर्ष ढुम्रोमा हाले पनि कुकुरको पुच्छर वाङगै | कथा | | | | |
| १९ | कच्चा वैधको मात्रा यमपुरीको यात्रा | कथा | २०५४ साउन १६ रा.आ.स. | | | |
| २० | दु:ख पाइस मंगले आफ्नै ढङ्गले | कथा | २०५४ असोज ९ गते रा.आ.सा. | | | |
| २१ | नुन खाने भए पोइ टोक्थिस् राँड | कथा | २०५४ मार्ग २६ गते रा.आ.सा. | | | |
| २२ | बाँदरका हातमा नरिवल | कथा | २०५४ भाद्र १२ गते रा.आ.सा. | | | |
| २३ | वैधको गलगाँड जउसीको छोरी राँड | | २०५४ चैत्र २० रा.आ.सा. | | | |
| २४ | स्वर्ण प्रतिक्षा | लेख | २०५४ चैत्र १४ गते रा.आ.सा. | | | राजा वीरेन्द्रको स्वर्ण जयन्तीको बारेमा लेखिएको लेख । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५ | गुराँस बुट्टे पछ्यौरी | गीत, कविता, कथा सङ्ग्रह | २०५५ वैशाख २५ गते रा.आ.सा. | | | पानमतीले दु:खले किनेको गुराँस बुट्टे पछ्यौरी ओड्न नपाई भीरबाट खसेर मृत्यु भएको दु:खान्त चित्रण |
| २६ | मेरो गोरुको बाह्रै टक्का | कथा | | | | |
| २७ | जीव सर्ने गति छ कि | कविता | २०५५ वैशाख ३० (कविता महोत्सवमा) | सजीव चित्रण | लघु | |
| २८ | महाशिवरात्री | निबन्ध | २०५५ फाल्गुण २ आइतबार आ.स.रा. | पौराणिक | | हिन्दुहरुको महानचाड महाशिवरात्रीको बारेमा विस्तृत रुप |
| २९ | लेखनाथ कविकुञ्जको वेली | लेख | २०५५ असार ५ शुक्रबार आ.स.रा. | लेखनाथको महत्त्व | | लेखनाथमा थुप्रै नव कविहरुको उदय भएकोमा खुशी व्यक्त |
| ३० | आमाको छाला तर्न तयार छोराछोरीहरू | कथा | २०५६ मंसिर ४ शनिवार आ.स.रा. | सामाजिक | | |
| ३१ | पोखराका सिद्धिचरण के गर्दै हुनुहुन्छ | लेख | २०५६ मंसिर १८ शनिवार आ.स.रा. | अनुसन्धान | | |
| ३२ | श्री ५ को सरकारले गुरुहरूको आशीर्वाद लिने भयो | लेख | २०५६ भाद्र ९ शनिवार आ.स.रा. | यात्रापरक वर्णन | | |
| ३३ | सगरमाथाको देशका कलमविरहरुले विश्व कीर्तिमान कायम गर्ने लक्षण देखाए | लेख | २०५६ फाल्गुण १ शनिवार आ.स.रा. | गौरवपूर्ण | | लेखनाथलाई साहित्यको राजधानी बनाउने उदघोष्बाट खुशी |
| ३४ | मानिस मानिसकै भयले पीडित | लेख | २०५६ फाल्गुण २३ शनिवार आ.स.रा. | | | |
| ३५ | श्रीपञ्चमी र सिद्धिदागी वरदायिनी | कथा | २०५६ माघ २७ शनिवार आ.स.रा. | पौराणिक | | |
| ३६ | दु:खले वनवासी भएकाहरुलाई धम्की लगाउनु व्यर्थ हो | लेख | २०५७ फाल्गुण २४ शनिवार आ.स.रा. | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३७ | खुकुरीको धारबाट सारङ्गीको तार | लेख | २०५७ श्रावण १३ शनिवार आ.स.रा. | | | |
| ३८ | ध्वनि प्रदुषण भएमा कसैको बोली बुझिँदैन | लेख | २०५७ असार १४ शनिवार आ.स.रा. | | | हल्ला र कोलाहल प्रदुषणले गर्दा ध्वनि सुन्न गाह्रो हुने विचार |
| ३९ | आमाको प्यारो छोरो पश्चतापको भुमरीमा | कथा | २०५७ जेठ ११ शनिवार आ.स.रा. | | | |
| ४० | बोट बिरुवाहरु आकास हेरेर आनन्द लिन्छन् | कथा | २०५७ कार्तिक ३ हटलाईन रा.दै. | | | |
| ४१ | जंगली जनावरहरु आफ्नो डा.आफै हुन् | निबन्ध | २०५७ कार्तिक १५ हटलाईन रा.दै. | अनुसन्धानमूलक | | जंगली जनावरहरुले आफ्नो घाउ आफैले चाटेर निको पार्छन् त्यसैले उनीहरु आफ्नो डाक्टर आफै हुन् भन्ने भाव |
| ४२ | कवि कलाकारका ध्वनीले पत्थर पगाल्छ | लेख | २०५७ कार्तिक १ हटलाईन रा.दै. | यथार्थपरक | | |
| ४३ | यो सृष्टिका धेरै प्राणीहरु मानिससँग गुहार भाग्छन् | लेख | २०५७ मंसिर १८ हटलाईन रा.दै. | | | |
| ४४ | दुर्व्यसन रोगथाम गर्न सबैले प्रयास गर्नुपर्छ | लेख | २०५७ मंसिर ११ हटलाईन रा.दै. | | | लागु पदार्थ दुर्व्यसनले ठूलो समस्या ल्याएकोले त्यसलाई निरुत्साही गर्न सबैको सहयोगको खाँचो रहेको सन्देश |
| ४५ | कलमविरले भोकै पनि कलम चलाइरहनु पर्छ | लेख | २०५७ मंसिर १३ हटलाईन रा.दै. | | | |
| ४६ | वनस्पतिहरुमा पनि श्रीखण्डदेखि कुकाठसम्मको अन्तर | लेख | २०५७ पुस २९ हटलाईन रा.दै. | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४७ | पोखरा तपाई आफूले आफैलाई चिन्ने प्रयास गर्नुहोस् | लेख | २०५७ असोज १७ पोखरा पत्र | | | |
| ४८ | बाठाहरुले लाटालाई जहिले पनि झुक्याउथे | लेख | २०५७ भाद्र ३० पोखरा पत्र | | | |
| ४९ | गाई हिन्दुहरुको आरध्य माई | कथा | २०५७ आश्विन १८ पोखरा पत्र | पौराणिक | | गाई प्राचीनकालदेखि हिन्दुहरुको पूजनीय जनावरमा रहेको सत्यताको चित्रण |
| ५० | कैलास राज्य भै पुर्नजन्म लिएका सैनिकहरु | कथा | २०५७ भाद्र २९ पोखरा पत्र | | | |
| ५१ | ईश्वर आफ्नो विचार कवि कवयित्री मार्फत प्रकट गराउनु हुन्छ । | लेख | २०५७ कार्तिक १७ पोखरा पत्र | यथार्थपरक | | |
| ५२ | विराट प्रतिभाले जीवनको प्रवाह गर्दैन | लेख | २०५७ कार्तिक १२ पोखरा पत्र | | | |
| ५३ | मगन्तेलाई प्रधानमन्त्री बनाइदिन सक्नेलाई चिन्नै पर्छ | कथा | २०५७ माघ ३ पोखरा पत्र | पौराणिक | | |
| ५४ | मानिसले कागलाई यमदुत भन्दै आएका छन् | कथा | २०५७ माघ ११ पोखरा पत्र | | | |
| ५५ | प्रत्यक्ष परमेश्वर अग्नि र अग्नि स्थापना | लेख | २०५७ जेठ १९ पोखरा पत्र | | | आध्यात्मवादीहरूले अग्निलाई प्रयोग गर्ने उद्देश्य भौतिकवादीहरुले प्रयोग गर्ने बीच समानता छ भन्ने विचार |
| ५६ | प्राण रक्षा गर्ने बुद्धि सिद्धिदात्रीले दिनुहुन्छ | कथा | २०५७ चैत्र १० आ.स.रा. दै. | | | एउटा पापीनी आमाले बच्चा जन्माएर जंगलमा फालेपछि गाईले देखेर दूध खसाली दिई पालेको कुरा व्यक्त । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५७ | चौताराको प्रतिष्ठा र हाम्रो हिन्दू धर्म | कथा | २०५७ जेग ३२ आ.स.रा. दै. | | | वरको फेदमा शिव, पार्वती र पिपलको फेदमा लक्ष्मीनारायणको पुजा हुन्छ भन्ने सत्य विचार |
| ५८ | जगतपिता परमेश्वर दैवलाई पनि सुख दिने मानिस | कथा | २०५७ भाद्र ६ पोखरापत्र | | | |
| ५९ | राष्ट्रिय प्रतिभा पिडामुक्त नभएसम्म राष्ट्र स्वच्छ हुँदैन | लेख | २०५७ भाद्र १ हटलाईन | | | |
| ६० | दिल छुन नसक्ने साहित्यले समाजमा परिवर्तन ल्याउँदैन | लेख | २०५७ भाद्र २४ आ.स.रा. दै. | | | |
| ६१ | जसले यो पृथ्वीमा जन्मन पठायो उसको ध्यान गर्नु कर्तव्य हो । | कथा | २०५७ भाद्र २३ आ.स.रा. दै. | | | |
| ६२ | आदर्श र लवाई खुवाइले महात्मा हुने होइन | लेख | | | | |
| ६३ | सूर्य दर्शको महत्त्व | | २०५७ जेष्ठ १६ आ.स.रा. दै. | | | बिहान सूर्यको दर्शन गर्नाले त्यसबाट प्राप्त हुने किरणले स्वास्थ्यलाई समेत राम्रो गर्छ । |
| ६४ | निन्द्रा विष्णुमाया भगवतीले रचना गर्नुभयो | कथा | २०५७ भाद्र २६ आ.स.रा. दै. | | | |
| ६५ | पवित्र विचारले जहिले पनि सम्मान पाउँछ | लेख | २०५७ असोज ११ आ.स.रा. दै. | | | |
| ६६ | श्री चक्रदेवी माई | निबन्ध | २०५७ असोज १५ आ.स.रा. दै. | | | |
| ६७ | दैवले पनि ज्यानको बदला ज्यानै लिई दिने रहेछ | लेख | २०५७ असोज ६ आ.स.रा. दै. | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६८ | जंगली काँडालाई मानिसले तिखारेका होइनन् | कथा | २०५७ वैशाख २२ नव दर्पण | | | प्रतिभाशाली व्यक्तिको सानैबाट राम्रा लक्षणहरु देखा पर्छ भन्ने भाषा |
| ६९ | ठूलाकोट भैरवनाथ एक परिचय | लेख | २०५७ चैत्र २० जनमत | | | |
| ७० | अरुका दुःख पनि आफ्नै जस्तो सम्झने गुण महापुरुषमा हुन्छ । | लेख | २०५७ कार्तिक ८ आ.स.रा. दै. | | | |
| ७१ | मृगराजको सराप टार्न खैजडीको छाला | लेख | २०५७ कार्तिक ४ आ.स.रा. दै. | | | |
| ७२ | कसैको हृदय धर्कने गरी रुवाउनु हुँदैन | लेख | २०५७ कार्तिक १० आ.स.रा. दै. | | | |
| ७३ | लक्ष्मीपूजा विश्वभरिका सबै मानव जातीले गर्नुपर्ने पूजा हो । | लेख | २०५८ वैशाख ४ जनमत | | | |
| ७४ | नेपालको कल्कीवाल (डाँफे) चराले विश्वलाई नै आश्चर्य पारेको छ । | लेख | २०५८ वैशाख २३ जनमत | | | नेपालको राष्ट्रिय चरो डाँफे चराले विश्व समुदायको ध्यान आकृष्ट गरेको विचार |
| ७५ | सिंदुर सिंदुरेको बोटमा फल्छ | लेख | २०५८ जेठ २३ जनमत | | | |
| ७६ | भेष बदलीरहने कलाकारले नाटक रमाइलो बनाउँछन् | लेख | २०५९ असोज २ पो.रा.दै. | | | |
| ७७ | अन्तरमनका वेदना कसलाई भनेर के हुन्छ | लेख | २०५९ भाद्र २८ हटलाईन | | | |
| ७८ | सुरअसुरको अनुसन्धानमा व्यस्त पत्रकारहरु | लेख | २०५९ असोज ६ हटलाईन | | | |
| ७९ | डाँफे कलात्मक तरिकाले नाच्छ | लेख | २०५९ साल भाद्र २१ जनमत | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८० | मास्सीने बेलामा कमिलको प्वाख आउँछ | लेख | | | | |
| ८१ | कर्मेष्टी महापुरुषका अगाडि कुकर्मी कुकुरहरु भुकिरहन्छन् । | | २०५९ मंसिर ४ बुधबार आ.स.दै. | | | |
| ८२ | नागरीकहरुमा उदासिन बढे राष्ट्र र राष्ट्रियता नै समाप्त हुन्छ । | | २०५९ मंसिर १२ विहिबार आ.स.दै. | | | |
| ८३ | ब्राम्हणहरु ज्यादै ईश्वरभक्त भएर पूज्यमान भएका थिए । | | २०५९ साउन १५ विहिबार हटलाईन | | | |
| ८४ | अर्काको रिस डाह गर्ने स्वभावले मानिसलाई राक्षस हुन परेको हो | | २०६० वैशाख १८ विहिबार, समाधान | | | |
| ८५ | यमराजले रैतीलाई रुवाईरुवाई शासन गर्छन् | | २०६० वैशाख ११ विहिबार जनमत | | | |
| ८६ | कलमविरहरुले रल्याइदिएका छन् दुनियाँलाई | | २०६० वैशाख ४ विहिबार जनमत | | | |
| ८७ | वर्वरताले वर्वाद पारिएको एकादेश | | २०५९ मंसिर ६ शनिबार समाधान | | | |
| ८८ | दुर्जन छ भने विद्वान् भए पनि त्यागी दिनु  पर्छ । | | २०६० वैशाख ३१ हटलाईन | | | |
| ८९ | भ्रष्टाचारी चोर, डाँडा र ज्यानमाराहरुलाई दिइने यमदण्ड | | २०६१ चेत्र २३, मंगलबार आ.स.रा.दै. | | | |
| ९० | सत्यमा चित्त लगाउनु नै आनन्दको बाटो रोज्नु हो । | | २०६१ फाल्गुण २५ आ.स.रा.दै. | | | |
| ९१ | दुःखले आत्तिएका अनुहार हेरी आफ्नो दुःख विर्सनु पर्छ । | | २०६१ फाल्गुन १६ आ.स.रा.दै. | | | |
| ९२ | ३६ घण्टे कविता महोत्सव | | २०६१ फाल्गुण १६ आ.स.रा.दै. | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९३ | कास्कीको अतिप्राचीन भैरवकाली नृत्य | | २०६१ चैत्र १३ आ.स.रा.दै. | | | कास्की जिल्ला कालिका गा.वि.स.को ठूलाकोटमा फूलपातीमा खेलिने भैरवकाली नृत्य लोप भएकोमा चिन्ता |
| ९४ | भ्रष्टाचारीहरु दानवै हुन् | | २०६२ वैशाख ४ आ.स.रा.दै. | | | |
| ९५ | ध्रुव सत्य बाल तपस्याबाट जन्मिएको हो | | २०६२ वैशाख २१ आ.स.रा.दै. | | | |
| ९६ | अन्यौल प्राणधारीहरुको दैव जेल हो | | २०६२ वैशाख २५ हटलाईन | | | |
| ९७ | हरिओम तत्सत् | | प्रकाशित हटलाईन | | | |
| ९८ | धरती काँप्दै रुन्छिन्, सर्वेश्वरी सहित | | २०६२ प्रकाशित | | | |
| ९९ | शिक्षकद्वारा विद्यार्थीमाथि दुई दुर्व्यवहार कारण, प्रकृति, असर तथा समाधान उपाय | | सानो पुस्तिकाका रुपमा प्रकाशित | | | |
| १०० | हाम्रो देश हाम्रा अतिथि | | अप्रकाशित | | | |
| १०१ | नाटकीय कथा भित्र कथा 'लौन हो नौ' | | अप्रकाशित | | | |
| १०२ | नाटकीय कथा भित्र कथा 'हे इश्वर' | | अप्रकाशित | | | |
| १०३ | माझठानाकी भगवती 'चमेली देवी' | | अप्रकाशित | | | |
| १०४ | श्री कुमारवर्ती देयचुलीमाई | | अप्रकाशित | | | |
| १०५ | हाम्रो देश हाम्रा अतिथि | | अप्रकाशित | | | |
| १०६ | पश्चिम आकाशबाट | | अप्रकाशित | | | |
| १०७ | म नजाती | | अप्रकाशित | | | |
| १०८ | ओख्ले नव चण्डीका देवी | | अप्रकाशित | | | |
| १०९ | मानिसको शत्रु | | अप्रकाशित | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११० | सिद्धान्त गौरव | | अप्रकाशित | | | |
| १११ | बाह्र हजार राजाको देश | | अप्रकाशित | | | |
| ११२ | ज्यूँउदै मारिएकाहरुको आवाज | | अप्रकाशित | | | |
| ११३ | ठूला कोटैमा | | अप्रकाशित | | | |
| ११४ | लाग्छ उराठ | | अप्रकाशित | | | |
| ११५ | आपत्ती पर्दो छ | | अप्रकाशित | | | |
| ११६ | साझा धनमा नलगाउ ज्ञान हो आगो वनमा | | अप्रकाशित | | | |
| ११७ | फूल फूलको छ | | अप्रकाशित | | | |
| ११८ | लाली गुराँस | | अप्रकाशित | | | |
| ११९ | दु:खको वेदना | | अप्रकाशित | | | |
| १२० | तेजोवध | | २०५४ कविता महोत्सव | | | |
| १२१ | प्राज्ञहरुको मर्मबाट प्राप्त कविता | | २०५५ कविता महोत्सव | | | |